
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ९ | २०७६, भदौ १-१५ | पूर्णाङ्क ६५१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | ७ | इजलास नं. १० | ५ |
| संयुक्त इजलास | १५ | इजलास नं. ११ | ४ |
| इजलास नं. १ | ३ | इजलास नं. १२ | ४ |
| इजलास नं. २ | ३ | इजलास नं. १३ | २ |
| इजलास नं. ३ | ७ | इजलास नं. १४ | १ |
| इजलास नं. ४ | ११ | इजलास नं. १६ | २ |
| इजलास नं. ५ | ६ | इजलास नं. १७ | २ |
| इजलास नं. ६ | ३ | एकल इजलास | १ |
| इजलास नं. ७ | ४ | | |
| इजलास नं. ८ | ५ | | |
| इजलास नं. ९ | १५ | जम्मा | २१ |
| जम्मा | ७९ | | |

कूल जम्मा ७९ + २१ = १००

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, भदौ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

सर्वोच्च अदलतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं । यस वर्ष वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६ पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ३** |
| १. | उत्प्रेषण / परमादेश | कैलाश नायक सुडी वि. निजामती किताबखाना, हरिहरभवन | १ |
| २. | झुट्ठा विवरणका आधारमा कर्जा लेनदेन गरी भ्रष्टाचार गरेको | मिनबहादुर जि.सी. वि. नेपाल सरकार | १ |
| **संयुक्त इजलास** | | | **३ - १२** |
| ३. | उत्प्रेषण / परमादेश | जैसीलाल यादव वि. श्री नेपाल राष्ट्रिय उच्च माध्यामिक विद्यालयसमेत | ३ |
| ४. | लिखत दर्ता बदर दर्ता | केशरीकुमारी थापा वि. प्रणय श्रेष्ठ | ४ |
| ५. | लेनदेन | श्रीमती मित्रा श्रेष्ठ वि. प्रेमबहादुर कार्की | ५ |
| ६. | उत्प्रेषण / परमादेश | दीपकुमार चौधरी वि. भूमिसुधार कार्यालय, मोरङसमेत | ६ |
| ७. | जग्गा खिचोला | भृकुटी कार्की वि. सुनिताकुमारी गैरेसमेत | ७ |
| ८. | नामसारी हाल साबिक | विजयकुमार राजवंशी वि. साइदोदेवी राजवंशी | ८ |
| ९. | राजीनामा दर्ता बदर | रमेशकुमार यादवसमेत वि. श्रीमती कौशिल्यादेवी हरिजन | ८ |
| १०. | परमादेश | मिरेन्द्रकिशोर झा वि. कार्यालय प्रमुख, मालपोत कार्यालय, सर्लाही | ९ |
| ११. | उत्प्रेषण | महेशकुमार श्रेष्ठ वि. उगा श्रेष्ठसमेत | १० |
| १२. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. लक्ष्मी राईसमेत | ११ |
| १३. | अपहरण तथा शरीर बन्धक उद्योग | नेपाल सरकार वि. गायन्द्र गौतमसमेत | ११ |
| **इजलास नं. १** | | | **१२ - १४** |
| १४. | परमादेश | शुभाषचन्द्र कुइकेल वि. जिल्ला विकास समितिको कार्यालय, खाँदबारी संखुवासभासमेत | १२ |
| १५. | परमादेश | मैती थापा वि. मोहन सिंह थापासमेत | १३ |
| १६. | परमादेश | जमुना थापा वि. बागलुङ दुग्ध सहकारी (व्यवसायी) संघ, बागलुङसमेत | १३ |
| **इजलास नं. २** | | | **१४ - १७** |
| १७. | निषेधाज्ञा | रमेशराज दाहाल वि. देवीप्रसाद आचार्यसमेत | १४ |
| १८. | उत्प्रेषण / परमादेश | श्यामप्रसाद निरौला वि. क्षत्रीय शिक्षा कार्यालय, पूर्वाञ्चल धनकुटासमेत | १५ |

| | | | |
|---|---|---|---|
| १९. | उत्प्रेषण / परमादेश | प्रियंका थापा वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रेपलाञ्चोकसमेत | १६ |
| | **इजलास नं. ३** | | **१७ - २३** |
| २०. | उत्प्रेषण | संजयकुमार यादव वि. जनता उच्च माध्यमिक विद्यालय बनौटा (महोत्तरी) समेत | १७ |
| २१. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. श्रीमती लीला तुम्बापो (अर्याल) समेत | १८ |
| २२. | निषेधाज्ञा | पिताम्बर के.सी. वि. सिनर्जी फाइनान्स लि. | १९ |
| २३. | निषेधाज्ञा / परमादेश | भिमसेनकुमार श्रेष्ठ वि. खड्गबहादुर आलेसमेत | २० |
| २४. | निषेधाज्ञा | द्वारिकाप्रसाद नेपाल वि. पाल्पा जिल्ला तानसेन नगरपालिका कार्यालय, पाल्पासमेत | २० |
| २५. | निर्णय दर्ता बदर हक कायम दर्ता | गोपीलाल महर्जनसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | २२ |
| | **इजलास नं. ४** | | **२३ - २९** |
| २६. | परमादेश | रूपबहादुर कार्की वि. मालपोत कार्यालय, दोलखासमेत | २३ |
| २७. | उत्प्रेषण | परशुराम यादव वि. लक्षण यादवसमेत | २३ |
| २८. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. आशिष लिम्बूसमेत | २४ |
| २९. | अदालतको अवहेलना | रामशंकर खड्का वि. मुख्य सचिव लिलामणी पौड्यालसमेत | २५ |
| ३०. | लुटपिट | गोवर्धनप्रसाद तेली वि. मोहर अली फकीरसमेत | २६ |
| ३१. | उत्प्रेषण / परमादेश | चोकप्रसाद भण्डारी वि. पुनरावेदन अदालत तुलसीपुर, दाङसमेत | २६ |
| ३२. | उत्प्रेषण | हरिशंकरप्रसाद यादव वि. पुनरावेदन अदालत हेटौंडा, मकवानपुरसमेत | २७ |
| ३३. | उत्प्रेषण | ललिताकुमारी पण्डित वि. उच्च अदालत, जनकपुरसमेत | २८ |
| ३४. | उत्प्रेषण / परमादेश | मानबहादुर डाँगी वि. तुलसी बुढाथोकी डाँगीसमेत | २८ |
| | **इजलास नं. ५** | | **२९ - ३३** |
| ३५. | उत्प्रेषण / परमादेश | प्रवीणता वस्ती पोदर्ल वि. विजय पोखरेलसमेत | २९ |
| ३६. | गौवध | चन्द्रबहादुर शाही वि. नेपाल सरकार | ३० |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. कृष्ण वि.क. | ३१ |
| ३८. | लेनदेन | आशाकुमारी साह वि. सुलक्षणा देवी साह | ३२ |
| | **इजलास नं. ६** | | **३३ - ३६** |
| ३९. | अदालतको अवहेलना | कुञ्जविहारी प्रसाद चौधरी वि. चन्द्रप्रकाश मैनालीसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ४०. | मिलापत्र बदर गरी हक कायम गरिपाऊँ | लालपूरा मल्लसमेत वि. नेपाल सरकार | ३४ |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देव मल्लसमेत | ३५ |
| **इजलास नं. ७** | | | ३६ - ४० |
| ४२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. फत्तेराम घर्तिमगरसमेत | ३६ |
| ४३. | अवैध काठ चोरी निकासी | नेपाल सरकार वि. पनिलाल चौधरीसमेत | ३७ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर धामी | ३८ |
| ४५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. हिक्मत तुलाचनसमेत | ३९ |
| **इजलास नं. ८** | | | ४० - ४५ |
| ४६. | बच्चा जन्माई गाडेको (कर्तव्य ज्यान) | छविमाया सार्की वि. नेपाल सरकार | ४० |
| ४७. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | गोमादेवी जोशी वि. नेपाल सरकार | ४२ |
| ४८. | बहुविवाह | नेपाल सरकार वि. अजिजु रहमानसमेत | ४३ |
| ४९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुमित्रा राई | ४४ |
| ५०. | जबरजस्ती करणी | नेपाल सरकार वि. विजयकुमार पटेल | ४४ |
| **इजलास नं. ९** | | | ४५ - ४८ |
| ५१. | अंश दर्ता | दिनेश चौधरीसमेत वि. रामचन्द्र चौधरीसमेत | ४५ |
| ५२. | सडक खिचोला घर भत्काई पाऊँ | रामदिनेश राय यादव वि. गणेश राय यादव | ४६ |
| ५३. | लिखत दर्ता बदर | यामकुमारी सारूसमेत वि. बादल श्रेष्ठसमेत | ४७ |
| ५४. | वैदेशिक रोजगार कसुर | सुमिरा बस्नेत वि. नेपाल सरकार | ४८ |
| **इजलास नं. १०** | | | ४८ - ५२ |
| ५५. | बन्दी प्रत्यक्षीकरण | श्यामबहादुर जिम्बा वि. मकवानपुर जिल्ला अदालतसमेत | ४८ |
| ५६. | उत्प्रेषण | कृष्णप्रसाद आचार्यसमेत वि. स्वास्थ्य मन्त्रालय, सिंहदरबारसमेत | ४९ |
| ५७. | जबरजस्ती करणी | प्रकाश श्रेष्ठ वि. नेपाल सरकार | ५१ |
| ५८. | जबरजस्ती करणी | सन्तबहादुर तामाङ वि. नेपाल सरकार | ५१ |
| **इजलास नं. ११** | | | ५२ - ५५ |
| ५९. | किर्ते जालसाजी | चन्द्रीकाप्रसाद कानू वि. खोखनी देवी थरूनी | ५२ |
| ६०. | लिखत बदर | जोन इ. फिट्जेराल्ड वि. चरित्रबिक्रम राणासमेत | ५३ |

| | | | |
|---|---|---|---|
| ६१. | घर जग्गा फुकुवा | जोन इ. फिट्जेराल्ड वि. सम्राट शमशेर ज.ब.रा. | ५४ |
| ६२. | उत्प्रेषण / परमादेश | गोविन्दबाबु तिवारी वि. राष्ट्रिय वाणिज्य बैंक, के.का. सिंहदरबार प्लाजा काठमाडौंसमेत | ५५ |
| **इजलास नं. १२** | | | **५६ - ५९** |
| ६३. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. फडिन्द्रबहादुर खत्री क्षेत्री | ५६ |
| ६४. | जग्गा खिचोला चलन | कमलवती साहसमेत वि. सुजानी देवी | ५७ |
| ६५. | सार्वजनिक डगर खिचोला घर उठाई चलन | अषिश साह तेलीसमेत वि. टेकबहादुर दर्जी परियार | ५७ |
| ६६. | लागु औषध खैरो हेरोइन | तार तामाङ वि. नेपाल सरकार | ५८ |
| **इजलास नं. १३** | | | **५९ - ६१** |
| ६७. | उत्प्रेषण | छत्रबहादुर ठकुल्ला वि. लोक सेवा आयोग, अनामनगरसमेत | ५९ |
| ६८. | साझा निर्माण गरेको फलामे गेट भत्काइ पाउँ | सम्झना प्रेमी वि. विश्वराम सुवालसमेत | ६० |
| **इजलास नं. १४** | | | **६१ - ६२** |
| ६९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजाराम तिवारी | ६१ |
| **इजलास नं. १६** | | | **६२ - ६५** |
| ७०. | भ्रष्टाचार | नेपाल सरकार वि. रमेश राजलवटसमेत | ६२ |
| ७१. | उत्प्रेषण | डा. चन्द्रकान्त ज्ञवालीसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ६४ |
| **इजलास नं. १७** | | | **६६ - ६७** |
| ७२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सुवास कार्की | ६६ |
| ७३. | वैदेशिक रोजगार ठगी | भालु शेर्पा वि. नेपाल सरकार | ६६ |
| **एकल इजलास** | | | **६७ - ६८** |
| ७४. | उत्प्रेषण | ऋषिकेश गौली वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारसमेत | ६७ |

## पूर्ण इजलास

१

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७५-WF-०००१, उत्प्रेषण / परमादेश, *कैलाश नायक सुडी वि. निजामती किताबखाना, हरिहरभवन*

निवेदकले सेवा प्रवेश गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र तथा वैयक्तिक विवरण (सिटरोल) मा उल्लेख भएको जन्ममिति नै निजले प्राप्त गरेको नागरिकतामा समेत उल्लेख भएको अवस्था छ। यसरी निवेदकको नागरिकतामा जन्ममिति २०१८।४।१४ उल्लेख भई निजको शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता र सिटरोलमा रहेको जन्ममितिमा समेत एकरूपता देखिएको अवस्थामा सोही जन्ममितिलाई आधार मानी निजको उमेर गणना गरिनुपर्ने देखिने।

मिति २०३४।३।२७ मा जारी भएको वर्ष मात्र उल्लेख भएको भनिएको नागरिकताको पुष्टि हुने प्रकृतिको प्रमाण विपक्षीबाट उपलब्ध हुन नसकेको र विपक्षीले उल्लेख गरेअनुसारको नागरिकता हाल अस्तित्वमा रहेको नदेखिएको स्थितिमा केबल विपक्षीको कथनका आधारमा मात्र प्रामाणिक रूपमा मान्यता प्रदान गर्न सकिने अवस्था नरहने। निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति, नागरिकतामा किटिएको जन्ममिति र सिटरोलमा उल्लिखित जन्ममितिबिच एकरूपता रहेको अवस्थामा उक्त प्रमाणहरूलाई आधार नलिई अप्रमाणित विषयलाई आधार मानी निवेदकको उमेर गणना गरेको निजामती किताबखानाको निर्णय तथा पत्रलाई कानूनसम्मत मान्न सकिने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याएको यस अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको रायसँग सहमत हुन नसकिने।

तसर्थ, निवेदकको जन्ममिति २०१८।४।१४ भन्ने तथ्यमा एकरूपता रहेको देखिँदा सोविपरीत निवेदकको जन्ममिति २०१७।३।२७ कायम गरी मिति २०७५।३।२७ देखि अनिवार्य अवकाश दिने भन्ने विपक्षी निजामती किताबखानाको मिति २०७४।६।१ को पत्र एवम् मिति २०७४।९।११ को निर्णय तथा पत्रसमेत उल्लिखित आधार कारणहरूबाट कानूनअनुकूल नदेखिँदा सो कामकारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी शैक्षिक योग्यता, नागरिकता र सिटरोलसमेतमा निवेदकको जन्ममिति २०१८।४।१४ भनी उल्लेख भएको हुँदा सोही आधारमा उमेर गणना गरी निवेदकलाई ५८ वर्ष अर्थात् मिति २०७६।०४।१३ सम्म यथावत् रूपमा कामकाज गर्न दिनू भनी विपक्षीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्‍याएको माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारीको राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७५ साल चैत २८ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे, मा.न्या.श्री पुरुषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७५-NF-०००४ र ०७५-NF-०००४, झुट्टा विवरणका आधारमा कर्जा लेनदेन गरी भ्रष्टाचार गरेको, *मिनबहादुर जि.सी. वि. नेपाल सरकार र गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*

कुनै राष्ट्रसेवकले बदनियत चिताई आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्‍याउनेजस्ता कार्य गर्न निषेध गरेको छ। कसैले बदनियत चिताई गरेको कार्यको परिणामस्वरूप आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ र तत्तत् निकायलाई हानि नोक्सानी पुगेमा मात्र उल्लिखित

दफाबमोजिम सजाय हुन सक्ने देखिन्छ । तर उल्लिखित सजाय हुन कुनै राष्ट्रसेवकले सार्वजनिक संस्था वा नेपाल सरकारलाई आर्थिक हानि पुऱ्याई आफूले लाभ लिएको देखिनु पर्ने ।

पुनरावेदक प्रतिवादीहरूले बदनियत चिताई ऋणीलाई प्रवाह गरेको कर्जा बैंकलाई समयमा नै भुक्तानी नभएको कारण बैंकलाई हानि नोक्सानी पुगेको हो, होइन भन्ने प्रश्नतर्फ विचार गर्दा कृषि विकास बैंक कानूनबमोजिम गठन भएको सार्वजनिक निकाय हो । कानूनबमोजिम गठन भएको निकायले कानूनबमोजिम गरेको कार्य परिणामस्वरूप उत्पन्न भएको विवाद सम्बन्धित कानूनबमोजिम निरूपण हुन वाञ्छनीय हुन्छ । कृषि विकास बैंकले ऋण माग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्न नपाउने व्यवस्था पनि देखिँदैन । कृषि विकास बैंक आफैँले ऋण प्रवाह गर्दा अवलम्बन गर्नुपर्ने कुरा व्यवस्थित गर्न र तदनुरूप कार्यान्वयन गर्न वाणिज्य कर्जा कार्यविधि, २०५० जारी गरेको देखिने ।

कर्जा समितिको निर्णयअनुसार ऋणी प्रतिवादीले कर्जा लिएर समयमा नै कर्जा भुक्तानी नगरेको कारण आरोपपत्रमा उल्लेख भएअनुसार कृषि विकास बैंकलाई हानि नोक्सानी भई ऋणी र यी प्रतिवादीलाई समेत फाइदा भएको भनी वादी नेपाल सरकारले यी पुनरावेदक प्रतिवादीसमेत, जग्गाको चारकिल्ला प्रमाणित गर्ने गा.वि.स. का सचिव र जग्गाको ट्रेस नक्सा प्रमाणित गर्ने नापी कार्यालयका कर्मचारीउपर विशेष अदालतमा आरोपपत्र पेस भएकोमा विशेष अदालतले जग्गाको ट्रेस नक्सा प्रमाणित, चारकिल्ला प्रमाणित गर्ने गा.वि.स. सचिव र नापी कार्यालयका कर्मचारीलाई सफाइ दिएको देखिन्छ । त्यसउपर वादी नेपाल सरकारले पुनरावेदन नगरी उक्त फैसलालाई स्वीकार गरेको देखिने ।

बैंकसँग लिखत गरी कर्जा लिने व्यक्तिले बैंकबाट प्रवाह भएको रकमको साँवा ब्याज बुझाउनु पर्दछ । त्यो उसको बैकसँग गरेको कबुलियतनामाद्वारा सिर्जित दायित्व हो । बैंकबाट प्रवाह भएको रकम ऋणीबाट असुलउपर नभएमा कर्जा प्रवाह गर्ने क्रममा राखिएको धितोबाट बैंकले असुलउपर गर्न सक्ने नै देखिने । ऋणीले कर्जा तिरेन र धितोबाट पनि असुलउपर भएन भने प्रवाह भएको कर्जा बराबरको रकम बैंकलाई हानि नोक्सानी हुने हो । ऋण असुलउपर नभएमा अन्तिम अवस्थामा कर्जा प्रवाह गर्ने क्रममा धितो मूल्याङ्कन गर्ने र कर्जा समितिका राष्ट्रसेवकले बदनियत चिताएर कार्य गरेका थिए थिएनन् भनेर हेर्न सकिन्छ र हेर्नु पनि पर्दछ । यस विवादमा पुनरावेदकसमेतले प्रवाह गरेको ऋण ऋणी प्रतिवादीबाट लामो समयसम्म असुलउपर नभएको कारण यी पुनरावेदक प्रतिवादीको कार्य बदनियतपूर्ण भएको भन्ने आधारमा पुनरावेदक प्रतिवादी विशेष अदालत र यस अदालतको संयुक्त इजलासको फैसलाबाट कसुरदार भएको देखिने ।

बैंकले ऋण प्रवाह गर्दा ऋणीसँग कर्जा तिर्ने सर्त र सीमा राखी कबुलियत गरेको देखिन्छ । कबुलियतनामामा राखिएका सर्तअनुसार ऋणीले कर्जा नतिरेमा धितो जग्गा लिलाम गरी पुगेसम्मको कर्जा उठाउनु पर्दछ । लिलाम गर्दा पूरै कर्जा चुक्ता नभए ऋणीको अन्य सम्पत्तिबाट पनि असुलउपर गर्न सकिने देखिन्छ । तर वादी नेपाल सरकारले ऋणीले लिएको ऋण चुक्ता गर्न धितो लिलाम गर्ने प्रक्रिया अवलम्बन नगर्दै मुद्दा दायर गरेको देखिने ।

ऋणीलाई कर्जा प्रवाह हुँदा जग्गाको चारकिल्ला प्रमाणित गर्ने, नापी नक्सा र ब्लुप्रिन्ट उपलब्ध गराउने कर्मचारीसमेतको संलग्नता देखाई ऐनको दफा ९ बमोजिम सजाय हुन माग दाबी भएकोमा ती कर्मचारीलाई विशेष अदालतले सफाइ दिएउपर वादी नेपाल सरकारले पुनरावेदन नगरेको एउटा अवस्था र ऋणीले बैंकबाट प्रवाह भएको कर्जा भुक्तानी भइसकेको अर्को अवस्था देखिएकोसमेतका आधार र कारणबाट यस अदालतको संयुक्त इजलासको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अतः उल्लेख गरिएको तथ्य, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको रोहमा यस अदालतको संयुक्त इजलासले पुनरावेदक प्रतिवादीलाई मिति २०६८।७।१ मा कसुरदार ठहर गरेको फैसला मिलेको नदेखिँदा पुनरावेदक प्रतिवादी गोविन्दप्रसाद जोशी र मिनबहादुर जि.सी. को हकमा सम्म उल्टी भई पुनरावेदक प्रतिवादीहरूले न्यायको रोहमा आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल पुस ५ गते रोज ५ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-NF-०००३ र ०७५-NF-००११, झुठ्ठा विवरणका आधारमा कर्जा लेनदेन गरी भ्रष्टाचार गरेको, *मिनबहादुर जि.सी. वि. नेपाल सरकार र गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*
- ०७५-NF-०००५ र ०७५-NF-०००९, भ्रष्टाचार, *मिनबहादुर जि.सी. वि. नेपाल सरकार र गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*
- ०७५-NF-०००६, भ्रष्टाचार, *गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*
- ०७५-NF-०००७, भ्रष्टाचार, *गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*
- ०७५-NF-००१०, भ्रष्टाचार, *गोविन्दप्रसाद जोशी वि. नेपाल सरकार*

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका,** ०६९-CI-०९७७, उत्प्रेषण / परमादेश, *जैसीलाल यादव वि. श्री नेपाल राष्ट्रिय उच्च माध्यामिक विद्यालयसमेत*

प्रस्तुत विवादमा पुनरावेदकले प्रत्यर्थी विद्यालयको मिति २०६४।४।१७ को निर्णयले पोखरी ठेक्का पाएअनुसार विद्यालय व्यवस्थापन समिति र पुनरावेदकबिच मिति २०६४।४।२४ मा ठेक्का सझौता भएको देखिन्छ । उक्त सम्झौतामा विभिन्न सर्तहरू राखिएको पनि देखिन्छ। ठेक्का पाएको पोखरी भोगचलन गर्ने गराउने, रकम विद्यालयको खातामा जम्मा गर्नेलगायतका कार्य प्रत्यर्थी विद्यालयको हो भने धरौटी रकम, प्रथम किस्ताबापतको रकम तिर्ने बुझाउने दायित्व स्वभावतः पुनरावेदकको हो । पुनरावेदकले पाएको ठेक्काको प्रकृति हेर्दा दुवै पक्षको आपसी सहमतिमा सम्झौतामा उल्लिखित कार्य सम्पन्न हुने देखिन्छ । करारमा उल्लेख भएका सम्पन्न हुनुपर्ने कार्य करार वा सम्झौतामा उल्लेख भएअनुसार नै हुने हो । करार वा सम्झौता उल्लङ्घन गर्नेउपर अर्को पक्षले कानूनी उपचार खोज्न नपाउने होइन । यस विवादमा करार वा सम्झौता प्रत्यर्थी विद्यालयले पालना नगरेको अवस्थामा यी पुनरावेदकले कानूनी उपचार खोज्न नपाउने होइन । करार वा सम्झौताबमोजिम कार्य नभएको हकमा रिट क्षेत्रबाट अदालत प्रवेश गर्न मिल्दैन। यो करारीय दायित्वबाट सिर्जित विवाद भएको हुँदा रिट क्षेत्रबाट न्याय निरूपण हुन सक्ने नदेखिने।

प्रत्यर्थी विद्यालयको लिखित जवाफमा मिति २०६४।६।२ पछि विद्यालय व्यवस्थापन समिति गठन नभएको भन्ने उल्लेख भएकोमा विद्यालयबाट प्राप्त भएको विद्यालय व्यवस्थापन समितिको सक्कल निर्णय पुस्तिका हेर्दा विद्यालय व्यवस्थापन समितिको मिति २०६३।१।२४, ऐ. २८, ऐ. ३१, मिति २०६३।२।५, मिति २०६३।५।१२, ऐ. मिति २०६३।६।१८, मिति २०६३।७।२६, मिति २०६३।८।१७, मिति २०६३।९।२०, मिति २०६४।१।८, मिति २०६४।२।४, ऐ. ८, १९, मिति २०६४।३।४, ऐ. २५, ऐ. ३०, मिति २०६४।४।१४,

ऐ. १७ र मिति २०६४।६।२ गतेसम्म बैठक बसेको देखिन्छ । पुनरावेदकले तदर्थ समितिको अर्को निर्णय पुस्तिका छ, त्यो निर्णय पुस्तिकामा आफूले पेस गरेको मिति २०६७।१२।१९ को निर्णय भएको छ, पुनरावेदन अदालतले त्यो निर्णय पुस्तिका झिकाएको छैन भनी जिकिर गरे पनि जिल्ला शिक्षा कार्यालयको मिति २०६९।९।१२ को पत्रबाट विद्यालय व्यवस्थापन समिति गठन भएको देखिँदैन। आधिकारिक निकायबाट नै विद्यालय व्यवस्थापन समिति गठन नभएको भन्ने जवाफ प्राप्त भएको अवस्थामा विद्यालयमा अर्को निर्णय पुस्तिका छ, त्यो निर्णय पुस्तिका झिकाउनु पर्दछ भन्ने पुनरावेदन जिकिरले मान्यता पाउन सक्दैन । यसरी विद्यालयले पठाएको विद्यालय व्यवस्थापन समितिको निर्णय पुस्तिकामा मिति २०६४।६।२ भन्दा पछि बसेको नदेखिएको अवस्थाले प्रत्यर्थी विद्यालयको लिखित जवाफ बेहोरा समर्थित भएको देखिने।

यसरी प्रत्यर्थी विद्यालयमा साबिकमा गठित विद्यालय व्यवस्थापन समितिको मिति २०६४।६।२ म्याद समाप्त भएपश्चात् अर्को विद्यालय व्यवस्थापन समितिको गठन भएको नदेखिएको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पुनरावेदकलाई २५ प्रतिशत थप रकम दिने गरी मिति २०६७।१२।१९ मा निर्णय भएको भनी पेस गरेको प्रतिलिपिले आधिकारिकता प्राप्त गर्नसक्ने अवस्था नदेखिँदा दाबीको मिति २०६९।३।१८, च.नं. ५३ को पत्र बदर गरिरहन पर्ने देखिएन । यस्तो अवस्थामा पुनरावेदन अदालत हेटौंडाले उक्त मिति २०६७।१२।१९ को निर्णयको प्रतिलिपि निर्विवाद नरहेको भन्ने आधारमा रिट निवेदन खारेज गरेको फैसला अन्यथा देखिएन । अतः विवेचित आधार र कारणबाट पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।३।१० को आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०७३५, लिखत दर्ता बदर दर्ता, *केशरीकुमारी थापा वि. प्रणय श्रेष्ठ*

पुनरावेदन अदालतको फैसलामा प्रतिवादी बुद्धिबहादुर थापाका श्रीमती, छोरा र छोरी तथा आमा पुनरावेदिका वादीको हकमा एउटै कानूनी व्यवस्था कसरी लागू हुने भन्ने सम्बन्धमा कुनै विवेचना भएको देखिँदैन । एकासगोलका आमा छोराको बिचमा बन्डा लाग्ने सगोलको विवादित जग्गा प्रतिवादी छोराले बिक्री गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. समेत बमोजिम पुनरावेदिका आमाको मन्जुरी र सहमति लिएको देखिनु अनिवार्य हुन्छ भने बुद्धिबहादुर थापाका श्रीमती, छोरा र छोरीको मन्जुरी र सहमति नभए पनि अंशबन्डाको महलको १९ नं. को देहाय २ बमोजिम बिक्री व्यवहार गरेको कार्य सदर हुन्छ । अंशबन्डाको महलको १९ नं. को देहाय २ बुद्धिबहादुर थापाका श्रीमती, छोरा र छोरीको हकमा जसरी आमा पुनरावेदिका वादीको हकमा समान रूपमा लागू गर्न मिल्दैन । किनभने अंशबन्डाको महलको १९ नं. को देहाय २ नितान्त आफ्नो पालामा आफ्नो निजी ज्ञान वा सीप वा प्रयाससमेतबाट आर्जन गरेको वा प्राप्त गरेको चल अचल सबै सम्पत्ति आर्जन गर्नेको एक श्रीमती, निजपट्टिको छोरा एकासगोलकी छोरी भएकाले वा निजहरू मरेको अवस्थामा आफूखुस गर्न पाउने।

सम्पत्ति आफूखुस गर्दा कुनै पनि रूपमा प्रश्न उठ्नु हुँदैन । प्रश्न उठेर अदालतबाट न्याय निरूपण गर्दा गरिएको व्यवहार कानूनसम्मत हुनुपर्दछ । प्रतिवादी बुद्धिबहादुर थापाले विवादित जग्गा बिक्री गरेको कार्यलाई प्रश्न उठाई पुनरावेदिका वादी अदालत, प्रवेश गरेपछि तहतह अदालतबाट फैसला भई यस अदालतसम्म विवाद आएको छ । एकै प्रश्नमा सुरू र पुनरावेदन अदालतले फरकफरक कानूनको प्रयोग गर्नुले पनि पुनरावेदिका वादीले उठाएको प्रश्नले महत्त्व

राखेको देखियो । कुनै पनि विवादमा समावेश भएका तथ्यअनुसारको कानून प्रयोग भएमा सही न्याय सम्पादन भएको मानिन्छ । तथ्यअनुसारको कानून प्रयोग नभएमा स्वाभाविक रूपमा न्याय प्रभावित हुन्छ । पुनरावेदिका वादीले उठाएको यस प्रश्नमा सुरू अदालतले प्रमाण ऐन, २०३१ को दफा ६(क) आकर्षित हुने भनी विवेचना गरेकोमा पुनरावेदन अदालतले सो दफा किन आकर्षित हुने नहुने सम्बन्धमा कुनै विवेचना नगरी वादी दाबी नपुग्ने ठहर गरेको पाइयो । तथ्यहरूको पहिचानबाट यस विवादमा उक्त दफा ६(क), लेनदेन व्यवहारको १० नं. र अंशबन्डाको महलको १८ तथा १९ समेत आकर्षित हुने देखिएको छ । यस्तो अवस्थामा पुनरावेदन अदालतले अंशबन्डाको महलको १९ नं. को देहाय २ को आधारमा समेत वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला मिलेको नदेखिने ।

अतः पुनरावेदन अदालत पाटनको मिति २०७०।३।१६ को फैसला माथिका प्रकरण प्रकरणमा गरिएका तथ्यगत विवेचना, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा मिलेको नदेखिँदा उल्टी भई सुरू अदालतले मिति २०६८।९।२० मा वादी दाबी पुग्ने ठहर गरेको फैसला सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०७३६, लिखत दर्ता बदर दर्ता, *केशरीकुमारी थापा वि. सुनिता श्रेष्ठ*
- ०७०-CI-१५०८, जालसाजी, *केशरीकुमारी थापा वि. बुद्धिबहादुर थापा*
- ०७०-CI-१५०९, जालसाजी, *केशरीकुमारी थापा वि. बुद्धिबहादुर थापा*

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-००७८, लेनदेन, *श्रीमती मित्रा श्रेष्ठ वि. प्रेमबहादुर कार्की*

सुरू अदालतको मिति २०६७।९।४ को आदेशअनुसार प्रत्यर्थी वादीले पेस गरेको मिति २०५६।१०।२४ को लिखत परीक्षण गर्ने आदेश गरेअनुरूप उक्त लिखत यस अदालतका विशेषज्ञबाट परीक्षण भई परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ । विवादको विषयमा उक्त परीक्षण प्रतिवेदन अवलोकन गर्दा मिति २०५६।१०।२४ को लिखतमा परेको सहिछाप, ल्याप्चे र अक्षर पुनरावेदिका प्रतिवादीको अदालतबाट लिएको नमूना सहिछापमा समेतमा र विवादित लिखतमा परेको कारणीको सहिछापमा लेखन गुण, आकृति र रेखाका गुणहरू आपसमा भिडी मिलेको भन्ने बेहोरा भएको देखिन्छ । मिति २०५६।१०।२४ को लिखतमा परेको सहिछाप आफ्नो हो भनी पुनरावेदिका प्रतिवादीले प्रतिउत्तरपत्र, अ.बं.७८ नं. बमोजिम गरेको बयान, पुनरावेदन अदालत र यस अदालतमा गरेको पुनरावेदनमा स्वीकार गरेको देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार विवादित लिखत प्रत्यर्थी वादीले किर्ते गरी बनाएको कुराको प्रमाण पुऱ्याउने भार यी पुनरावेदिका प्रतिवादीमा निहित रहेको छ । पुनरावेदिका प्रतिवादीले लिखत किर्ते भन्ने जिकिर गरेको भए पनि वादीले लिखत किर्ते गरेको प्रमाण पुऱ्याउन सकेको देखिँदैन । सुरू र पुनरावेदन अदालतले परीक्षण प्रतिवेदनसमेतका आधारलाई प्रमाणमा ग्रहण गरी फैसला गरेको देखिन्छ । ती आधारलाई खण्डन हुने प्रमाण पुनरावेदिका प्रतिवादीले खण्डन गर्न सकेको पाइँदैन । केबल पुनरावेदन पत्रमा पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को

त्रुटि भनेर मात्र पुग्दैन । अदालतले मुद्दाको तथ्य र पक्षको व्यवहार पनि हेर्नुपर्ने हुन्छ । उक्त ऐनको दफा २३ को उपदफा (७) अनुसार लिखत परीक्षण गरी राय दिने विशेषज्ञले राय समर्थन गरी गरेको बकपत्र प्रमाणमा लिनु पर्ने हुन्छ । त्यसैअनुसार यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको भए पनि विशेषज्ञले विवादित लिखतमा परेको ल्याप्चे, सहिछाप र अक्षर कारणीको नमुना सहिछापसँग आपसमा मिले भिडेको भनी दिएको रायअनुसार नै पुनरावेदिका प्रतिवादीले लिखतमा लागेको सहिछाप र ल्याप्चे आफ्नो भनी स्वीकार गरेको देखिँदा लिखत परीक्षण गर्ने विशेषज्ञको बकपत्र गराई फैसला गर्नुपर्ने अवस्था नदेखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न प्रदान भएको निस्सा आदेशसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने ।

अतः उल्लिखित आधार एवम् कारणबाट पुनरावेदिका प्रतिवादीबाट प्रत्यर्थी वादीले साँवा रू.३,००,०००।- र सोको ब्याज रू.३,००,०००।- गरी जम्मा रू.६,००,०००।- भराई लिन पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।६।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-००८६२, उत्प्रेषण / परमादेश, *दीपकुमार चौधरी वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

पुनरावेदन अदालतले रिट निवेदन खारेज गर्दा अनुचित विलम्बको सिद्धान्त अवलम्बन गरेको देखिन्छ । अनुचित विलम्बको सिद्धान्त (Doctrine of laches) ले आफ्नो विरूद्ध कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयको जानकारी पाएको वा सो जानकारी निजले स्वाभाविक रूपले पाउने पर्याप्त आधार देखिएको अवस्थामा समयमा नै त्यस्तो निकाय वा पदाधिकारीले गरेको निर्णय बदर गराउन माग नगरी ढिला गरी माग गर्न नपाइने मान्यता राख्छ । अनुचित विलम्बको सिद्धान्तले समन्यायलाई पराजित गर्ने अर्को न्यायको महत्त्वपूर्ण सिद्धान्त हो । न्याय समयमा नै माग गर्नुपर्छ । व्यावहारिक निश्चितता प्रदान गर्न, प्रमाण फेरबदल, लोप हुन नदिन र सम्बन्धित व्यक्तिलाई अनन्तकालसम्म मुद्दा मामिला गरी राख्नु पर्ने जोखिमबाट मुक्त राख्न अनुचित विलम्बको सिद्धान्त प्रतिपादन भएको देखिन्छ । मुद्दा मामिलामा हदम्यादको सिद्धान्तलाई कठोर रूपमा लिइन्छ भने रिट निवेदनमा अनुचित विलम्बको सिद्धान्तलाई अवलम्बन गरिने ।

कुनै पनि निकाय वा अधिकारीले गरेको गलत निर्णय वा आदेश वा कामकारबाहीबाट असर पर्‍यो भन्ने व्यक्तिले आफ्नो हक अधिकारको खोजीमा समयमा नै न्यायिक उपचार नखोजेमा त्यस्तो हक अधिकारको खोजी नगर्नेलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने कुरा अनुचित विलम्बको सिद्धान्तले अवलम्बन गर्ने ।

मोहीका कान्छा छोराले विपक्षी भूमिसुधार कार्यालय, मोरङमा मिति २०३७।७।२६ को निर्णयको प्रतिलिपि पाउन मिति २०४७।१०।२ मा निवेदन दिई कोवीलाल माझीको नामको विवादित जग्गाको मोही लगत कट्टा भएको निर्णयको प्रतिलिपि लिएको देखिन्छ । यसरी मोहीका छोराले आफैँले मोही लगत कट्टा भएको निर्णयको प्रतिलिपि लिएर पनि तत्काल सो निर्णय बदर गराउन कुनै कानूनी उपचार नखोजी निर्णयको प्रतिलिपि लिएको २३ वर्षपछि सो निर्णय बदर माग गरी निवेदक अदालत प्रवेश गरेको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक र निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले यस विवादमा प्राकृतिक न्यायको सिद्धान्त आकर्षित हुन्छ । अनुचित विलम्बको सिद्धान्त आकर्षित हुँदैन भनी गर्नुभएको बहस जिकिर सम्बन्धमा विचार गर्दा के कुन कारणले यस विवादमा अनुचित विलम्बको

सिद्धान्त आकर्षित हुँदैन भन्ने देखाउन सकेको नपाइँदा पुनरावेदकका कानून व्यवसायीले यस विवादमा अनुचित विलम्बको सिद्धान्त आकर्षित हुँदैन भनी गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदन अदालत विराटनगरले मिति २०७१।१।८ मा पुनरावेदकले दायर गरेको रिट निवेदन अनुचित विलम्बको सिद्धान्तको आधारमा खारेज हुने ठहर गरेको आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CI-०८६३, उत्प्रेषण / परमादेश, *दीपकुमार चौधरी वि. भूमिसुधार कार्यालय, मोरङसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-०७०५, जग्गा खिचोला, *भृकुटी कार्की वि. सुनिताकुमारी गैरेसमेत*

पुनरावेदन अदालतको फैसलाले प्रत्यर्थी प्रतिवादीहरूले पुनरावेदिका वादीको जग्गा खिचोला गरेको होइन भनी ठहर गरेको देखिँदैन । वादीको फिराद दाबीबमोजिम वादीको जग्गा खिचोला भएको हो, होइन भन्ने सम्बन्धमा पुनरावेदन अदालतको आदेशले नक्सा मुचुल्का, साबिक सर्भे नापी नक्सा, नापी कार्यालयबाट नक्सा ट्रेस लिई नाप नक्सा नभएकोले जग्गाको भोगचलन, धनगढी-डडेल्धुरा राजमार्गको साबिकको नाप, क्षेत्रफलसमेतका कुराहरू नखुलेको कारण पुनरावेदन अदालतले साबिकको सर्वे नक्सा, ट्रेसअनुसार भोगचलन, क्षेत्रफल उक्त राजमार्गको साबिक नाप, क्षेत्रफल, हाल सो राजमार्ग बढाउँदा राजमार्गमा विवादित जग्गाबाट साबिकभन्दा बढी कति नाप र क्षेत्रफल परेको, पुनरावेदिका वादी र प्रतिवादीहरूको जग्गाको बिचको नाला कस्तो अवस्था छ भन्ने सम्बन्धमा साबिक र हालको राजमार्गको नापसहित नक्सा ट्रेस झिकाई अ.बं. १७१ नं. बमोजिम नाप नक्सा गरी न्याय निरूपण गर्नु भन्ने बेहोराले मिसिल कैलाली जिल्ला अदालत पठाएको देखिने।

मुद्दामा प्रमाणहरू बुझ्ने कुरामा मुद्दाका पक्षले विवाद गर्नुपर्ने हुँदैन। अदालतले प्रमाण बुझेर नै फैसला गर्ने हो। पुनरावेदन अदालतको फैसलाले मुद्दा अन्तिम भएको अवस्था होइन । केबल पुन: नाप नक्सा गरी न्याय निरूपण गर्ने उल्लेख भएको छ । पुनरावेदिका वादीले ४ पटक भएका नक्सा मुचुल्का आपसमा मिले भिडेको र ती नक्सा मुचुल्का प्रतिवादीहरूले स्वीकार गरेको जिकिर गरे पनि धनगढी-डडेल्धुरा राजमार्गको साबिक र हालको क्षेत्रफल, जग्गाको भोगचलन, वादी र प्रतिवादीहरूको जग्गाहरूको बिचमा भएका नाला (कुलो) हरूको अवस्था स्पष्ट खुल्न सकेको देखिँदैन । पुनरावेदिका वादीले फिरादमा नै आफ्नो जग्गाको पूर्व-दक्षिणतर्फ नेपाली सेनाको ब्यारेकछेउ र पश्चिमतर्फ रहेको कुलो (नाला) पनि प्रतिवादीहरूले माटो भरी संकेत मेटाई खिचोला गरेको उल्लेख गरेको अवस्थामा अदालतले सो कुलो (नाला) प्रतिवादीहरूले माटो भरी संकेत मेटाई खिचोला गरे नगरेको भन्नलाई पनि साबिक सर्वे नक्सा र ट्रेस नक्सा भिडाई भएको नक्सा मुचुल्का आवश्यक पर्ने।

यसरी पुनरावेदिका वादीले फिरादमा उठाएका विषयलाई नै न्यायिक रूपमा सम्बोधन गर्न सुरू अदालतको मिति २०७१।३।२४ को फैसला पुनरावेदन अदालत दिपायलले बदर गरी अ.बं.१७१ नं. अनुसार नाप नक्सा गरी न्याय निरूपण गर्न मिसिल कैलाली जिल्ला अदालत, पठाउने गरी गरेको ठहर फैसलाले पुनरावेदिका वादीको न्याय पाउने हक समाप्त भएको नहुँदासमेत पुनरावेदन अदालत दिपायलको फैसला अन्यथा नदेखिने।

अतः पुनरावेदन अदालत दिपायल

डोटीले सुरू अदालतको फैसला बदर गरेको मिति २०७३।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः भीमबहादुर निरौला
इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-११३२, नामसारी हाल साबिक, *विजयकुमार राजवंशी वि. साइदोदेवी राजवंशी*

प्रस्तुत मुद्दामा वादी तथा प्रतिवादीले आमाको नाममा रहेको जग्गामा दाबी लिएको देखिन्छ । पुनरावेदन अदालत विराटनगरको आदेशबमोजिम भएको स्थानीय सर्जमिन मुचुल्कामा मृतक भालोसरी राजवंशीलाई जीवनकालमा प्रत्यर्थी प्रतिवादी साइदोदेवीले पालनपोषण, हेरचाह गरेको र मृत्यु पनि साइदोदेवीको घरमा भएको उल्लेख भएको देखिन्छ। यस मुद्दामा वादीले हकदारको हैसियतले र प्रतिवादीले अपुतालीको हैसियतले जग्गा आआफ्नो नाममा नामसारी गरिपाउन माग गरेको देखिन्छ । तर यस विवादमा तेरो मेरोको प्रश्न उपस्थित भएको देखियो। विवादमा हक बेहकको प्रश्न समावेश भएको देखिएमा पक्षहरूले अदालतबाट हक कायम गराई ल्याउनु पर्ने न्यायिक मान्यता रही आएको छ। त्यस कुरालाई यस्तै विवादमा समावेश भएको मुद्दामा यस अदालतबाट ०५४ सालको दे.पु.नं. ४१४५, दिलबहादुर विरूद्ध सुकुमाया भएको उत्प्रेषणको रिट निवेदनमा मिति २०५८।१।१२ मा पक्षहरूको निवेदन र प्रतिउत्तर पत्रसमेतबाट हक बेहकको प्रश्न उपस्थित भएपछि अदालतबाट हक बेहक छुट्याई ल्याउनु भनी मालपोत कार्यालयले पक्ष विपक्षीलाई सुनाई दिनु पर्छ" भन्ने र पूर्ण इजलासबाट कोषराज उपाध्याय विरूद्ध शरणलाल श्रेष्ठ (*ने.का.प.* २०३३, अङ्क १, निर्णय नं. ९८३) भएको उत्प्रेषणयुक्त रिट निवेदनमा पनि हकबेहक कायम गराई ल्याउने गरी निणर्य गर्न उपयुक्त हुने र आफ्नो हकमा हक कायम गरी लिन पाउने भएकै हुँदा त्यस्तो निर्णयबाट कसैको हकमा आघात पारेको समेत नदेखिने भन्नेसमेत बेहोराले प्रतिपादन भएको सिद्धान्तले समर्थन गरेको देखिएको र सोहीअनुरूप विवादमा तेरो मेरोको प्रश्न समावेश भएको देखिँदासमेतका आधार र कारणबाट पुनरावेदन अदालत विराटनगरको मिति २०७२।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-१६२०, राजीनामा दर्ता बदर, *रमेशकुमार यादवसमेत वि. श्रीमती कौशिल्यादेवी हरिजन*

पुनरावेदिका वादीले आफ्ना छोरा छोरीसमेतको संरक्षक भई श्रीमान् दुधकुमार यादव र निजका बुबा, आमा, दाजुसमेतलाई प्रतिवादी बनाई कपिलवस्तु जिल्ला अदालत, संवत् २०६८ सालको दे.नं.१०८९ नं. को अंश मुद्दा दायर गरेको देखिन्छ। उक्त मुद्दाको फैसला हेर्दा वादीका श्रीमान् प्रतिवादी दुधकुमारहरूबिच मूल ७ अंशियार कायम भई ७ भागको १ भाग दुधकुमारले अंश पाउने र सो १ भागलाई ६ भाग गरी ५ भाग पुनरावेदिका वादीहरूले अंश पाउने ठहर भएको देखिन्छ। साथै फैसलाको तपसिल खण्डमा ठहर खण्डमा उल्लेख भएअनुसार कि.नं. ७८० को जग्गा पनि बन्डा लाग्ने उल्लेख भएको देखियो। यसरी विवादित कि.नं. ७८० को जग्गा पनि अंश मुद्दाका वादी प्रतिवादीबिच बन्डा लाग्ने ठहर भएको अवस्थामा उक्त जग्गा मिति २०६९।८।२४ गते दुधकुमारले बेचनप्रसाद वारीलाई र बेचनप्रसाद वारीले मिति २०६९।१०।२१ गते प्रत्यर्थी प्रतिवादीलाई बिक्रीको माध्यमले एकासगोलको अंशियारको मन्जुरी

र सहमति नलिई हक हस्तान्तरण गरेको कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिने।

प्रस्तुत विवादमा कि.नं.७८० को जग्गा दुधकुमार यादवले आफ्नो जिम्मामा रहेको भनी अंश मुद्दामा तायदाती फाँटवारी पेस गरेको देखिन्छ। निज दुधकुमार जिम्माको उक्त जग्गा अंश मुद्दामा ७ भाग लाग्ने गरी फैसला भएको छ। अन्तिम भएको अंश मुद्दाले ७ भाग लाग्ने ठहर गरिसकेको अवस्थामा अब अंश मुद्दाको पुनरावेदन हेरेसरह गरी त्यस फैसलालाई प्रतिकूल असर पर्ने गरी फैसला गर्न स्थापित न्यायिक सिद्धान्तले मिल्दैन। वादी आफैँले माथि उल्लेख भएअनुसार अंश मुद्दाको फैसलाले मूल ७ अंशियार कायम गरेको फैसला स्वीकार गरेको देखिन्छ। यसरी अंश मुद्दाले विवादित जग्गासमेत बन्डा लाग्ने ठहर गरेको अवस्थामा सोही जग्गा बिक्री भएमा दाबीबमोजिम दाबीकर्ताको हकमा सम्म लिखत बदर हुने न्यायिक अभ्यास रहेको देखिन्छ। पुनरावेदिका वादीले ०६९-CP-०५१० को मुद्दाको फैसलाबमोजिम सुरू अदालतको फैसला सदर हुनुपर्ने जिकिर गरेको देखिन्छ। उक्त राजीनामा दर्ता बदरतर्फ कायम मुद्दामा उक्त कि.नं.७८० को जग्गा दुधकुमार यादवले आफूखुस गर्न पाउने उल्लेख भए पनि अंश मुद्दामा ७ भागबाट १ भाग दुधकुमारले पाउने र सो १ भागबाट ६ भाग लगाई वादीहरूले ५ भाग पाउने ठहर भएको र सोही जग्गाबाट समेत वादीहरूले अंश पाउने देखिएकोसमेतका आधार र कारणबाट पुनरावेदन अदालत बुटवलले मिति २०६९।८।२४ मा वेचनप्रसाद वारीको नाममा र मिति २०६९।१०।२१ मा प्रत्यर्थी प्रतिवादी कौशिल्या देवी हरिजनको नाममा तहतह पारित लिखतमध्ये ७ भागको १ भागमध्येबाट ६ भागको ५ भाग लिखत र सोबमोजिम भएको दर्तासम्म बदर हुने ठहर गरेको फैसला अन्यथा नदेखिने।

अतः माथिका प्रकरण प्रकरणमा गरिएका तथ्यगत विवेचनासमेतको आधारमा पुनरावेदन अदालत बुटवलको मिति २०७३।३।५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०८०५, परमादेश, *मिरेन्द्रकिशोर झा वि. कार्यालय प्रमुख, मालपोत कार्यालय, सर्लाही*

निवेदकले उल्लेख गरेको जग्गा विद्यालयकै भए नापीका अवस्थामा दर्ता हुन छुट भएको भए पनि नापीले जग्गा नापजाँच गरी सूचना प्रकाशित गरेको निर्दिष्ट समयावधिभित्र निवेदकले उजुरीको निवेदन लिएको नदेखिएको, फिल्डबुकमा पर्ती भनी लेखिएको र सरकारी जग्गामा प्रतिकूल भोगाधिकार प्राप्त हुने अवस्था पनि नदेखिएको तथा जग्गाधनी महल खाली रहेको जग्गालाई विद्यालयको जग्गा हो भनी सर्वे नापी भएको ४५ वर्षपछि विलम्ब गरी प्रस्तुत निवेदन लिई अदालत प्रवेश गरेको देखिने।

निवेदकले निवेदनमा उल्लेख गरेको जग्गा निवेदकले नै भोग गरेको देखिएको अवस्थामा समेत पर्ती देखिई सरकारी जनिएको जग्गालाई साबिक दर्ता प्रमाणसमेतका कागजात पेस गरी आफ्नो नाउँमा दर्ता वा सरकारी दर्ता भएकोमा दर्ता बदर गर्नुपर्ने हुन्छ। निवेदकले साबिक प्रमाण देखाई छुट जग्गा दर्ता नगरेको अवस्थामा साबिक दर्ता तिरो प्रमाण पेस नगरी वा कानूनबमोजिम भोगाधिकार प्राप्तसमेत केही नगरी केबल प्रस्तुत निवेदन दाबी लिएकै भरमा कुनै निकायले सिफारिस गरिदिनु पर्ने कानूनी आधार देखिँदैन। साथै साबिक दर्ता तिरोको प्रमाण कागजात नगरी त्यस्तो सिफारिस भए तापनि छुट दर्ता हुन सक्ने कानूनी आधार के हो भनी प्रस्तुत निवेदनमा खुलेको देखिएन। परमादेश सार्वजनिक अधिकारीले आफूलाई तोकिएको कानूनी कर्तव्य पूरा नगरेमा वा पूरा गर्न इन्कार गरेमा जारी हुने हो तर प्रस्तुत निवेदनमा निवेदकको नाउँमा दर्ता गरिदिनु भनी गा.वि.स.ले सिफारिस गर्नै पर्ने

बाध्यकारी कानूनी आधार अवस्था के हो नखुलाई सोको अभावमा दाबीको आधारमा मात्र परमादेशको आदेश जारी हुनसक्ने अवस्था नहुने।

विद्यालयको स्वामित्व पुष्टाइँ हुने गरी दाबीको जग्गा निवेदकको देखिने साबिक दर्ता तिरो प्रमाणको अभाव रहेको र सरकारी जग्गा भनी विद्यालयले अस्वीकार गरिरहेको भए पनि दाबीको जग्गा पर्ती देखिएको अवस्थामा कानूनबमोजिम स्वामित्व वा भोगाधिकार विद्यालयले प्राप्त गरेको नदेखिएबाट निवेदकलाई प्रत्यर्थीले सिफारिस दिनु पर्ने कानूनी व्यवस्थाको अभावमा आदेश जारी हुनसक्ने अवस्था नै देखिएन । अर्कोतर्फ साबिक दर्ता तिरो भए प्रमाणसहित आएमा दाबीको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएकोमा दर्ता बदरतर्फ र छुट जग्गा दर्तासम्बन्धमा निवेदकले अन्य कानूनी बाटो समाई आउन सक्ने नै हुँदा वैकल्पिक कानूनी उपचारसमेत सुरक्षित नै देखिन्छ। साधारण क्षेत्राधिकारबाट उपचार प्राप्त गर्न सक्ने वा प्रमाणको विवेचना गरी निर्णय गर्नुपर्ने कुनै विषयमा रिट क्षेत्राधिकार आकर्षित नहुने तथा निवेदकले उल्लेख गरेको जग्गा निवेदकको हो भन्ने प्रमाण कागजातको अभावमा केवल निवेदन दाबी लिएकै भरमा मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने।

तसर्थ निवेदन दाबीबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।११।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

९

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. डम्बरबहादुर शाही,** ०६९-WO-०००३, उत्प्रेषण, *महेशकुमार श्रेष्ठ वि. उषा श्रेष्ठसमेत*

नेटकाजीको पेटको उपचार गर्न कि.नं.५८६ को जग्गा फुकुवा भएको भन्ने निवेदन बेहोरा देखिई रहेबाट निज नेटकाजीको उपचारसमेत नियमित खर्च कार्यमा उषा श्रेष्ठले असहयोग गरेको भन्नेसमेत देखिन आउँदैन । निवेदक नेटकाजीको हितको लागि विपक्षी जिल्ला प्रशासनसमेतले पूर्ण रूपमा असहयोग गरेको वा हितविपरीत कार्य गरेको भन्ने पनि मिसिल संलग्न कागजातबाट देखिँदैन। निवेदक नेटकाजी श्रेष्ठ हालको अवस्थामा बाँकी रहेको घरजग्गा भोगचलन तथा निजको संरक्षकत्व सम्बन्धमा निर्णय हुनुपूर्व निजलाई कसले पालेको हो, निज लाटोको संरक्षक को हुने हो भन्नेसमेतका निवेदक महेशकुमार श्रेष्ठ र विपक्षी उषा श्रेष्ठले एकापसमा विवाद उठाइरहेको अवस्था नेटकाजीको संरक्षक महेशकुमार श्रेष्ठ हुन् वा विपक्ष उषा श्रेष्ठ हुन् भन्ने यकिन नभई विवादित रहेको अवस्था देखिन्छ। संरक्षकको विवादसम्बन्धी विषयमा कानूनबमोजिम साधारण क्षेत्राधिकारबाटै निरूपण हुनुपर्ने देखिएकोले असाधारण क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने देखिएन । साधारण क्षेत्राधिकारअन्तर्गत सुरू अदालतबाटै कानूनी उपचार माग गरी संरक्षक सम्बन्धमा उचित निकासा लिनु पर्ने देखिएकोले यी निवेदक वा अन्य व्यक्ति संरक्षक कायम हुँदाको अवस्थामा पनि निज बक्क लाटो नेटकाजीको अधिकत्तम हित हुने गरी बक्क लाटोको सम्पत्ति संरक्षण, उपभोग र त्यसको व्यवस्थापन गर्नुपर्ने कर्तव्य हुन आउने।

तसर्थ बक्क लाटोको संरक्षक को हुने भन्ने विवादित प्रश्नको निर्णय साधारण क्षेत्राधिकारबाटै हुनेमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न नमिल्ने भई संरक्षकको टुङ्गो नलागी हालको अवस्थामा निवेदन दाबीबमोजिम संरक्षकको हैसियतले एकलौटी रूपमा बक्क लाटो व्यक्तिको रोक्का राखिएको घरजग्गा सम्पत्ति फुकुवा गर्न नमिल्ने भई प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।

**१०**

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-०१२०, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. लक्ष्मी राईसमेत*

प्रतिवादी भक्तबहादुर श्रीसको घर कोठाबाट १० ग्राम लागु औषध बरामद भएको अवस्थामा त्यसलाई केबल सेवनको लागि मात्र खरिद, ओसारपसार वा सञ्चय गरी राखेको हो भन्न मिल्दैन । बरामद भएको लागु औषधको परिमाणले सेवनसम्म गर्ने प्रयोजनका लागि खरिद गरेको हो वा ओसारपसार र सञ्चयसमेत गरेको हो भन्ने प्रस्टसँग छुट्ट्याउने हुँदा त्यसमा प्रस्ट हुन जरूरी हुन्छ । लागु औषधको ओसारपसार र सञ्चय हुनु आफैँमा कसुर हो । लागु औषधको सेवन सञ्चयको भिन्नता भनेको सेवन गर्ने परिमाण र सेवन गरिरहँदाको अवस्थामा बरामद भएको परिमाण नै हो । १० ग्राम लागु औषध घरकोठाबाट बरामद हुनु र त्यसको सञ्चय प्रतिवादीबाट हुनुलाई सेवन मात्रको कसुर हो भन्ने अर्थ गर्न मिल्दैन । सेवन नै भए पनि ठुलो मात्रा (१० ग्राम) मा बरामद भएबाट सञ्चय हुन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ ले लागु औषधको सेवन र सञ्चयलाई अलगअलग कसुरको रूपमा परिभाषित गरी अलगअलग सजायको व्यवस्था गरेको देखिँदा प्रतिवादी भक्तबहादुर श्रीसलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) र (छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(१) बमोजिम कैद वर्ष ५ र जरिवाना ५ हजार ठहर गर्नुपर्नेमा सो नगरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६६।८।१८ को फैसलालाई नै सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६७।१०।१९ को फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

अर्को प्रतिवादी राधिका गुरूङ भन्ने लक्ष्मी राईलाई सफाइ दिएको मिलेन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा निजबाट लागु औषध बरामद भएको देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा लागु औषध खरिद गरी बिक्री गर्ने गरेको भनी कसुरमा साबित भए पनि अदालत बयान गर्दा इन्कार रही बयान गरेको देखियो । प्रतिवादीको इन्कारी बयानलाई पुष्टि गर्दै निजका साक्षीले बकपत्र गरेको देखियो । यी प्रतिवादी कसुरदार हुन भन्ने पुष्टि हुने स्वतन्त्र प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिँदा यी प्रतिवादी कसुरदार भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी भक्तबहादुर श्रीसलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय गरेको हदसम्म सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।१०।१९ गते भएको फैसला केही उल्टी भई प्रतिवादी भक्तबहादुर श्रीसलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) र (छ) को कसुरमा ऐ. ऐनको दफा १४ को खण्ड (१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।- जरिवाना हुने ठहर्छ । प्रतिवादी राधिका भन्ने लक्ष्मी राईलाई सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

११

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-०८८८, अपहरण तथा शरीर बन्धक उद्योग, *नेपाल सरकार वि. गायन्द्र गौतमसमेत*

प्रतिवादीहरूबाट बरामद भएको रू.७५,०००।– बाहेक अभियोग दाबीमा उल्लिखित

रू.४,००,०००।– (चार लाख) प्रतिवादीहरूले फिरौती लिएको पुष्टि हुन नसकेकोमा बरामद बिगोसम्म जाहेरवालाले भरिपाउने ठहर भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी गायन्द्र गौतमले अपहरण गर्ने उद्योग गरेको भन्ने तथ्यलाई प्रमाणबाट समर्थित हुन नसकी तथ्य र प्रमाणको संयोजन नभएको र निर्दोषिताको अनुमानलाई दोष सिद्ध गर्नेले प्रमाण पुऱ्याउन पर्नेमा वादी पक्षबाट सो पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादी गायन्द्र गौतमलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत सुर्खेतबाट भएको मिति २०७०।३।२३ को फैसला मिलेकै देखिने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-००३५, परमादेश, *शुभाषचन्द्र कुइकेल वि. जिल्ला विकास समितिको कार्यालय, खाँदबारी संखुवासभासमेत*

तालुक निकायको नीति एवम् पत्राचार बेहोरालाई अन्यथा भनी पुनरावेदनमा निवेदकले जिकिर लिन सकेको देखिँदैन । साथै निवेदकले आफू कार्यरत जि.वि.स. को तर्फको अधिकृत स्तर छैठौं तहबाट स्थानान्तरण हुन चाहेको प्रशासन अनुदानतर्फको पद संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत भएको प्रमाण पेस गर्न सकेको अवस्था पनि छैन। सुरू मिसिल संलग्न स्थानीय विकास मन्त्रालयको च.नं.१८५ मिति २०६२।४।२ को परिपत्रमा यस मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र स्थानीय निकायमा पदपूर्ति गर्नुपर्ने भन्ने बेहोरा उल्लेख भएको एवम् संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ३७८५ मिति २०७०।३।२८ को निर्देशनसमेतमा निवेदकले उल्लेख गरेको दरबन्दी स्वीकृत भएको नपाइने।

तालुक निकाय मन्त्रालयको अनुदानमा खर्च बेहोर्ने गरी कर्मचारी नियुक्ति गर्न, पहिले जि.वि.स. को स्रोतबाट खर्च व्यय हुने गरी नियुक्ति भएका निवेदकजस्ता कर्मचारीलाई मन्त्रालयको अनुदानतर्फ रूपान्तरण गर्न पनि मन्त्रालयको सहमति र स्वीकृतिबिना गर्न नमिल्ने भन्ने नै देखिन आउने।

निवेदकले अधिकारको रूपमा प्रचलन गराई पाउन दाबी गरेको पद नै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत नभएको अवस्था हुँदा उक्त पदमा निवेदकको कानूनी हक सिर्जना भइसकेको मान्न मिलेन । तालुक निकायको सहमति चाहिने विषयमा उक्त निकायले सहमति प्रदान नगरेको अवस्थामा पनि कार्यान्वयन गर्नुपर्छ भनी विपक्षीहरूलाई आदेश दिनु अधिकार र कर्तव्यसम्बन्धी विधिशास्त्रीय मान्यताको प्रतिकूल हुन जाने।

निवेदक अधिकृत स्तर छैठौं तहमा स्थायी रूपमा कार्यरत रहिरहेको र निजले स्थानान्तरण हुन चाहेको पदसमेत सोही बराबरको भएको अवस्थामा परिषद्को अपरिपक्क निर्णयबमोजिम निजलाई स्थानान्तरण नगर्दा पदीय मर्यादा तथा आर्थिक रूपमा समेत निजलाई मर्का पर्ने अवस्था देखिँदैन । पुनरावेदकले दाबी गरेको मन्त्रालयको अनुदानतर्फको पदमा रूपान्तरण हुनका लागि मन्त्रालयबाट दरबन्दी स्वीकृत हुनुपर्नेमा सो भएको नपाइँदा पुनरावेदक निवेदकको मागबमोजिमको आदेश जारी नहुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको देखिन नआउने।

तसर्थ, विवेचित आधार प्रमाणबाट निवेदन

खारेज हुने गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०७२।१२।१८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-०३७६, परमादेश, *मैती थापा वि. मोहन सिंह थापासमेत*

आफ्नै सहमतिमा जाहेरी दर्ता नभएउपर परमादेशको आदेश माग गरी पुनरावेदिका पुनरावेदन अदालत बागलुङ्मा गएको पाइयो । यही वारदातमा प्रतिवादीउपर केही सार्वजनिक अपराध मुद्दा जिल्ला प्रशासन कार्यालय, म्याग्दीमा विचाराधीन रहेको र एउटै कसुरमा दोहोरो सजाय गर्न नमिल्ने भनी निवेदन खारेज गर्ने पुनरावेदन अदालतबाट आदेश भएउपर प्रस्तुत पुनरावेदन पर्न आएको पाइने।

निवेदक पुनरावेदिका मैती थापाले केही सार्वजनिक अपराध मुद्दा जिल्ला प्रहरी कार्यालयमा दिई सोमा अनुसन्धान पूरा भई मुद्दा जिल्ला प्रशासन कार्यालयमा कारबाहीयुक्त अवस्थामा रहेको स्थितिमा सोही वारदातका विषयमा मुद्दाको रूप र परिणाम विचार गरी ज्यान मार्ने उद्योग र अङ्गभङ्ग मुद्दाको जाहेरी हुलाकमार्फत दिएको देखिन आयो। एक पटक केही सार्वजनिक अपराध मुद्दा दायर भई कारबाहीयुक्त अवस्थामा हुँदाहुँदै पुनः सोही विषयमा अर्को मुद्दा दायर गर्नु वा चलाउनु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) विपरीत हुन जाने देखिने।

पुनरावेदिका मैती थापाले जिल्ला प्रहरी कार्यालय, म्याग्दीमा हुलाकबाट पठाएको जाहेरी सनाखत गर्दा उपचार खर्च धेरै भएको कारण निवेदन पठाएको हो । उपचार खर्च प्राप्त हुने भएमा जाहेरी दर्ता नगरिदिनु हुन भनी मिति २०७३।२।५ मा आफ्नै सहोदर बहिनीको रोहबरमा कागज गरिदिएको पाइन्छ। तल्लो निकायमा विचाराधीन मुद्दाका विषयमा के कसरी कस्तो फैसला गर्ने भन्ने सम्बन्धमा माथिल्लो तहबाट बोल्न मिल्ने नहुने।

तल्लो निकायबाट भएको फैसलाउपर पुनरावेदन गर्ने अधिकार पुनरावेदिकामा रहेको नै स्थिति छ । प्रस्तुत वारदातका विषयमा साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दा दर्ता भई विपक्षी जिल्ला प्रशासन कार्यालयमा विचाराधीन रहेको अवस्थामा सोही विषयमा उही प्रतिवादीउपर ज्यान मार्ने उद्योग र अङ्गभङ्गको जाहेरी दर्ता गरी कारबाही चलाउनु संविधान र कानूनविपरीत हुने हुँदा निवेदिकाको मागबमोजिमको आदेश जारी नहुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको देखिन नआउने।

तसर्थ, विवेचित आधार प्रमाणबाट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७३।३।१४ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-०४९६, परमादेश, *जमुना थापा वि. बागलुङ दुग्ध सहकारी (व्यवसायी) संघ, बागलुङसमेत*

दुग्ध पदार्थको सहज बिक्री वितरण गर्नका लागि स्थानीय उत्पादकहरूले सहकारी स्थापना गरेका हुन्छन्। खरिद मूल्य र बिक्री मूल्यमा न्यायोचित अन्तर होस् । बढीभन्दा बढी उत्पादक किसानको हित होस भन्ने उद्देश्य यस्ता संस्थाको रहेको हुन्छ। स्थानीय समुदायको राजनीतिक प्रतिनिधि रहने निकाय

नगरपालिकाले संस्थाले बिक्री वितरण गरेको दुग्धजन्य पदार्थको गुणस्तर र मूल्य सम्बन्धमा कुनै गुनासो छैन भनी लिखित जवाफमा उल्लेख गरेको पाइने।

नियमन अनुगमन गर्ने कार्य आफ्नो भएको र विपक्षी दुग्ध उत्पादक व्यवसायी संघबाट भएको मूल्य वृद्धि सम्बन्धमा आफूकहाँ कसैले पनि सिकायत नगरेको र संस्थाले मूल्य वृद्धि सम्बन्धमा पत्रपत्रिकामा सूचना प्रकाशित गरी पारदर्शी कारोबार गरेको छ । अहिलेसम्म कुनै पनि उत्पादन कर्ता र उपभोक्ताबाट गुनासो उजुरी नपरेको, परेमा कानूनबमोजिम कारबाही गर्ने प्रतिबद्धता विपक्षी जिल्ला प्रशासन कार्यालयले लिखित जवाफमा व्यक्त गरेको पाइने।

निवेदिका जमुना थापाले प्रति लिटर १० रूपयाँ मूल्य वृद्धि भएको भनी दाबी लिएपनि उत्पादकबाट यो यस्तो दरमा किनी यो यस्तो कानूनले तोकेभन्दा बढी मुनाफा राखी मूल्य वृद्धि गरेको भन्नेसमेतका कुनै वस्तुगत आधार कारण उल्लेख गरी निवेदनमा दाबी गर्न सकेको पाइँदैन। विपक्षीबाट मिति २०७२।११।२२ मा दुग्ध पदार्थको मूल्य समायोजन गरी लागू गरिसकेको अवस्था छ। प्रस्तुत परमादेशको निवेदनबाट मूल्य वृद्धिको निर्णय बदर हुन सक्ने स्थिति भएन। पुनः मूल्य बढाउने आशंका निवेदनबाट नदेखिने।

निवेदनमा कुन कानूनअन्तर्गतको के कस्तो अधिकारमा विपक्षीको निर्णयले असर गरेको हो ? र दुग्ध जन्य पदार्थको उत्पादन लागत के कति हुनुपर्ने हो, बिक्री मूल्य के कति हुनुपर्ने भन्ने स्पष्ट रूपमा दाबी पनि नरहेको एवम् कृत्रिम मूल्यवृद्धि भए गरेमा कानूनबमोजिम कारबाही गर्ने अधिकार पाएको साधिकार निकाय स्थानीय जनप्रतिनिधि संस्था नगरपालिका र विपक्षी जिल्ला प्रशासन कार्यालयले निरन्तर अनुगमन निरीक्षण गरी त्यस्तो पाएमा कारबाही गरिने प्रतिबद्धतासमेत लिखित जवाफमा व्यक्त गरेको हुँदा विपक्षीबाट निवेदकको के कस्तो अधिकारमा असर पर्न गएको हो भन्ने स्पष्ट दाबीको अभाव रहेको देखिन्छ। दाबीको सत्यतामा नै प्रश्न खडा भएको स्थिति हुँदा निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालतको आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिने।

तसर्थ, विवेचित आधार प्रमाणबाट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७३।३।७ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-०५६८, निषेधाज्ञा, *रमेशराज दाहाल वि. देवीप्रसाद आचार्यसमेत*

पुनरावेदक रमेशराज दाहालले गन्ध नआउने गरी कुखुरा पाल्ने सर्तमा जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मिति २०६७।१२।२१ गते प्रत्यर्थी गिता गुरूङ, लोकबहादुर कुँवरसमेतले दिएको निवेदनमा मिलापत्र भएको र सोहीबमोजिम दुर्गन्ध नआउने गरी EM स्प्रे औषधी प्रयोग गरी आएको भन्ने जिकिर लिएबाट यी पुनरावेदकले आफ्नो नाम दर्ताको जग्गामा कुखुरा पालन व्यवसाय गर्दै आएको भन्नेमा विवाद नदेखिने।

मिसिल संलग्न प्रमाण कागजहरूबाट उक्त कुखुरा पालनलाई व्यवस्थित गर्नको लागि पुनरावेदक रमेशराज दाहालले मिति २०६८।४।६ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दाहाल पोल्ट्री फार्म नामको कम्पनी दर्ता गरेको देखिन्छ । औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३ मा "कसैले यस ऐनबमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा

गराउन हुँदैन" भनी उल्लेख गरेको छ । उक्त कानूनी व्यवस्थाबमोजिम पुनरावेदकले सम्बन्धित निकायबाट कानूनअनुसार लिनुपर्ने अनुमति लिएर मात्र कम्पनीको उद्देश्यअनुसार उद्योग सञ्चालन गर्नुपर्नेमा घरेलु तथा साना उद्योग कार्यालयको मिति २०६८।३।१६, च.नं. १३६६ को पत्रबाट उक्त कार्यालयमा निजले उद्योग दर्ता गरी कुखुरा पालन व्यवसायको लागि अनुमति लिएको भन्ने नदेखिने।

स्वच्छ वातावरणमा बाँच्न पाउने व्यक्तिको नैसर्गिक हक हो। जनस्वास्थ्यमा असर पुग्ने गरी कोही कसैले कार्य गरेमा त्यसलाई नियन्त्रण गर्ने अधिकार राज्यशक्तिमा रहेको हुन्छ । नागरिकले आफ्नो पेसा व्यवसाय सञ्चालन गर्न पाउने अधिकारको प्रयोग गर्दा अन्य व्यक्ति वा समुदायलाई अपूरणीय क्षति पुग्ने तरिकाले कार्य गर्न मिल्दैन । आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारमा आघात पर्ने गरी कार्य गर्न कानूनले कसैलाई छुट दिएको हुँदैन । कुनै पनि पेसा व्यवसाय गर्दा त्यसको उचित प्रक्रिया पूरा गरी मापदण्डअनुसार सञ्चालन गर्नुपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने।

प्रस्तुत मुद्दामा बहसको क्रममा यी पुनरावेदकतर्फबाट उपस्थित कानून व्यवसायीले हाल उक्त स्थानमा कुखुरा पालन उद्योग सञ्चालन नरही सो स्थानमा खेती सञ्चालन भइरहेको भन्ने जिकिर लिएको देखिन्छ। सो भनाइलाई प्रत्यर्थीतर्फबाट पनि समर्थित गरेको देखिँदा प्रस्तुत पुनरावेदनलाई खण्डन गर्नुपर्ने अवस्था नदेखिने।

पुनरावेदक रमेशराज दाहालले यसै लगाउको मुद्दा नं. ०६९-CI-०५६९ मा दिएको पुनरावेदनमा आज यसै इजलासबाट निवेदकहरूलगायत सम्पूर्ण टोल छिमेकीलाई प्रतिकूल असर पार्ने, दुर्गन्ध फैलाउनेसमेत गरी कुखुरा पालन उद्योग सञ्चालन नगर्नू नगराउनू भनी दाहाल पोल्ट्री फार्म प्रा.लि. का सञ्चालक रमेशराज दाहालको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको आदेश सदर गर्ने गरी फैसला भएको हुँदा उक्त मुद्दा र प्रस्तुत मुद्दाको विषय एउटै भई अन्तरप्रभावी भएकोले लगाउको उक्त मुद्दामा विवेचित आधार कारणको आधारमा प्रस्तुत मुद्दामा खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।११ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०६८९, उत्प्रेषण / परमादेश, *श्यामप्रसाद निरौला वि. क्षेत्रीय शिक्षा कार्यालय, पूर्वाञ्चल धनकुटासमेत*

मिसिल संलग्न कागजातहरूबाट शिक्षक अभिभावक संघको कार्यकारी समितिको निर्वाचन भई उक्त समितिको लागि निर्वाचित भएका उम्मेदवारहरूको मिति २०७१।३।३२ मा सूचना प्रकाशित भएको देखिन्छ। उक्त निर्वाचित समितिले हालसम्म विभिन्न कार्यसमेत सम्पादन गरिसकेको देखिन्छ। शिक्षा ऐन, २०२८ को दफा १२(६) ट तथा शिक्षा नियमावली, २०५९ को नियम ३०(१) मा शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने भनी उल्लेख गरेको पाइन्छ । ऐ. नियमावली को नियम ३०(३) मा शिक्षक-अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि २ वर्षको रहनेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार नै विपक्षी विद्यालयमा शिक्षक अभिभावक संघ गठन भएको पाइयो । यसैगरी सो कानूनी व्यवस्थामा उल्लेख भएबमोजिम विवादित संघको अवधि व्यतित भई हाल उक्त संघको अस्तित्व नै विद्यमान नरहेको देखिँदा उक्त समितिलाई उत्प्रेषणद्वारा बदर गरिरहन नपर्ने।

निवेदकले शिक्षक अभिभावक संघको कार्यकारी समिति गठनसम्बन्धी कार्यविधि, २०७० को नियम "३.२.ग मा विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एक महिलासहित २ जना सदस्य रहने, ३.घ मा सदस्यको लागि स्थनीय निकायको प्रतिनिधि रहने, ३.ङ. मा विद्यालयको सहायक प्रधानाध्यापक सदस्य सचिव रहने, ४.क. मा अध्यक्षको लागि योग्यता एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने, ७(७) मा बैठकमा विद्यालयको तहगत इन्चार्ज र स.प्र.अ. लाई आमन्त्रित सदस्यको रूपमा बोलाइनेछ र ९(१) मा संघको विघटन" सम्बन्धी व्यवस्थाहरू शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ विपरीत रहेको भन्ने जिकिर लिएको देखिने।

शिक्षक अभिभावक संघको कार्यकारी समिति गठनसम्बन्धी कार्यविधि, २०७० ले शिक्षा नियमावलीले व्यवस्था नगरेको अध्यक्षको लागि योग्यता जस्तो व्यवस्थासमेत गरेको देखियो। शिक्षा ऐन तथा नियमावलीले व्यवस्था नगरेको विषयमा अध्यक्षको शैक्षिक योग्यता तोकेको हदसम्म शिक्षक अभिभावक संघको कार्यकारी समिति गठनसम्बन्धी कार्यविधि, २०७० को दफा ४(क) को व्यवस्था कानूनअनुरूप भएको नपाइएकोले सो हदसम्म उक्त कार्यविधिको दफा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

शिक्षक अभिभावक संघको कार्य समिति गठन कार्यविधि, २०७० बनाइएको सन्दर्भमा विचार गर्दा अन्य विद्यालयले पनि त्यसरी कार्यविधि बनाई आफ्नो खुसीले योग्यता अयोग्यतासमेत बारे व्यवस्था गरेमा एकरूपता नरही फरकपना देखिने अवस्था रहन्छ। फरक फरक विद्यालयको कार्यविधि फरक रहेमा प्रभावकारिता नआउनका साथै एकरूपतासमेत नरहने हुँदा कार्यविधि बनाउँदा एकरूपताको लागि समेटिन मिल्ने विषय समावेश गर्ने गरी नमूना कार्यविधि तयार गरी सम्बन्धित सम्पूर्ण सरोकारवालालाई जानकारी गराउने सम्बन्धमा शिक्षा मन्त्रालयले आवश्यक पहल गर्नु गराउनुहोला भनी निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-१३५०, उत्प्रेषण / परमादेश, *प्रियंका थापा वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रेपलाञ्चोकसमेत*

विपक्षी विश्वविद्यालयले निवेदिकालाई एम.बी.बी.एस. कार्यक्रममा भर्नाको लागि योग्यता परीक्षण गर्न सञ्चालित प्रवेश परीक्षामा उत्तीर्ण गराई आफ्नो सम्बन्धनप्राप्त विपक्षी मेडिकल कलेजमा भर्ना हुँदाको बखतसम्म पनि निवेदिकाको योग्यतामा कुनै प्रश्न उठाएको देखिँदैन। विपक्षीहरूले आफ्नो आचरण र व्यवहारबाट निवेदिकालाई योग्य ठहऱ्याई कलेजमा भर्ना लिई केही सत्र अध्ययनसमेत गराइसकेपछि निजको भर्नासम्बन्धी योग्यतामा प्रश्न उठाई रजिस्ट्रेसन गर्न इन्कार गर्नु विवेकसम्मत नदेखिने।

विपक्षी काठमाडौं विश्वविद्यालय र नेपाल मेडिकल कलेजले समुचित ध्यान नपुऱ्याउँदा निवेदिकाले वैध अपेक्षा (Legitimate Expectation) का साथ विपक्षी कलेजमा लाग्ने शुल्क तिरी भर्ना भई आफ्नो जीवनका २ वर्ष अध्ययनमा व्यतित गरिसकेकोमा त्यसपछि निजलाई रजिस्ट्रेसन नगरी अध्ययन गर्नबाट वञ्चित गर्दा निजलाई पर्न जाने आर्थिक र मानसिक पीडाप्रति संवेदनशील हुनुपर्नेतर्फ सम्बन्धित सबै सचेत हुनुपर्ने अवस्था रहेको देखिने।

विपक्षी विश्वविद्यालयबाट प्रकाशन गरेको सूचनाबमोजिम निवेदिकाले दर्खास्त दिई शैक्षिक योग्यतालगायतका सर्त सम्बन्धित विश्वविद्यालयबाट परीक्षण गरिसकेपछि प्रवेश परीक्षासमेत उत्तीर्ण भई २ वर्षसम्म अध्ययनमा सहभागी भइसकेको र सम्बन्धित कलेजबाट निजको शैक्षिक प्रगति विवरण सन्तोषजनक रहेको भनी लिखित जवाफमै

खुलाएको अवस्थामा अन्यथा कारण देखाई निज रिट निवेदिकालाई रजिस्ट्रेसन नम्बर नदिने गरी भएको विपक्षी विश्वविद्यालयको कार्य न्यायसङ्गत नदेखिने।

रिट क्षेत्रबाट "Equity Justice" प्रदान गर्ने गरिएकोले रिटको उल्लिखित सिद्धान्तबमोजिम रिट निवेदिकाको हकमा ढिला गरी रजिस्ट्रेसन नम्बर अस्वीकार गर्ने भनी विपक्षी विश्वविद्यालयको REF. NO. ११।३२।०७३।०७४, २४ मे २०१७ को पत्र र सोसँग सम्बन्धित कामकारबाही, निर्णय पत्र, टिप्पणी आदेशसमेतका सम्पूर्ण कामकारबाही न्यायोचित र विवेकसम्मत नभएकोले उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ। अब रिट निवेदिका प्रियंका थापालाई कानूनबमोजिम रजिस्ट्रेसन गरी परीक्षाफल प्रकाशित गर्नु गराउनु, निवेदिकाको शिक्षा हासिल गर्ने कार्यमा कुनै बाधा अड्चन नगर्नु नगराउनु, अन्य विद्यार्थीसरह अध्ययन गर्न दिनु दिलाउनु र अब उप्रान्त परीक्षाफल प्रकाशित गर्दा यस्तो प्रकृतिको त्रुटि नदोहऱ्याउनेतर्फ सचेत रही काम काज गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे** ०७२-CI-१५५८, उत्प्रेषण, *संजयकुमार यादव वि. जनता उच्च माध्यमिक विद्यालय बनौटा (महोत्तरी) समेत*

श्री जनता उच्च माध्यमिक विद्यालय, बनौटा (महोत्तरी) को विद्यालय व्यवस्थापन समितिको छनौटको प्रक्रियामा शिक्षा नियमावली, २०५९ को नियम २४ बमोजिम अभिभावकमा रिट निवेदक संजयकुमार यादव, विपक्षी वलिराम राय यादवसमेतको नामावली प्रकाशित भएको देखिने।

शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्ने पद तथा कार्यविधिसमेत तर्जुमा गरिएअनुसार विपक्षी विद्यालयबाट २०७१।८।२५ मा प्रकाशित अभिभावकको नामावली कहीँकतैबाट चुनौती दिएको अवस्थासमेत देखिँदैन। विद्यालयबाट प्रकाशित नामावलीबमोजिम नै विद्यालयको व्यवस्थापन समितिको छनौटको निर्वाचनको प्रक्रियामा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा रिट निवेदक, विपक्षी वलिराम यादव, गुलामकुमार झा, रामनाथ यादव, राजेश्वर यादवसमेतको उम्मेदवारी परी सोबमोजिम भएको निर्वाचनमा रिट निवेदकले-१८२, वलिराम यादवले-३५७, राजेश्वर यादवले-१, गुलाम कुमार झाले-१०५, रामनाथ यादवले-४३ मत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति विपक्षी वलिराम यादव अध्यक्ष पदमा निर्वाचित भएको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिने।

विद्यालय व्यवस्थापन समितिको गठन गर्ने सम्बन्धमा विद्यालयबाट प्रकाशित सूचनाबमोजिम नाम समावेश भएका अभिभावकहरूमध्येबाटै विद्यालय व्यवस्थापन समिति अध्यक्ष पदको उम्मेदवारी मनोनयन दाखिला भई विधिपूर्वक निर्वाचन भई निर्वाचनको परिणाम आफ्नो पक्षमा नआएको कारणबाट रिट निवेदकको प्रस्तुत रिट निवेदन परेको देखिँदा रिट निवेदक सफाहात लिएर न्याय प्रार्थी बनी न्यायालयमा प्रवेश गरेको अवस्था नदेखिएकोले विद्यालयबाट निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यविधिमा सामेल भई मतको परिणामपश्चात् अध्यक्ष पदमा निर्वाचित नभएपछि प्रस्तुत रिट दायर भएको अवस्था देखिने वलिराम यादवले विद्यालय व्यवस्थापन समितिको कार्यभार सम्हाली कामकारबाहीसमेत सुरू भइसकेको सन्दर्भमा निवेदन मागबमोजिम रिट जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई

पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।४।२६ मा भएको आदेश मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट रिट निवेदक स्वयम्समेत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदको निर्वाचनमा भाग लिई निर्वाचनको परिणामपश्चात् प्रस्तुत रिट दायर भएको देखिँदा निर्वाचनको कार्य नै सम्पन्न भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदन जारी हुने अवस्था नदेखिँदा खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।४।२६ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

- ०७२-CI-१५५७, उत्प्रेषण, *विजयकुमार यादव वि. जनता उच्च माध्यमिक विद्यालय बनौटा (महोत्तरी) समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७१-CR-०६६७, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. श्रीमती लीला तुम्बापो (अर्याल) समेत*

पीडितहरूले अनुसन्धानको क्रममा गरेका प्रमाणित बयान कागजमा प्रतिवादीहरूले पाँचथरदेखि विर्तामोड र विर्तामोडबाट भारत जानका लागि काँकडभिट्टासम्म लिई गएको भन्ने खुलाई बयान गरेको देखिन्छ। तत्पश्चात् प्रतिवादी सीता राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा पीडितहरूलाई काँकडभिट्टासम्म पुऱ्याउन प्रतिवादीहरूले बनाएको योजना र आपसी रूपमा कार्य सम्पन्न गर्नका लागि खेलेको भूमिका बारेमा स्पष्ट रूपमा खुलाइदिएको देखिएकोमा सोही बयानसँग मेल खाने गरी अन्य प्रतिवादीहरू सीता केरूङ, हंसराज केरूङ, लिला तुम्बापोसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ, यद्यपि अदालतसमक्षको बयानमा भने कसुरमा इन्कार रही सबै प्रतिवादीहरूले बयान लेखाएको पाइन्छ। प्रतिवादीहरूले अदालतसमक्ष कसुर गरेकोमा इन्कार रही बयान गरेको भए पनि उक्त इन्कारी बयानलाई प्रतिवादीहरूउपरको किटानी जाहेरी र पीडितहरूको प्रमाणित बयानले खण्डित गरेको अवस्था देखिन्छ किनकि प्रतिवादीहरूले आफ्नो निर्दोषिता प्रमाणित गर्न कुनै वस्तुनिष्ठ ठोस प्रमाणहरू पेस गर्न सकेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आएको अवस्था छैन। पीडितहरूको बयानले गाउँदेखि फिदिम ल्याउने, डेरामा राख्ने र तत्पश्चात् विर्तामोडसम्म जाने, विर्तामोडबाट मोटरसाइकलसमेतका यातायातको साधन प्रयोग गरी छद्म तवरले बोर्डर पार गर्ने योजनाका साथ काँकडभिट्टा जाने, बोर्डर पार गर्दा पक्राउ परिन्छ कि भन्ने कुराको बचाउका निम्ति चलाखीपूर्ण बोली व्यवहार गर्ने योजना बनाउने र दूरीलाई ख्याल गरी बोर्डरको केही वरै उत्रने तथा पार गराउने र जिम्मा लिई लैजाने कार्यको जिम्मेवारी सबै प्रतिवादीहरूले बाँडफाँडको योजनासमेत बनाई सोअनुसार कार्य प्रतिवादीहरूले गर्ने गरेका भनी उल्लेख गरेबमोजिमका सिलसिलेवार घटनाक्रमलाई नियाल्दा पीडितहरूले अनाहकमा नै त्यस्तो बनावटी बयान लेखाए होलान् भनेर भन्न सकिने अवस्था भएन। त्यसैगरी जाहेरवालाले समेत त्यसरी हुँदै नभएको कुराको जाहेरी दिए होलान् भनेर भन्न सकिने स्थिति पनि देखिन आएको छैन। पीडितहरूलाई काँकडभिट्टाबाट फिदिमसम्म फकाई ल्याएको भन्ने कुरा वस्तुपरक ढंगबाट पुष्टि भइरहेकोमा उनीहरू काँकडभिट्टासम्म पुग्न परेको मनासिब कारणसमेत कहीँकतैबाट खुल्न आएको देखिन नआउने।

पीडितहरूलाई प्रतिवादीहरूले सीमापार

भारतमा लगी बिक्री गर्ने उद्देश्यले नै नेपाल भारत सिमाना काँकडभिट्टासम्म पुऱ्याएका हुन् भन्ने देखिन आउँदछ । पीडितहरूले अदालतसमक्षको बकपत्रमा प्रतिवादीहरूले कसुर गरेका होइनन् भनी बकपत्र गरेको भए पनि निज पीडितहरूले आफूहरू फिदिमबाट काँकडभिट्टासम्म जानुको प्रयोजन खुलाउन नसकेको अवस्थामा उनीहरूको मौकाको प्रमाणित बयान र घटनाक्रमका सिलसिलेवार परिदृश्यहरूबाट प्रतिवादीहरू निर्दोष नै छन् भन्न सकिने देखिन आएन । यसैगरी प्रतिवादीहरूले अदालतसमक्षको बयानमा कसुरमा इन्कारी गरेका भए पनि पीडितहरू के कसरी के कुन प्रयोजनका लागि फिदिमदेखि काँकडभिट्टासम्म पुगेका थिए भनी आफ्नो इन्कारी बयानमा खुलाउन सकेको देखिन नआएको परिप्रेक्ष्यमा पीडितहरूको मौकाको प्रमाणित बयानमा उल्लिखित बेहोरालाई अन्यथा हो भन्न सकिने अवस्था नरहने ।

प्रतिवादीहरूले पीडितहरूलाई बेचबिखन नै गरिसकेको भन्नेसम्मको स्थिति नदेखिनुका साथै पीडितहरूलाई विदेश नै पुऱ्याएको भन्ने नदेखिई बोर्डरसम्म पुऱ्याएको भन्ने देखिन आएको र पीडितहरूलाई करकापमा पारी नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्नेसमेत मिसिल संलग्न कागजातहरूबाट देखिन नआए पनि फिदिमबाट बोर्डर काँकडभिट्टासम्म विभिन्न बहाना बनाई पीडितहरूलाई प्रतिवादीहरूले लगेको भन्ने मिसिल संलग्न पीडितहरूको मौकाको बयानसमेतका कागजातहरूबाट देखिन आएको हुँदा प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरको उद्योगसम्म गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई मानव बेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क)(ख) बमोजिमको कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरको उद्योगसम्म गरेको देखिन आएकोले प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) का आधारमा दफा १५(१)(ज) अनुरूप प्रतिवादीहरू लिला तुम्बापो (अर्याल), हंशराज केरूङ, सीता केरूङ (सम्वाहाम्फे) र सीता लिङदेन (राई) लाई जनही ७ वर्ष ६ महिना कैद र रू.१,००,०००।– जरिवाना हुने तथा प्रतिवादीहरूबाट सोही ऐनको दफा १७ बमोजिम जनही रू. ५०,०००।– क्षतिपूर्ति पीडितहरूलाई दामासाहीले भराई दिने ठहर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।३।१ मा भएको फैसला न्यायको रोहमा अन्यथा नभई मिलेकै देखिन आएकोले सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ असार २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-०६९२, निषेधाज्ञा, *पिताम्बर के.सी. वि. सिनर्जी फाइनान्स लि.*

विपक्षी सिनर्जी फाइनान्सले निवेदकको नाममा रहेको जग्गाहरू लिलामी प्रक्रियामा अगाडि बढाई जग्गा रोक्का राखेकोमा उक्त जग्गाको रोक्का फुकुवा गरिपाउँ भनी यिनै निवेदक पिताम्बर के.सी. ले विपक्षी सिनर्जी फाइनान्सको विरूद्धमा रूपन्देही जिल्ला अदालत ०७२-CP-०५१८ नं. को मुद्दा दायर गरेको र उक्त मुद्दा सो अदालत विचाराधीन रहेको भनी निवेदनमा नै उल्लेख गरेको देखिन्छ । यसरी यिनै निवेदक पिताम्बर के.सी. र विपक्षी सिनर्जी फाइनान्स वादी प्रतिवादी भई यसै विषयमा जिल्ला अदालतसमेत मुद्दा चलेकोमा यी निवेदकले पुनरावेदन अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत पुनरावेदन अदालत बुटवलमा सोही विषयमा रिट निवेदन दायर गरेको

देखिन्छ। कुनै पनि नागरिकलाई अन्याय परेको विषयमा वैकल्पिक कानूनी उपचारको बाटो नरहेको वा भए तापनि प्रभावकारी नभएको अवस्थामा मात्र संविधानले प्रदान गरेको असाधारण अधिकारक्षेत्र ग्रहण गरी अदालतले रिट क्षेत्राधिकारमा प्रवेश गर्छ । अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई असर पार्ने कार्य गर्न मिल्दैन । प्रत्येक अदालत आफूसमक्ष विचाराधीन मुद्दामा इन्साफ गर्न सक्षम र स्वतन्त्र छ भन्ने न्यायको मान्य सिद्धान्तको आधारमा कुनै पनि कानूनी प्रणाली चलेको हुन्छ । मातहतको अदालत विचाराधीन रहेको मुद्दामा माथिल्लो तहको अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत हस्तक्षेप गर्दै जाने हो भने विधि, प्रक्रिया र न्यायिक प्रणाली अन्यौलग्रस्त हुन पुग्ने ।

अतः प्रस्तुत मुद्दामा उठाइएका विषयवस्तु अर्थात् निवेदकको नाममा रहेका जग्गाहरू सिनर्जी फाइनान्स कम्पनीले रोक्का राखी लिलामी प्रक्रिया अगाडि बढाएको कार्य कानूनसङ्गत् छ वा छैन ? तथा उक्त जग्गाहरू फुकुवा हुने हो, होइनन् ? भन्ने विवाद रूपन्देही जिल्ला अदालतमा चलेको निवेदक पिताम्बर के.सी. वादी र विपक्षी सिनर्जी फाइनान्स कम्पनी प्रतिवादी भएको उक्त ०७२-CP-०५१८ को रोक्का बदर मुद्दामा निर्णय हुँदा निरूपण हुने नै अवस्था देखिँदा निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी नगर्ने गरी गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।१२।१७ को आदेश कानूनसङ्गत नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल चैत १४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-००८१, निषेधाज्ञा / परमादेश, *भिमसेनकुमार श्रेष्ठ वि. खड्गबहादुर आलेसमेत*

निवेदक भिमसेनकुमार श्रेष्ठले विपक्षीहरूले आफूलाई धरपकड गर्ने र जिउ ज्यानमा समेत क्षति पुऱ्याउन सक्ने भनी दाबी लिएको भए तापनि विपक्षीहरूले सो कुरालाई इन्कार गरेको देखिन्छ भने निवेदकलाई विपक्षीहरूले गैरकानूनी रूपमा देवानी विवादमा धरपकड गर्ने प्रयत्न गरेको, दुःख दिन खोजेको वा निवेदकको कानूनबमोजिम हिँड्डुल गर्न पाउने अधिकारबाट वञ्चित गर्ने आशङ्का प्रबल भएको भन्ने कुनै प्रमाण वा आधार निवेदकले पेस गर्न पनि सकेको नदेखिने ।

निवेदकले विपक्षीहरूले आफूलाई धरपकड गर्ने, जिउ ज्यानमा आक्रमण गर्न सक्नेलगायतको अवस्था रहेको भनी जिकिर लिएको भए तापनि आशङ्काको स्थितिको पुष्टि हुने कुनै प्रमाणबाट गर्न सकेका छैनन् भने विपक्षीहरूले समेत आफूहरूले त्यस प्रकारको कुनै कार्य नगरेको भनी उल्लेख गरेका छन् । यसरी निवेदकले आशङ्का गरेजस्तै धरपकड गर्ने, थुन्ने वा हैरानी दिने वा जबरजस्ती कागज गराउने वा देवानी प्रकृतिको विवादमा प्रहरी कार्यालयले धरपकड गर्ने वा थुन्ने वा अनावश्यक टन्टा हैरानी दिनेसम्मको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने भनी पुनरावेदन अदालत पाटनले गरेको मिति २०७२।११।५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-०८२४, निषेधाज्ञा, *द्वारिकाप्रसाद नेपाल वि. पाल्पा जिल्ला तानसेन नगरपालिका कार्यालय, पाल्पासमेत*

विवादित जग्गामा साबिकमै टहरो रहेको र उक्त टहरोको मुनि रहेको खाली स्थानलाई सर्वसाधारण नागरिकहरूले विभिन्न कार्यमा प्रयोग गर्ने गरेको भनी उल्लेख गरेको देखिन्छ । यसरी उक्त स्थानमा पहिला नै टहरो बनिसकेको तथ्यलाई निवेदक स्वयम्ले आफ्नो निवेदनमा स्वीकार गरेको पाइन्छ । त्यसैगरी विपक्षी नगरपालिकाको लिखित जवाफ तथा मिसिलसाथ संलग्न नगरपालिकाको योजना तर्जुमा बैठक एवम् वडा भेला, बोर्ड बैठक, नगर परिषद्को निर्णयमा" विशालबजार मालपोत कार्यालयअगाडिको ट्रस्ट रहेको स्थानमा भवन निर्माण" गर्ने भन्ने उल्लेख भएकोबाट निवेदकले दाबी लिएको स्थानमा यस अगाडि नै संरचना (ट्रस्ट) निर्माण भइसकेको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ मा नगरपालिकालाई तोकिएको काम, कर्तव्य र अधिकारअन्तर्गत सामुदायिक भवन तथा विश्राम गृह बनाउने तथा नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ती जग्गाहरूको संरक्षण गर्ने, नगरपालिका क्षेत्रको विकाससम्बन्धी अन्य कामहरू गर्ने गराउने, नगरपालिकालाई आय आर्जन हुने सहकारी, औद्योगिक तथा व्यावसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने गराउनेसमेतका काम, कर्तव्य र अधिकार तोकिएको देखिन्छ । यस सन्दर्भमा नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गामा अगाडि नै बनेको संरचना (ट्रस्ट) लाई व्यवस्थित गरी व्यक्तिगत अतिक्रमणबाट संरक्षण गर्न सो क्षेत्रअन्तर्गतका विभिन्न कार्यालय, समुदायसमेतको प्रतिनिधिहरूको योजना तर्जुमा बैठक एवम् वडा भेला, बोर्ड बैठक तथा नगर परिषद्समेतको निर्णयबमोजिम सम्पन्न हुन लागेको कार्यबाट यी निवेदकको कानूनी हकमा आघात पर्ने आशङ्काको विद्यमानता रहेको नदेखिने।

निवेदकले सार्वजनिक खाली टहरोमा सटर बनाउँदा मसमेतका नागरिकहरूलाई मर्का पर्ने, सवारी साधनहरू पार्किङ गर्नको लागि खुल्ला ठाउँ नहुनेलगायतका समस्याहरू सिर्जना हुने भएकोले सार्वजनिक हक वा सरोकार निहित रहेको भन्नेसमेत आधारमा प्रस्तुत निवेदनपत्र दायर गरेको देखिन्छ । यसरी निवेदकले विपक्षीहरूले उक्त स्थानमा पर्खाल लगाउने कार्यमा सार्वजनिक सरोकारको विषय निहित रहेको र सार्वजनिक हकमा आघात पुगेको भनी जिकिर लिएको भए तापनि नगरपालिकाको योजना तर्जुमा बैठक एवम् वडा भेला, बोर्ड बैठक, नगर परिषद्को निर्णयसमेतको आधारमा सरोकारवाला नागरिकहरूको व्यापक सहभागितामा उक्त कार्य गर्ने निर्णय भएको देखिन्छ । यसरी सरोकारवाला नागरिकहरूको व्यापक सहभागितामा निजहरूको सहमतिबमोजिम नै सार्वजनिक प्रयोजनको लागि गर्न लागिएको र पहिलेकै संरचनाभित्र रहेर गर्न लागिएको कामबाट निवेदकलगायत अन्य नागरिकहरूलाई आघात पुग्ने आशङ्काको अवस्था मान्न मिल्ने नदेखिने।

अतः विवेचित कारण र आधारमा विपक्षीको कामकारबाहीबाट निवेदकलाई नागरिक अधिकार ऐनले प्रदत्त गरेको कुन हक अधिकारमा आघात पुगेको भन्ने स्पस्ट नभएको, स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नगरपालिकालाई तोकेको काम, कर्तव्य र अधिकारको अधीनमा रही नगरपालिकाबाट भएका निर्णयहरूबमोजिम हुन लागेको कार्यबाट यी निवेदकको कानूनी हकमा आघात पुग्ने आशङ्काको विद्यमानता नरहेको तथा सरोकारवाला नागरिकहरूको व्यापक सहभागितामा गरिएको निर्णयबमोजिम उक्त निर्णय गरिएकोले सार्वजनिक हकमा कुनै असर पर्ने आशङ्का नदेखिँदा सुरू पाल्पा जिल्ला अदालतको आदेशलाई उल्टी गरी प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७३।१।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CI-१८०१, निर्णय दर्ता बदर हक कायम दर्ता, *गोपीलाल महर्जनसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

वादी गोपीलाल महर्जनले आफ्नो स्वर्गीय पिता पुनसिं महर्जनको नाममा मिति २००० सालमा रैतीलाई दिने पुर्जामा मौजा नं. १४६ हकदार पुनसिं भएको लगत नं. १४६ बाट लगत भिड्ने का.जि. खड्का भद्रकाली गा.वि.स. वडा नं. ७क कि.नं. ७३ को ज.रो. ४१-१०-३-० र कि.नं. २२१ को ज.रो. १०-११-३-० जग्गाको फिल्डबुक कायम भई स्वर्गीय बाबुको पालादेखि नै हालसम्म जोतभोग कमोद गरी आएको र बाबुका पालादेखि नै नापीमा दर्ता गराउन छुट भएकाले छुट दर्ता गरिपाउँ भनी मिति २०६८।२।८ मा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीलाई सम्बोधन गरी उक्त मन्त्रालयमा निवेदन दिएको देखिन्छ। तत्पश्चात् यिनै वादी गोपीलालले उल्लिखित जग्गा नापी हुँदा भूलवश फिल्डबुकमा पर्ती जनाई नापी भएकाले आफ्ना नाउँमा छुट दर्ता हुनुपर्ने भनी मिति २०७०।८।२५ मा मालपोत कार्यालय, चाबहिलमा निवेदन दिएको देखिन्छ। मालपोत कार्यालय, चाबहिलले उल्लिखित जग्गा नेपाल सरकारको नाउँमा मोठ कायम भइसकेकाले अदालतबाट हक कायम गरी ल्याएका बखत मात्र वादीको मागदाबीबमोजिम हुन सक्ने भनी वादीलाई जानकारी दिई मिसिल तामेलीमा राखिदिने भनी मिति २०७०।११।२९ मा निर्णय गरेको देखिन्छ। मालपोत कार्यालय, चाबहिलको उक्त निर्णयपश्चात् यी वादीले विवादित जग्गा आफ्नो साबिकको हकभोग तिरो दर्ताको भएकोमा नापी हुँदा भूलवश पर्ती जनिई नापी भएको र सो जग्गामध्ये कि.नं.७३ को जग्गा मिति २०६१।१०।११ को निर्णयअनसार सशस्त्र प्रहरी बललाई भोगाधिकारसमेत दिइएकोले निर्णय दर्ता बदर गरी हक कायम दर्तासमेतको मागदाबी गरी सुरू अदालतमा फिराद दिएको देखिन आउने।

वादी पक्षबाट पेस भएको कागजमा उल्लेख भएको जग्गा र विवादित कि.नं.७३ र २२१ को जग्गा एउटै भएको भन्ने कुरा पनि उक्त कागजबाट खुल्न आएको छैन। हकका स्रोत भनी त्यसरी पेस भएको कागजले निर्विवाद रूपमा आफ्नो हकलाई पुष्टि एवम् प्रमाणित गर्न सक्नु पर्दछ। तर वादी पक्षबाट पेस भएका आफ्नो हक स्रोत भनिएका कागजहरूले सो पुष्टि गर्न नपाइने।

वस्तुत: विवादित जग्गा सरकारी प्रकृतिको जग्गा भएकै आधारमा नापी हुँदा पर्ती जग्गा भनी फिल्डबुकमा उल्लेख भएको देखिन आउँछ। वादी दाबीअनुसार निजको उक्त जग्गामा कुनै प्रकारको भोगचलन रहेको भए संवत् २००० देखि हालसम्म सो जग्गाबापत कुनै प्रकारको तिरो बुझाइएको हुनुपर्नेमा वादी पक्षबाट त्यस्तो कुनै प्रमाण पेस भएको छैन। मुलत: विवादित जग्गा नापी हुँदा पर्ती भनी नापी भइसकेपछि लामो समयको अन्तरालमा आएर भूलवश पर्ती जनिएकोले छुट जग्गा दर्ता गरिपाउन भनी वादी पक्षबाट दाबी गरेको आचरणबाट पनि उक्त जग्गा निजको भोगमा नरहेको पुष्टि हुने।

जग्गा पजनीको २क नं. को व्यवस्था प्रस्तुत विवादमा आकर्षित नहुने र मालपोत ऐन, २०३४ को दफा ७ को व्यवस्था भनेको नापीमा जग्गा दर्ता गर्न छुट भएको अवस्थामा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आधारमा छुट जग्गा दर्ता हुन सक्ने व्यवस्थासँग सम्बन्धित देखिएकोमा कानूनले निर्धारण गरेको उपर्युक्त अवस्था प्रस्तुत विवादमा देखिन नआएकाले यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने।

उल्लिखित आधार एवम् कारणसमेतबाट वादीले दाबी लिएको कि.नं.७३ र २२१ को जग्गा वादीले हकको स्रोतको रूपमा पेस गरेको प्रमाणसँग मिल्न भिड्न नआएको, विवादित जग्गा वादीले

साबिकदेखि भोगचलन गरी आएको भन्ने प्रमाण देखाउन नसकेको, वादीका बाबु पुनसिंले निजको जीवनकालमा भूमिसम्बन्धी ऐन र नियमावली लागू भएपछि विवादित जग्गा आफ्नो भएको वा आफूले तथा आफ्नो परिवारले भोगचलन गरिआएको भनी सो कानूनले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम ७ नं. फाँटवारीसमेत भरेको नदेखिएको र कसैको पनि हकभोग, तिरो, दर्ताको रूपमा नरहेको जग्गा नापी हुँदा जग्गाधनी र जोताहा महल खाली राखी पर्ती जनिई फिल्डबुक तयार भई नेपाल सरकारको नाममा दर्ता भएको देखिएको अवस्थामा विवादित जग्गा वादीको हक कायम हुन नसक्ने भएकाले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।४।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ २९ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०५२१, परमादेश, रूपबहादुर कार्की वि. मालपोत कार्यालय, दोलखासमेत

सर्वोच्च अदालतबाट मिति २०५४ सालमा भएको आदेशको पालना हालसम्म पनि नहुनु अत्यन्त चरम लापरवाही देखियो। विपक्षी वन कार्यालय तथा नापी कार्यालयले आदेशको पालना गर्न नसक्नुको युक्तिसङ्गत् कारण खुलाई लिखित जवाफ पेस गर्नुपर्नेमा म्यादभित्र लिखित जवाफ नै पेस गरेको देखिएन। यसबाट विपक्षी निकायहरूले जिम्मेवारपूर्ण भूमिका निर्वाह गरेको भन्ने नदेखिने।

मालपोत कार्यालयले वन कार्यालयलाई ताकेता गरी वा आवश्यक पहल गरी जवाफ माग गर्ने तथा प्रक्रिया अघि बढाउने कार्य गरेको देखिएन। जिल्ला वन कार्यालयले पनि मालपोत कार्यालयबाट माग भएको जवाफ समयमै पठाउने कार्यमा तत्परता देखाएको पाइएन। यसबाट मालपोत कार्यालय तथा जिल्ला वन कार्यालय दुवै निकायले आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा नगरेको स्पष्ट देखिन आयो। आफ्नो हक विरूद्ध निर्णय हुँदा सोको जानकारी प्राप्त गर्ने तथा प्रतिवाद गर्न पाउने अधिकारबाट वञ्चित हुनु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ। विपक्षी निकायहरूले आफ्नो कर्तव्य पालनामा बेवास्ता तथा लापरवाही गरेको कारण निवेदकको नागरिक अधिकारमा असर पर्ने अवस्था देखिन आउने।

उपर्युक्तबमोजिमको तथ्यहरूबाट विपक्षी निकायहरूले कानूनबमोजिमको कर्तव्य पालना नगरेको र अदालतको आदेशको कार्यान्वयनमा समेत अनुचित विलम्ब गरेको देखियो। कानूनबमोजिम निर्णय गर्नुपर्ने निकाय तथा अधिकारीबाट समयमै निर्णय नगरेको कारण प्रक्रिया नै अवरूद्ध हुन गएको कार्य विरूद्ध परमादेश जारी हुन सक्ने नै देखिन्छ। सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम गर्नुपर्ने कर्तव्य पालना गरेको मिसिलबाट देखिन नआएकोले सो विरूद्ध आदेश जारी हुने देखिन आयो। तसर्थ, निवेदन दाबीको जग्गा निवेदकको हकको हो, होइन ? ६(छ) महिनाभित्र निर्णय गर्नु भनी मालपोत कार्यालय, दोलखाका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल चैत ०५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-WO-१२५२, उत्प्रेषण, परशुराम यादव वि. लक्षण यादवसमेत

ऋण खाने बेचन यादवको कान्छी

श्रीमती रधियादेवी घरको मुख्य व्यक्ति रहे भएको नदेखिएकोलगायतका कारणलाई विश्लेषण गरी पुनरावेदन अदालतले लक्षण यादव र स्व. छेदन यादवको श्रीमती कुसुमीदेवी यादवको अंश भागमा परेको जग्गा रोक्का राख्न उपयुक्त नहुने हुँदा रोक्का फुकुवा गरिदिने भन्ने बेहोराको मनसाय पुनरावेदन अदालतको उक्त आदेशमा प्रतित हुने।

रिट निवेदकले आफनो निवेदनमा विपक्षीहरूको अंश हकको जग्गा रोक्का राख्न नपर्ने, फुकुवा गरिदिनु भन्ने बेहोराको पुनरावेदन अदालत राजविराजबाट भएको आदेशले निवेदकको कानूनप्रदत्त के, कुन संवैधानिक एवम् कानूनी हक अधिकारमा कसरी आघात पर्न गएको हो भन्ने कुरा रिट निवेदनमा उल्लेख गर्न सकेको अवस्था नदेखिने।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको मिति २०६८।३।२ को आदेशमा कानूनी त्रुटि भए गरेको देखिँदैन । साथै निवेदक र उम्दादेवीबिच चलेको भनिएको लेनदेन मुद्दामा प्रमाण बुझी फैसलासमेतको कार्य हुने नै हुँदा निवेदक रिट क्षेत्राधिकारबाट अदालत प्रवेश गरेको देखिएको अवस्थामा पुनरावेदन अदालतको मिति २०६८।३।२ को आदेश अन्यथा देखिएन । उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने बेहोराको निवेदकको निवेदन बेहोरासँग सहमत हुन सकिएन। साथै निवेदकले उल्लेख गरेको नजिर सिद्धान्त प्रस्तुत मुद्दाका सन्दर्भमा सान्दर्भिक हुने नदेखिने।

यसर्थ, निवेदकले विपक्षीहरूको काम कारबाहीबाट आफ्नो के, कुन मौलिक हक र संवैधानिक हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट खुलाउन नसकेको स्थिति, परशुराम यादव धनी र रधियादेवी ऋणी भएको लिखतमा निज विपक्षी कुसुमी र लक्षण यादव साक्षीसम्म बसेको नदेखिएको अवस्था, ऋणी रधियादेवी एकासगोलको घरमूली रहे भएको भन्ने नदेखिएको अवस्था र ऋणीले सगोलमा भएको बखत ऋण लिएको अवस्था नहुँदा आफूहरूले निजले खाएको ऋण तिर्नु, बुझाउनुपर्ने होइन भन्ने बेहोराको विपक्षीहरूको लिखित जवाफलाई रिट निवेदकले अन्यथा भन्न नसकेको स्थिति र पुनरावेदन अदालत राजविराजले आफू मातहतका अदालतको कामकारबाहीउपर आफूसमक्ष परेको उजुरीको सुनुवाइको कामकारबाही गर्न पाउने पुनरावेदकीय अधिकार प्रयोग गरेको देखिएकोलगायतका अवस्थासमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको काम कारबाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-CI-००९९, लेनदेन, *लक्षण यादवसमेत वि. श्याम सुन्दर यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CR-१२५२, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. आशिष लिम्बूसमेत*

प्रतिवादीहरूमध्येका सुनिल थापा मगर र रोशन तामाङसँगै रहेको अवस्थामा रोशन तामाङको साथबाट लागु औषध ब्राउनसुगर ६ पोका (३ ग्राम), सूर्य चुरोटको खाली खोलमा रू. १।- को नोट र रू.५ को नोट जलेको अवस्थामा र निजै प्रतिवादीहरूको झोला तलासी लिँदा तराजु १ थान र ७ वटा साना ढकहरू फेला परेको र रोशनको खल्तीमा नगद रू.१४,०६५।- रहेको र १ थान प्लाष्टिकको रोलसमेत फेला परेको भन्ने बरामदी मुचुल्काबाट यस मुद्दाको उठान

भएको देखिन्छ । अर्का प्रतिवादी आशिष लिम्बूलाई सहअभियुक्तहरूले अनुसन्धान अधिकारीसमक्षको बयानमा पोलेको आधारमा पक्राउमा परी निज विरूद्ध मुद्दाको प्रक्रिया अगाडि बढेको देखिने ।

प्रतिवादीहरूले आफूहरू लागु औषधको सेवनकर्ता रहेको भनी अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालत आई बयानका क्रममा उल्लेख गरेको तथा लागु औषध सेवनमा सजाय गरेकोतर्फ पुनरावेदन जिकिर नरहेको देखिँदा सोतर्फ थप विवेचना गरिरहन नपर्ने ।

बरामद गरिएको ६ पोका (३ ग्राम) लागु औषधलाई थोरै परिमाणको मान्न मिल्ने अवस्था देखिँदैन । सो अवस्थामा प्रतिवादीहरूबाट बरामद धेरै परिमाणको लागु औषध निजहरूले आफूले सेवन गर्ने प्रयोजनको लागि मात्र राखेको भन्ने अनुमान गरिनु उचित नदेखिने ।

प्रतिवादीहरूबाट बरामद भएको लागु औषध बिक्री वितरणबाहेक अन्यथा गर्नको लागि हो भन्ने पुष्टि गर्न प्रतिवादीहरूले भरपर्दो प्रमाण पेस गरेको अवस्था देखिँदैन । प्रतिवादीहरूका साथबाट बरामद भएको ३ ग्राम लागु औषध ब्राउन सुगरको परिमाण, प्रकृति तथा बरामद भएको नाप तौल गर्ने ढक तराजुहरूसमेतलाई मध्यनजर गरी हेर्दा निजहरूलाई सेवनमा मात्र ठहऱ्याई पुनरावेदन अदालत विराटनगरले गरेको फैसला मनासिब नदेखिने ।

तसर्थ, ढक तराजुसमेत बरामद भएको अवस्था र बरामद लागु औषधको प्रकृति तथा परिमाणको आधारमा सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।१२।२ को फैसला केही उल्टी हुने गरी सेवनतर्फ मात्र सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।६।१० मा भएको फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी हुने ठहर्छ । प्रतिवादीहरू रोशन तामाङ, सुनिल थापा मगर र आशिष लिम्बूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) को लागु औषध बिक्री वितरण गर्ने र (च) को लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही ५(पाँच) वर्ष कैद र ५०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-MS-००३२, अदालतको अवहेलना, *रामशंकर खड्का वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंका मुख्य सचिव लिलामणी पौड्यालसमेत*

जुन अन्तरिम आदेशको पालना विपक्षीहरूले नगरेको भनी निवेदक रामशंकर खड्काले प्रस्तुत अवहेलनाको दाबी लिएको हो, सो आदेश कायम नरहने गरी यस अदालतको संयुक्त इजलासबाट आदेश भइसकेको र उक्त रिट निवेदनसमेत पूर्ण सुनुवाइको लागि पेस हुँदा निवेदन खारेज हुने ठहरी अन्तिम आदेश भएको देखिएबाट अवहेलनातर्फको दाबीको औचित्यता रहने नदेखिने ।

वस्तुतः अदालतको आदेशको पालना गर्न अटेर गर्ने, छलछाम गर्ने वा अवरोध पैदा गर्ने कार्यबाट अवहेलना हुन पुग्दछ र अदालतप्रतिको आस्था र विश्वास कायम राख्न अवहेलना गर्नेलाई सजाय गर्नुपर्ने अवस्थासमेत रहन्छ । तर जुन अन्तरिम आदेशको पालना नगरी अवहेलना भयो भनिएको छ, सो आदेश नै निष्क्रिय भइसकेको र मूल निवेदन नै खारेज भइसकेको तथा समग्रमा हेर्दा विपक्षीहरूले यस अदालतबाट भएको आदेशको अवज्ञा गरेको भन्न मिल्ने अवस्था मिसिलबाट देखिन नआएकोले

अदालतको अवहेलना गरेको भन्ने निवेदन दाबी पुग्न सक्ने देखिएन। तसर्थ, प्रस्तुत निवेदन खारेज हुने।
इजलास अधिकृतः महेश खनाल
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-१४२४, लुटपिट, गोवर्धनप्रसाद तेली वि. मोहर अली फकीरसमेत

वादी गोवर्धनप्रसाद तेलीले दाबी लिएको हकको स्रोत नै बदर भएको अवस्थामा त्यस्तो घरजग्गामा प्रतिवादीहरूले लुटपिटसमेत गरी वादीलाई हानि नोक्सानी पुऱ्याएको भन्न मिल्ने अवस्था देखिएन । यस स्थितिमा लुटपिटतर्फको वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा देखिन नआउने।

पुनरावेदन अदालत बुटवलको फैसलाले दाबी नपुगेकोमा मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम वादीलाई सजाय नहुने ठहरेउपर प्रतिवादीहरूको तर्फबाट यस अदालत पुनरावेदन परेको देखिन नआएको, फिराद गर्दाको अवस्थामा वादी प्रतिवादीबिच रिसइवी रहेको भन्ने मिसिल संलग्न तथ्यबाट पुष्टि नभएको र खिचोला मुद्दामा भएको मिलापत्रबाट हक स्थापित भएको भन्ने आधारमा फिराद गरेको अवस्थासमेतलाई दृष्टिगत गरी यी वादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. को अन्तिम वाक्यांशअनुसार जरिवाना नहुने ठहर गरेको पुनरावेदन अदालतको फैसला न्यायसम्मत नै देखिँदा त्यसतर्फ समेत थप विश्लेषण गर्नुपर्ने देखिन नआउने।

तसर्थ, सुरू कपिलवस्तु जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याएको हदसम्मको फैसला सदर हुने र मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. बमोजिम रू.३०,५००।– (तीस हजार पाँच सय) जरिवाना हुने ठहऱ्याएको हदसम्मको उक्त मितिको फैसला केही उल्टी गरी वादीलाई जरिवाना हुन नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।७।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः महेश खनाल
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-०६६३, उत्प्रेषण / परमादेश, *चोकप्रसाद भण्डारी वि. पुनरावेदन अदालत तुलसीपुर, दाङसमेत*

एकातिर अंश मुद्दा परेपछि मात्र लिखतका सम्बन्धमा लेनदेन मुद्दा पर्न आएको देखिन्छ भने अर्कातिर निज विपक्षी एकलाल भण्डारीसमेत वादी र रिट निवेदकसमेत प्रतिवादी भई चलेको अंश मुद्दामा निज निवेदकले प्रतिउत्तर फिराउँदा निज विपक्षी रामबहादुर रोकासँगको ऋणको सम्बन्धमा उल्लेख गरेको देखिँदैन। सगोलमा हुँदा ऋण लिएको अवस्था भए प्रतिउत्तर फिराउँदा सो ऋणका बारेमा समेत उल्लेख हुनुपर्दथ्यो भनी सामान्य विवेक लगाउन सकिन्छ । साथै निवेदक र रामबहादुर रोकाबिच भएको लेनदेनको लिखत अन्य अंशियारहरूले अस्वीकार गरेको देखिन्छ भने निवेदक र निजका अंशियारहरूबिच अंश मुद्दामा मिलापत्र गर्ने प्रयोजनका लागि घरसारमा गरिएको मिति २०७१।१।१४ को सहमति पत्रमा कृषि विकास बैंकको ऋणलगायत अन्य कुराहरू उल्लेख गरिएकोमा उक्त लिखतमा विपक्षी रामबहादुर रोकासँगको ऋणको बारेमा उल्लेख भएको देखिँदैन। साथै सो कागजलाई निवेदकले अन्यथा भन्न सकेको स्थिति पनि नदेखिने।

ऋण खाँदा विपक्षीहरूको मन्जुरी, सहमति रहेको नदेखिएको, विपक्षीहरूलाई लिखतमा साक्षी, रोहबरसम्म नराखेको एवम् लिखत गर्दा विपक्षीहरूको

समेत सहमति रहेको थियो भन्ने आधार, प्रमाण निवेदकले पेस गर्न नसकेको स्थितिमा निवेदक एकासगोलमा हुँदा ऋण लिए खाएको तथ्य स्थापित हुन सक्ने नदेखिने।

लेनदेन मुद्दा पर्नुपूर्व नै रिट निवेदक चोकप्रसाद भण्डारीसमेत प्रतिवादी भई अंश मुद्दा परेकोमा सद्दे साँचो व्यवहार भए प्रतिउत्तरसमेतमा निवेदकले उक्त लेनदेन एकासगोलमा हुँदाका बखत भएको भनी सोको वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरेको हुनुपर्नेमा सो देखिँदैन। विपक्षी गोमा पौडेल भण्डारीसमेतले निज निवेदकउपर सुरू अदालत दायर गरेको अंश मुद्दामा फैसला हुँदा वादी दाबी पुग्ने गरी फैसला भएको देखिन्छ । उक्त फैसलाउपर निज निवेदकको पुनरावेदन नपरी फैसला अन्तिम भई बसेको देखिने।

तसर्थ विवेचित आधार, प्रमाण तथा कारणबाट वादी रामबहादुर रोका र प्रतिवादी चोकप्रसाद भण्डारी भएको लेनदेन मुद्दाको फैसलाबमोजिमको ऋण निज विपक्षीहरू एकराज भण्डारीसमेतले तिर्नु बुझाउनुपर्ने आधार देखिन नआएकोले रिट निवेदकको अंशभागबाट मात्र लेनदेन मुद्दामा बिगो र कोर्ट फी भराउने गरी पुनरावेदन अदालत तुलसीपुरबाट भएको मिति २०७३।११।१३ को आदेश मिलेकै देखिएको र विपक्षीहरूको कामकारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भदौ २४ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-WO-०६६४, उत्प्रेषण / परमादेश, *चोकप्रसाद भण्डारी वि. पुनरावेदन अदालत तुलसीपुर, दाङसमेत* भएको रिट निवेदनमा पनि यसैअनुसार आदेश भएको छ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-१०६०, उत्प्रेषण, *हरिशंकरप्रसाद यादव वि. पुनरावेदन अदालत हेटौंडा, मकवानपुरसमेत*

फैसलाबमोजिमको बिगो रकम निवेदकले नबुझाएकोले फैसला कार्यान्वयन गरिपाउँ भनी निज प्रत्यर्थी भरतराय यादवले दिएको निवेदनउपर भएको कारबाहीको क्रममा सुरू अदालतबाट निज निवेदकको नाम दर्ताको कि.नं.४७ र ६५ जग्गाको जायजात मुचुल्का गरी सोही आधारमा पञ्चकिर्ते मूल्याङ्कनसमेत भई लिलाम बढाबढको समेत सूचना जारी भएको देखिने।

अन्तिम भई बसेको फैसलालाई कार्यान्वयन गर्ने क्रमको विवाद सन्निहित देखिन्छ । न्याय प्रशासनको सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको त फैसलाको कार्यान्वयन हो । कुनै पनि अदालतबाट अन्तिम भई बसेको फैसला कार्यान्वयन भएपछि मात्र वास्तविक अर्थमा पक्षहरूले न्यायको अनुभूति गर्ने कुरामा विवाद हुन सक्दैन। अतः अदालतले आफ्ना फैसलाहरूको सही तवरले र समयमै कार्यान्वयनको स्वाभाविक अपेक्षा राखेको हुन्छ। सही रूपमा फैसला कार्यान्वयन हुनु नै शाश्वत् न्यायको आधारशीला हुने।

लेनदेन मुद्दामा भएको फैसलाबमोजिमको बिगो भराइ पाउँ भन्ने मुद्दामा निज निवेदक प्रतिवादी रही निज स्वयम्ले म्याद बुझेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट देखिएको, निवेदक सुरू अदालतको फैसलामा पुनरावेदन नगरी चित्त बुझाई बसेको र सुरू अदालतबाट निजले बिगोबमोजिमको रकम बुझाउनुपर्ने नै देखिएको स्थिति र फैसला कार्यान्वयनको सिलसिलामा भएका कार्यविधि र सोको परिणाममा निवेदकले चित्त नबुझाई दण्ड सजायको ६१ नं. बमोजिम उजुरसमेत गरी सोउपर तह तहका अदालतउपर अपिल गरेकोमा सुरू अदालतबाट

भएको आदेश नै सदर भएको र उक्त आदेश अन्यथा नदेखिएको स्थितिमा अदालतबाट अन्तिम भई बसेको फैसलाको कार्यान्वयनमा विवाद ल्याउने स्थिति रह्यो भने फैसला कार्यान्वयन हुन सक्ने अवस्था रहँदैन । त्यस प्रकारको सोच अदालतले राख्न पनि नसक्ने ।

यसर्थ, विवेचित आधार, प्रमाण तथा कारणबाट रिट निवेदकले आफूहरूबिचमा चलेको लेनदेन मुद्दाको फैसलालाई स्वीकार गरी बसेको अवस्था, अन्तिम भई बसेको मुद्दाको कार्यान्वयन क्रममा भए गरेको विपक्षीहरूको कार्य अन्यथा नदेखिएको स्थिति, विपक्षीहरूको कामकारबाहीबाट आफ्नो के कुन कानूनी तथा संवैधानिक हकमा आघात पर्न गएको हो भन्ने कुरा निवेदकले खुलाउन नसकेको अवस्था, रिट निवेदकले विपक्षीहरूको लिखित जवाफलाई अन्यथा हो भन्न नसकेको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको कामकारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल भदौ २४ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७४-WO-०१०२, उत्प्रेषण, *ललिताकुमारी पण्डित वि. उच्च अदालत, जनकपुरसमेत*

ऋणी गोविन्द पण्डितको समेत अंश भाग लाग्ने सम्पत्ति निजको आमाले निजकी एकासगोलकी श्रीमती ललिताकुमारी पण्डितलाई मिति २०७१।३।३० मा हालैको बकसपत्र गरी दिएको देखिए तापनि एकासगोलमा रहेको जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको नै मान्नुपर्ने भन्ने कानूनी व्यवस्थासमेतको आधारमा लेनदेन मुद्दा चल्दाका अवस्थामा उक्त जग्गा एकासगोलको मानी रोक्का राख्ने गरी भएको उच्च अदालतको कार्य अन्यथा नदेखिने ।

यसर्थ, विवेचित आधार, प्रमाण तथा कारणबाट रिट निवेदिका एकासगोलमा नै रहे भएको अवस्थामा नै निजको पति निज विपक्षी गोविन्द पण्डितउपर लेनदेन मुद्दा दायर भएको अवस्था, निवेदिकाकी सासू मुखियादेवीसमेत एकासगोलमा हुँदाको अवस्थामा नै निजले निवेदिकालाई हालैको बकसपत्र गरिदिएको, उक्त बकसपत्रमा अन्य अंशियारहरूको मन्जुरी रहे भएको नदेखिएको स्थितिमा रोक्का जग्गाहरू निवेदिकाको पेवा नै रहेछ भन्न सक्ने स्थिति र आफूसमक्ष परेको १७ नं. निवेदनउपर उच्च अदालतबाट भए गरेको कामकारबाही अन्यथा नदेखिएको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको कामकारबाहीबाट निज निवेदिकाको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर अपरेटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र २४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-०५११, उत्प्रेषण / परमादेश, मानबहादुर डाँगी वि. तुलसी बुढाथोकी डाँगीसमेत

अदालतबाट अन्तिम भई बसेको फैसला कार्यान्वयनमा अनावश्यक ढिलाई हुँदा पक्षहरूले न्यायको अनुभूति गर्न नसक्ने हुँदा जुनसुकै बहानामा फैसला कार्यान्वयनलाई विलम्ब गरिनु न्याय र कानूनको रोहबाट मुनासिब देखिँदैन । अदालतको फैसला समयमै, सही तवरले र प्रभावकारी रूपमा

कार्यान्वयन हुनु नै न्यायको प्रमुख पक्ष हुने।

न्यायको सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको फैसलाको कार्यान्वयन हो । कुनै पनि अदालतबाट अन्तिम भई बसेको फैसला कार्यान्वयन भएपछि मात्र वास्तविक अर्थमा पक्षहरूले न्यायको अनुभूति गर्ने कुरामा विवाद हुन नसक्ने।

पछि दायर भएको धनमाल मुद्दाको अन्तिम टुङ्गो नलागुञ्जेल पहिला नै फैसला भइसकेको अंशसहितको सम्बन्ध विच्छेद मुद्दाको फैसलाको कार्यान्वयन कार्य रोकी राख्नु तर्कसङ्गत नहुनेलगायतका कुराहरूलाई विश्लेषण गरी सुरू दाङ देउखुरी जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुरको मिति २०७४।२।१८ को आदेश अन्यथा नदेखिँदा प्रस्तुत मुद्दाको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, रिट निवेदकले आफूहरू बिचमा चलेको अंशसहितको सम्बन्ध विच्छेद मुद्दाको फैसलालाई स्वीकार गरी बसेको अवस्था, अन्तिम भई बसेको मुद्दाको कार्यान्वयन क्रममा भए गरेको विपक्षीहरूको कार्य अन्यथा नदेखिएको स्थिति, विपक्षीहरूको कामकारबाहीबाट आफ्नो के कुन कानूनी तथा संवैधानिक हकमा आघात पर्न गएको हो भन्ने कुरा निवेदकले खुलाउन नसकेको अवस्था र फैसलाबमोजिमको अंश छुट्याउने कार्य सम्पन्न भई वादीले दा.खा. पुर्जीसमेत प्राप्त गरिसकेको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको कामकारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भदौ २४ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-०४८१, उत्प्रेषण / परमादेश, *प्रवीणता वस्ती पोखरेल वि. विजय पोखरेलसमेत*

गाउँ विकास समितिले सम्बन्ध विच्छेद मुद्दाका दुवै पक्षलाई झिकाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनुपर्ने र त्यसरी सम्झाउँदा बुझाउँदा पनि निजहरूबिच मेलमिलाप हुन नसकेमा विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद गराउनु श्रेयष्कर देखिएमा निवेदन परेको एक वर्षभित्र आफ्नो रायसमेत संलग्न गरी प्राप्त निवेदन सम्बन्ध विच्छेद गर्न अधिकार भएको सम्बन्धित जिल्ला अदालत पठाउनु पर्ने देखिन्छ। उल्लिखित प्रावधानको आसय पतिपत्नीका बिच भरसक सहमति गराई दाम्पत्य सम्बन्धमा निरन्तरता कायम गराउनु पर्दछ भन्ने देखिन्छ । विवादको कुनै पक्षको अनुपस्थितिमा यो प्रक्रिया अपनाउन सकिने अवस्था रहँदैन । वारिस राख्न पाउने अवस्थाकै मुद्दा भए पनि विवादको स्वरूप वा प्रकृतिबाट मुद्दा हेर्ने निकाय वा पदाधिकारीले सम्बन्धित पक्ष स्वयम्लाई उपस्थित गराई सुनुवाइ गर्नु आवश्यक देखिएमा निज स्वयम्लाई उपस्थित हुन आदेश दिन सकिने नै हुने।

सम्बन्ध विच्छेदसम्बन्धी विवादका सन्दर्भमा सहमतिका लागि छलफल प्रक्रियामा सम्बन्धित पक्ष स्वयम्को उपस्थिति आवश्यक हुन्छ। पतिपत्नीबिचको सम्बन्धमा निरन्तरता कायम राख्ने हो वा सम्बन्ध समाप्त पार्ने हो भन्ने कुराको निर्धारण अन्य तेस्रो व्यक्तिबाट हुने कुरा स्वाभाविक देखिँदैन । मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १(क) नं. ले समेत पति-पत्नी दुवैको उपस्थितिमा

सम्झाउने बुझाउने कार्य गर्नुपर्ने प्रक्रिया निर्धारण गरेको छ । पतिपत्नीबिचको दाम्पत्य सम्बन्ध अन्य तेस्रो व्यक्तिले तोकेको सर्तमा निर्धारण हुने नभएर दम्पतीकै स्वतन्त्र ईच्छा र विवेकबाट निरूपण हुने कुरा हो । तसर्थ प्रस्तुत विवादको सन्दर्भमा समेत वारेस राख्नेलगायतका अन्य कुराको रीत वा विधि पूरा भएको भए विपक्षीमध्येका विजय पोखरेलको उपस्थितिमा छलफल र समझदारी कायम गर्नु स्वाभाविक देखिन्छ । त्यसैले निजलाई झिकाई बुझ्न आवश्यक देखिए उपस्थित हुने (उपस्थित गराउने) मनासिब समयावधि प्रदान गरी झिकाई लोग्नेस्वास्नीको महलको १(क) नं. समेतका कानूनी व्यवस्थाको अनुशरण गरी प्रचलित कानूनबमोजिम सम्बन्ध विच्छेद मुद्दाको निरूपण गर्नु भनी विपक्षीमध्येको धापासी गाउँ विकास समिति (हाल परिवर्तित स्थानीय तह) का नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल फागुन ७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६९-WO-०४८२, उत्प्रेषण, *प्रवीणता वस्ती पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०७८४, गौवध, *चन्द्रबहादुर शाही वि. नेपाल सरकार*

प्रतिवादी चन्द्रबहादुर शाहीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई समर्थन हुने गरी सुरू अदालत बयान गर्दासमेत कसुरमा पूर्ण रूपमा साबित रही आफूले बन्चरो हान्दा गाईको मृत्यु भएको कुरालाई स्वीकार गरेका छन् । निज प्रतिवादीको उक्त भनाइलाई बरामद भई आएको बञ्चरो र निजले सो बञ्चरोलाई सनाखत गरी पुष्टि गरेको देखिन्छ । जसमा Hypovolenic shock and haemorrhage as a result of cut throat injury caused by hard and sharp edged object भनी लेखिएको छ । उक्त कुराले प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालत गरेको बयानलाई पुष्टि गर्दछ । मौकामा कागज गरिदिने व्यक्तिहरूले र जाहेरवालाले समेत सुरू अदालत आई बकपत्र गर्दा केही भिन्न तरिकाले आफ्नो कुरा लेखाई दिएको भए तापनि प्रतिवादीले नै गाईलाई हानी मारेका होइनन् भनी भन्न सकिने अवस्थाको विद्यमानता नदेखिने ।

प्रतिवादीले वारदात घटनाक्रममा देखाएको क्रियाकलापलाई स्वस्थ मानसिक अवस्थाको कार्य भन्न नसकिए पनि निज मानसिक रूपमा अस्वस्थ भएको प्रमाण निजले पेस गरेको देखिन आएन । निजले वारदातका समयमा देखाएको घटनाक्रम हेर्दा होस नभएको अवस्थामा गरे भएको मान्न सकिने अवस्थाको विद्यमानता देखिएन । सो भएबाट प्रतिवादी चन्द्रबहादुर शाहीले बञ्चरो प्रहार गरी गाईलाई मारेको देखिँदा प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएकै देखिँदा नेपाल सरकारको अभियोग दाबीबमोजिम प्रतिवादी चन्द्रबहादुर शाहीलाई चौपायाको महलको १ नं. कसुर ठहर गरी ११ नं. बमोजिम सजाय हुने ठहऱ्याई सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला अन्यथा देखिन नआउने ।

प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी चन्द्रबहादुर शाहीलाई अभियोग दाबीबमोजिम बाह्र वर्ष (१२ वर्ष) कैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।०३।१३ मा भएको फैसला मिलेको देखिए तापनि मुलुकी अपराध (संहिता) ऐन,२०७४ ले सो सम्बन्धमा व्यवस्था गरेको सन्दर्भमा सम्बन्धित कानूनी व्यवस्थाहरू उल्लेख गर्न सान्दर्भिक हुने देखिने ।

मिति २०७५ साल भाद्र १ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा २८९ को उपदफा (१) मा "कसैले गाई वा गोरु मार्ने वा कुनै चोट पुऱ्याउने नियतले कुनै काम गर्नु वा गराउनु हुँदैन" भन्ने र सोही दफाको उपदफा (२) मा "उपदफा १ बमोजिमको कामबाट कुनै गाई वा गोरु मर्न गएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ" भनी व्यवस्था गरेको देखिन्छ, त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यस्तै केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालत दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिने।

तत्कालीन मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुर गरेकोले उक्त कसुरमा चौपायाको महलको ११ मा रहेको उपर्युक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत सुर्खेतबाट यी पुनरावेदक प्रतिवादीलाई ऐ. महलको ११ नं. बमोजिम १२ वर्षको सजाय गरेको मिलेको देखिन आए तापनि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा उपर्युक्त व्यवस्था रहेको तथा यही भाद्र १ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी चन्द्रबहादुर शाहीलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा २८९ को उपदफा (२) बमोजिम कैद ३ वर्ष हुने ठहर्छ । मिति २०७२।५।२२ बाट प्रहरी हिरासतमा रही फैसलाबमोजिमको कैद भुक्तान गरिरहेकोमा उल्लिखित ऐनको व्यवस्थाबमोजिम हुन सक्ने कैद भुक्तान गरिसकेको र निज यस अदालतको मिति २०७५।७।११ को पत्रबाट समेत कैद भुक्तान भइसकेको देखिएकोले थप केही गर्नुपर्ने अवस्था नरहने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस १८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७३-CR-१६७७, गौवध, *खुमबहादुर राना वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६८-CR-०३४९, जबरजस्ती करणी, *नेपाल सरकार वि. कृष्ण वि.क.*

जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् प्रतिवादीको अदालतसमक्षको बयानलगायतका प्रमाणसमेतबाट प्रतिवादी कृष्ण वि.क. ले आफू उत्तेजित हुँदै करणीको आशयले पीडितको योनिमा औँला मात्र घुसाएको भन्ने देखिएको र सो तथ्यलाई पीडितको पुनरावेदन अदालत राजविराजसमक्षको बकपत्रसमेतबाट पुष्टि भएको देखियो । प्रतिवादीको वीर्यपात भएको तर स्वास्थ्य परीक्षण गर्दा पीडितको योनिमा वीर्य नदेखिएको तथा पीडितको योनिबाट रगत आएको तर प्रतिवादीको लिङ्गमा रगत लागेको भन्नेसमेत नदेखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नम्बरअनुसार योनि र लिङ्गको अनिवार्य अन्तरसम्बन्ध हुनुपर्छ भन्ने स्पष्ट गरेको पाइन्छ ।

यसरी योनि र लिङ्ग एकअर्काबिच एउटा तत्त्वको अभावमा जबरजस्ती करणी स्थापित नहुने देखिन्छ अर्थात् जबरजस्ती करणीको महलबमोजिम करणी स्थापित हुन लिङ्गको अनिवार्य उपस्थिति रहनै पर्ने र लिङ्ग योनिमा केही न केही मात्रामा वा पूर्णरूपमा प्रवेश हुनै पर्ने देखिएकोमा पीडितको योनिमा प्रतिवादीको लिङ्ग प्रवेश भएको भन्ने प्रमाणबाट पुष्टि भएको देखिँदैन । तर प्रतिवादीले पीडितको योनिमा औंला छिराएकोसम्म पुष्टि भएको देखिएको अवस्थामा समेत जबरजस्ती करणीको अपराध पुष्टि हुन सक्ने देखिँदैन । पीडकको वीर्य निस्कनु, ननिस्कनु मात्र जबरजस्ती करणी वारदात स्थापित गर्न भूमिकाहीन हुने र वीर्यको अवस्थाले अपराध यकिन गर्न सान्दर्भिक प्रमाणसम्म हुने भएकोले प्रतिवादीको लिङ्गको फेदमा वीर्य हुनु नै करणीको निश्चयात्मक प्रमाण मान्न सकिने अवस्था नरहने।

विवेचित आधार प्रमाणहरूसमेतबाट जबरजस्ती करणी हुन पीडितको योनिमा पीडकको लिङ्गको केही न केही अंश प्रवेश गरेको हुनैपर्नेमा योनिमा लिङ्ग आंशिकरूपमा पनि प्रवेश भएको भन्ने नदेखिएको तर करणीको मनसायले प्रतिवादीले पीडितको योनिमा औंलासम्म छिराएको भन्ने मिसिल संलग्न संकलित सबुद प्रमाणहरूले पुष्टि गरेको देखिँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्न प्रयत्न गरेको, तर वारदातको समयमा वारदातस्थलमा पीडितको दिदीको उपस्थितिले करणी गर्न भने नपाएको अवस्था देखिएको हुँदा प्रतिवादी कृष्ण वि.क.ले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. को कसुर गरेको देखिन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा देखिन नआउने।

तसर्थः माथि उल्लिखित आधार कारणहरूसमेतबाट प्रतिवादी कृष्ण वि.क. ले मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३(१) बमोजिमको कसुर गरेको ठहर गरी निज प्रतिवादीलाई १०(दश) वर्ष कैद र सोही महलको १० नम्बरबमोजिम रू.१०,०००।– (दश हजार रूपैयाँ) क्षतिपूर्ति निजबाट पीडितलाई भराउने गरी सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६६।२।१३ मा भएको फैसलालाई केही उल्टी गरी निज प्रतिवादी कृष्ण वि.क.लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CI-०५९९, लेनदेन, *आशाकुमारी साह वि. सुलक्षणा देवी साह*

मिति २०५७।१।१५ मा विपक्षी आमाले आफूबाट घरसारमा नै रू.२१,००,०००।– (एक्काइस लाख रूपैयाँ) लिई जिल्ला सुनसरी, भा.सी. गा.वि.स. वडा नं.६(क) कि.नं.६९१, कि.नं.८०, कि.नं.९५ र कि.नं.९७ को गरी कुल क्षेत्रफल ०-९-९$^{1}/_{४}$ जग्गाको राजीनामा लिखत खडा गरी दिदीहरूलाई साक्षी राखी पारित गरी दिने भनेकोमा पछि राजीनामा पारित नगरी दिएबाट सो लिखत रजिस्ट्रेसनको ६ नं. बमोजिम कपालीसरह भएकाले उल्लिखित रकम र सोको हालसम्मको ब्याज दिलाई भराइ पाउँ भन्ने वादी दाबी भएकोमा फिरादीसँग कुनै प्रकारबाट कुनै पनि समयमा रकम लिएको छैन, राजीनामा लिखतमा सहिछाप गरेको पनि छैन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिर भई सुरू सुनसरी जिल्ला अदालतबाट वादी दाबी पुग्न सक्तैन भनी भएको फैसलाउपर वादीको पुनरावेदन परेकोमा सुरू जिल्ला अदालतबाट भएको फैसला

सदर गर्ने गरी गरेको पुनरावेदन अदालत विराटनगरको फैसलाउपर यस अदालत दोहोऱ्याई पाउँमा वादीको निवेदन परी निस्सा प्रदान भई पुनरावेदनको रोहमा यस इजलाससमक्ष पेस हुन आएको देखिने।

पुनरावेदक वादीले दाबी लिएको उक्त मिति २०५७।१।१५ को पारित हुन बाँकी रहेको राजीनामाको लिखतको दिने महलको ल्याप्चे सहिछाप Loop आकृति र प्रतिवादीको नमुना ल्याप्चे सहिछापमा Twinned Loop आकृति भई एक अर्कामा भिडन आएको देखिँदैन। दाबीको लिखतमा रहेको कारणीको ल्याप्चे सहिछाप र प्रतिवादीको नमुना ल्याप्चे सहिछाप एकअर्कामा मिले भिडेकोसमेत पाइँदैन । लिखतमा रहेको कारणीको ल्याप्चे परीक्षण गरी प्रतिवेदन दिने विशेषज्ञ, वैज्ञानिक अधिकृत बासुदेव के.सी.को उल्लिखित राय र यस अदालतमा भएको निजको बकपत्रसमेतबाट पुनरावेदक वादीले दाबी लिएको थैली रू.२१,००,०००।– (एक्काइस लाख रूपैयाँ) को पारित हुन बाँकी रहेको राजीनामा लिखत सद्दे साँचो हो भनी मान्न सक्ने अवस्थासमेत विद्यमान रहेको देखिँदैन।

वादी र प्रत्यर्थी प्रतिवादीबिचमा छोरी र आमाको नाता सम्बन्ध रहेको तथा निजहरूको बिचमा मिति २०५७।१।१५ मा लेनदेनको व्यवहार भएको भन्ने पुनरावेदक वादीको भनाइ रहेको देखिए तापनि निज पुनरावेदक वादीले सो लिखत भएको मितिबाट करिब ९ वर्षपछि मिति २०६६।११।२५ मा मात्र आमा विरूद्ध नालेस गरेको देखिन्छ। साथै छोरीले त्यति ठूलो रकम रू.२१,००,०००।– (एक्काइस लाख रूपैयाँ) के कुन स्रोतबाट जुटाएको र सो रकम आमालाई के कुन प्रयोजनको लागि दिएको हो भन्नेसमेत मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिन नआएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखिएको हुँदा यस अदालतबाट मिति २०७३।०५।१९ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्न लिएका आधार कारणहरूसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार र कारणहरूसमेतबाट मिति २०५७।१।१५ को लिखत विशेषज्ञबाट जाँच भई आउँदा लिखतमा भएको कारणी प्रतिवादीको भनिएको ल्याप्चे सहिछाप र प्रतिवादीको ल्याप्चे नमुना सहिछाप एक अर्कामा मिले भिडेको नपाइएको भनी विशेषज्ञको राय प्रतिवेदन प्राप्त हुन आएको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०६८।१२।१३ को फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।३।१२ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-MS-००१४, अदालतको अवहेलना, *कुञ्जविहारी प्रसाद चौधरी वि. चन्द्रप्रकाश मैनालीसमेत*

निवेदक कुञ्जविहारी प्रसाद चौधरीले समाज कल्याण परिषद्को सदस्य सचिवको अनुपस्थितिमा बैठक बोलाइएको र आफूसमेतले आधिकारिक जानकारी नपाएको दाबी लिएपनि समाज कल्याण परिषद्का सदस्य सचिव विरूद्धमा पदीय जिम्मेवारी पालना नगरेको आधारमा विभागीय मन्त्रीस्तरबाट मन्त्रालयमा कामकाज गर्न तोकिएको र रिक्त स्थानमा नेपाल सरकार मन्त्रिपरिषद्बाट अर्को व्यवस्था नभएसम्म विपक्षीमध्येकै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिवलाई समाज

कल्याण परिषद्को सदस्य सचिव पदमा कामकाज गर्न तोकिएको अवस्था देखिन्छ । यस अदालतबाट मिति २०७२।५।२९ मा भएको आदेशलाई तत्कालीन सदस्य सचिव रविन्द्रकुमार यादवले कुनै प्रश्न उठाएको देखिँदैन । लिखित जवाफ प्रस्तुतकर्ता सबैले नै अदालतप्रति आफूहरूको अटल विश्वास र सम्मान रहेको भनी उल्लेख गर्नुभएको अवस्था देखिन्छ । लगाउको ०७२-WO-०२०७ को उत्प्रेषणसमेतको रिट निवेदनमा अन्तरिम आदेश जारी भएपछि निवेदन दाबीप्रति बेवास्ता गरी तारेख नै गुजारी बसेबाट विषयप्रतिको जिम्मेवारी पूरा नगरेको आधारमा रिट निवेदन तामेलीमा रहने अवस्था सिर्जना भएबाट त्यही निवेदनमा भएको आदेशको प्रयोग र पालनाको औचित्यसमेत समाप्त भएको देखिन्छ । यस अवस्थामा यस अदालतको अवहेलना भएको भन्ने निवेदन दाबी औचित्यपूर्ण मान्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ, विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतका आधारमा विपक्षीहरूले यस अदालतको अवहेलना गरेको भन्ने निवेदन दाबी पुग्न सक्तैन । अदालतको अवहेलना गरेको दाबी पुग्न नसक्ने भएकोले विपक्षीहरूलाई सजाय गर्नुपर्ने नदेखिँदा सफाइ पाउने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CI-००२२, मिलापत्र बदर गरी हक कायम गरिपाऊँ, *लालपूरा मल्लसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. जन्तराज मल्लसमेत*

पुनरावेदक वादीहरू दलवीर मल्लकी कान्छी श्रीमती लालपूरा मल्ल तथा निजकी अर्की श्रीमती इन्द्रातर्फका ३ जना छोराहरू धीरबहादुर मल्ल, जुद्धबहादुर मल्ल र जयन्द्रबहादुर मल्ल रहेको देखिन्छ । पुनरावेदक वादीका पति / पिता प्रतिवादीहरूमध्येका दलवीर मल्लले आफ्नो र अरूको यो यति हक लाग्ने भनी स्पष्ट खुलाई जग्गा लिनुदिनु गरी तथा जन्तराज मल्लबाट केही जग्गा सक्कबहादुरका छोरा नृपले पाउने गरी २ वटा मुद्दामा २ थान मिलापत्र गरेको स्थिति देखिएको छ । एकासगोलमै देखिएका वादीका ससुरा एवम् बाजे बलबहादुर मल्लका ४ सन्तानहरू गंगबहादुर, दलवीर, दमन र सक्कबहादुरबिच वैधानिक रूपमा अंशबन्डा नभएको र तीमध्ये दमनबहादुर अविवाहित रही स्वर्गवास भइसकेको अवस्थामा बाँकी ३ अंशियार दाजुभाइहरूको अंश भागहरूमा बन्डा हुनु स्वाभाविकै हो । यस अवस्थामा जेठा गंगबहादुरको छोरा जन्तराम वादी भई दलवीरसमेतसँग चलेका अंश मुद्दालगायत २ मुद्दामा गंगबहादुर सक्कबहादुर र दलवीर भई भाइहरूमध्ये अंश लाग्ने सम्पत्तिको नरम गरम मिलाई जेठा गंगबहादुरका छोरा जन्तरामले मिलापत्रबाट केही जग्गा आफ्नो माहिला काका सक्कबहादुरका छोरा नृपलाई र साहिला काका दलवीरले केही जग्गा भतिजाहरू जन्तराम र केही नृपलाई दिएको देखियो । यसरी एकासगोलमा रहँदा नरमगरम मिलाउने गरी दुई भतिजाबिच पनि केही लेनदेन भई समग्रमा मूल पूर्खा बलबहादुर मल्लका ३ छोराहरू र निजका नातिहरूबिच अंशबन्डा हुनेगरी नरमगरम मिलाई भएको मिलापत्रलाई उक्त मिलापत्रका एकपक्ष तथा वादीका पति / पिता यी प्रतिवादी दलवीरले प्रतिउत्तर दिँदा निजलाई जन्तरामले झुक्याई मिलापत्र गराएको भनी मिलुवा प्रकृतिबाट दिएको प्रतिउत्तरतर्फ विचार गर्नुपर्ने अवस्था देखिँदैन । यस अवस्थामा कान्छी श्रीमती र अर्की श्रीमती पट्टिका छोराहरूका मूल हकवाला रहेका यी दलवीरले सम्पत्ति लिनुदिनु गरी गरेको मिलापत्रलाई अन्यथा भन्न मिल्ने देखिएन । मूल अंशियारका रूपमा रहेका दलबीरका

नाउँमा मिलापत्रअगाडि पनि जग्गा जमिन रहेको मिसिलबाट देखिएको तथा मिलापत्रबाट पनि निजले कि.नं.११४, २७०, ७७३, ६९७ र १०४० का जग्गामध्येबाट जग्गा प्राप्त गरेको देखिइरहेको अवस्थामा निजको हक खाने श्रीमती र छोराहरूले आफूहरूलाई निरअंशी बनाएको भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने।

घरका मूल अंशियारले अंश लिई मिलापत्र गरिसकेको र सो मिलापत्रबाट यी वादीहरू निरअंशी भएको अवस्था विद्यमान नहुँदा अंशबन्डाको १ र २ नं विपरीत फैसला भएको भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन। घरका अंशियारहरूमध्ये मूल अंशियारका रूपमा रहेको पति / पिताले अंश लिनुदिनु गरी मिलापत्र गर्दै जाने र निजका हकवालाका रूपमा रहेका श्रीमती र छोराहरूले मिलापत्र बदर गराउँदै जाने र त्यसलाई मिलापत्र गर्ने पति पिताले आफूलाई झुक्याई मिलापत्र गराएको भन्ने जस्तो प्रतिउत्तर जिकिरमा विश्वास गर्दै जाने हो भने मुद्दा कहिल्यै नटुङ्गिने र मुद्दा अन्तिमताको सिद्धान्तको औचित्य नै शून्य हुन जाने देखिने।

मिति २०६५।१०।५ को मिलापत्र बदर नहुने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर र सोतर्फका विद्वान् कानून व्यवसायीको बहस तथा पैतृक सम्पत्ति छोडी मिलापत्र गर्दा यी वादीहरू अंशविहीन भई अंशहकको नैसर्गिक अधिकारबाट वञ्चित हुने अवस्थामा वादी दाबी पुग्न नसक्ने गरी भएको पुनरावेदनको फैसला फरक पर्न सक्ने भनी यस अदालतबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेशसँग समेत सहमत हुन नसकिने।

अतः माथि उल्लिखित आधार, कारण एवम् नजिर सिद्धान्तसमेतका आधारमा पुनरावेदन अदालत दिपायलबाट मिति २०६८।३।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख २४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-RC-०११० र ०६९-CR-०६७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देव मल्लसमेत र मोहन तामाङ वि. नेपाल सरकार*

अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गर्ने प्रतिवादीहरू देव मल्ल, कृष्ण मिजार, राजु लामा भन्ने राजु मगरसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक रविन्द्र मल्लले होटलको भित्तामा पिसाब गरेको कारण विवाद उत्पन्न भई मृतकलाई आफूहरूले भाटा, लात्ती, मुक्काले कुटपिट गरेबाट मृतक घाइते भई उपचारको क्रममा निजको मृत्यु भएको हो भनी कसुरमा साबित रहेका र निजहरूको मौकाको सो बयान भनाइ मिसिल संलग्न मृतकका शरीरका विभिन्न भागमा लागेका गम्भीर चोटहरू उल्लेख भएको मृतकको लास जाँच प्रकृति मुचुल्का, मृतकको टाउकोमा चोट लागेको कारण निजको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनसमेत प्रत्यक्ष प्रमाणहरूबाट समर्थित भइरहेको अर्थात् वारदातस्थलमा मृतक र प्रतिवादीहरूबिच वादविवाद भई कुटपिट भएको स्थापित भएको र सो कुटपिटको कारण मृतक रविन्द्रको मृत्यु भएको स्थापित भएको देखिने।

मृतकको मृत्यु कर्तव्यबाट भएको स्थापित भएको र प्रतिवादीहरूबाहेक अन्य मानिससँग मृतकको विवाद, झगडा भएको नदेखिएको र मिसिल संलग्न तथ्यहरूको श्रृङ्खलाबाट प्रतिवादीहरूकै संलग्नतामा मृतकलाई कुटपिट भएको र सोही कुटपिटको कारण लागेको चोटबाट गम्भीर घाइते भई उपचार गराउँदाका

क्रममा मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू र मृतकले मादक पदार्थ सेवन गरी होटलको भित्तामा मृतकले पिसाब फेरेको निहुँमा एकाएक आपसमा भनाभन भई तत्काल झगडा हुँदा भएको कुटपिटबाट मृतकको मृत्यु भएको अवस्था देखिएको, वारदातमा प्रतिवादीहरूले घातक हतियारले प्रहार गरेको नभई भाटा, लात्ता, मुक्काले प्रहार गरेको भन्ने देखिएको तथा निर्मम तरिकाले कुटपिट गरेको भन्ने नदेखिएको, प्रतिवादीहरू र मृतकबिच पूर्वरिसइवीसमेत भएको नदेखिएकोसमेतका वारदातको प्रकृति, अवस्था र स्थितिलाई समेत विचार गर्दा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद सजाय गर्दा चर्को पर्ने देखिँदा ऐ.को १८८ नं. अनुसार १० वर्ष कैद सजाय गर्न उपयुक्त हुने भनी रायसाथ साधक जाहेर भएको फैसला अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, प्रतिवादीहरू देव मल्ल, कृष्ण मिजार र राजु लामा भन्ने राजु मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई ऐ. ऐनको, अ.बं.१८८ नं. अनुसार १० वर्ष कैद सजाय हुने रायसमेत जाहेर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।६।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०२८२ र ०७३-CR-१३९३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. फत्तेराम घर्तिमगरसमेत र फत्तेराम घर्तिमगर वि. नेपाल सरकार*

जाहेरवाला ईश्वरीबहादुर डाँगी र होमबहादुर डाँगीबाट वैदेशिक रोजगारका लागि क्यानडा पठाउने भनी रू.७,२५,०००।- र जाहेरवाला समुन्द्र बस्नेतबाट क्यानडा पठाउने भनी रू.५,९५,६००।- तथा अर्का जाहेरवाला युवराज कार्कीबाट रू.१,१०,०००।- बुझिलिएकोमा भनिएको मुलुकमा पठाउन नसकेकोले साहुबाट बुझिलिएको उक्त रकम फिर्ता गर्नेछु भनी मिति २०७०।१२।९ र २०६९।८।१३ मा प्रतिवादी फत्तेराम घर्तिमगरले कागज गरेको मिसिल संलग्न लिखतबाट देखियो । अनुसन्धानका क्रममा निज प्रतिवादी फत्तेरामलाई उक्त मिति २०७०।१२।९ को २ थान सक्कल लिखित देखाउँदा सहिछाप मेरो हो । ईश्वरीबहादुर डाँगी र होमबहादुर डाँगीबाट रू.४,३०,०००।- लिएको र समुन्द्र बस्नेतबाट रकम लिएको छैन भनी बयान गरेको पाइयो । त्यसैगरी अनुसन्धानकै क्रममा प्रतिवादी फत्तेराम घर्तिमगरले युवराज कार्कीबाट रू.१,१०,०००।- बुझिलिएको हो । लिखत कागजमा भएको सहिछाप बेहोरा मेरो हो भनी बयान गरेको पाइन्छ । प्रतिवादी फत्तेराम घर्तिमगरले मौकामा अनुसन्धान अधिकारी र सुरू वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउनको लागि रकम लिएको छैन भनी कसुर गरेको कुरामा इन्कार देखिन आयो । निज प्रतिवादीको मौकाको बयानमा क्यानडामा साँस्कृतिक कार्यक्रममा लानको लागि जाहेरवाला ईश्वरीबहादुर डाँगीबाट रू.२,३०,०००।-, जाहेरवाला होमबहादुर डाँगीबाट रू.२,००,०००।- लिएको र युवराज कार्कीलाई युरोपमा वैदेशिक रोजगारका लागि भिजिट भिषामा पठाउन भिषा प्रक्रियाको लागि रू.१,१०,०००।- लिखत गरी लिएकोमा साबित रहेको देखिन्छ । यी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष पनि ईश्वरीबहादुर डाँगीसमेतलाई

क्यानडामा साँस्कृतिक कार्यक्रममा भाग लिनको लागि दिल्लीसम्म गएकोमा क्यानडाबाट कागजातहरू नआएकोले दिल्लीबाट फर्केको भन्ने जिकिर लिए पनि क्यानडामा साँस्कृतिक कार्यक्रमको लागि जान लागेको कुराको पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको पाइँदैन । प्रतिवादीले गरिदिएको मिसिल संलग्न लिखतहरूमा रोजगारीमा पठाउनका लागि जाहेरवालाहरूसँग रकम लिएको भन्ने देखिन्छ । उक्त लिखतमा जबरजस्ती सहिछाप गराएका हुन् भने पनि सोउपर आफूले उजुर नगरेको भनी बयानमा उल्लेख गरेको पाइन्छ । यदि करकापबाट कागज गराइएको थियो भने मौकामा उजुर गर्ने दायित्वसमेत प्रतिवादीकै हुन जाने देखिन्छ । सो भए नगरेबाट सहिछाप आफ्नो हो भनी स्वीकार गरेको अवस्थामा लिखतलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

मौकामा कागज गर्ने मानिसहरू पुनम बस्नेत, अशोक कुमार बस्नेतसमेतका व्यक्तिले गरिदिएको कागजबाट प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि क्यानडा पठाई दिनका लागि रकम लिएको भनी देखिन आउँछ । लिखतहरूमा आफूले गरेको हस्ताक्षर सम्बन्धमा साबित भएको र करकापबाट उक्त लिखत लेखाइएको प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादी फत्तेराम घर्तिमगरले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा विदेश पठाउने भनी रकम लिई सोअनुसार काम गरेको नदेखिएबाट अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी फत्तेराम घर्तिमगरको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले जाहेरवालाहरूलाई रोजगारीको लागि विदेश क्यानाडा, अस्ट्रेलिया वा युरोपको कुनै मुलुकमा पठाइसकेको अवस्था विद्यमान नरहेबाट प्रतिवादी फत्तेरामलाई कम सजाय गर्‍यो भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

अब अर्का प्रतिवादी योगमाया घर्तिमगरले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा प्रतिवादी फत्तेराम घर्तिमगर मेरो पूर्व पति हो, निज विरूद्ध अंश मुद्दा दिई अलग बसेकी छु । निज पूर्वपतिले वैदेशिक रोजगारसँग सम्बन्धित लिखत गरेकोमा मलाई थाहा छैन । मैले वैदेशिक रोजगारमा पठाउँछु भनी कुनै रकम लिएको छैन भनी कसुरमा इन्कार रही प्रतिवादी फत्तेराम घर्तिमगरबाट अंश पाउने ठहरी ललितपुर जिल्ला अदालतबाट मिति २०६९।६।११ मा भएको फैसलाको प्रतिलिपि साथै राखी बयान गरेको पाइयो । जाहेरवाला ईश्वरीबहादुर डाँगी र होमबहादुर डाँगीले दिएको जाहेरी दरखास्तमा यी प्रतिवादीको नाम विपक्षी खण्डमा उल्लेख भएको भए तापनि निजको के कस्तो भूमिका संलग्नता थियो भनी उल्लेख गर्न सकेको पाइँदैन । जाहेरवालाहरूले पेस गरेको सक्कल लिखतमा यी प्रतिवादीको संलग्नता देखिँदैन । साथै जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउनका लागि रकम बुझिलिएको तथ्य पुष्टि हुने प्रमाण जाहेरवालाबाट पेस हुन सकेको पाइँदैन । प्रस्तुत मुद्दामा प्रतिवादी योगमाया घर्तिमगरउपरको अभियोग दाबी वादी नेपाल सरकारले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नपाइने ।

अतः वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-००१७, अवैध काठ चोरी निकासी, *नेपाल सरकार वि. पनिलाल चौधरीसमेत*

मिति २०६८।२।२५ गते ना.१ ख ५०९२ नं. को इँटा बोकेको ट्रकमा इँटामुनि सालका चिरान काठ बरामद भएको कुरामा विवाद देखिँदैन । उक्त ना.१ख.

५०९२ नं. को ट्रक प्रतिवादी सुनिल शाक्यको रहेको कुरा प्रतिवादी आसमान लामाको मौकाको बयानबाट देखिन्छ। मौकामा भएको बरामदी मुचुल्कामा उल्लिखित काठहरू ना.१ख. ५०९२ नं. को ट्रक चालक (ड्राइभर) आसमान लामा र सहचालक (खलासी) श्याम गोलेबाट बरामद भएको देखिन्छ । प्रतिवादीमध्येको श्याम गोलेले मौकामा बयान गर्दा गाडीमा बरामद भएको काठ समिर चौधरीको हो । गाडी साहुको नाम थाहा छैन भनी बेहोरा उल्लेख गरेको पाइयो । चौधरी इँटा उद्योगको उद्योगी प्रतिवादी पनिलाल चौधरी रहेको मिसिल संलग्न कागजबाट देखियो । त्यसैगरी प्रतिवादी आसमान लामाले चौधरी इँटा उद्योगमा इँटा लिन जाँदा समिर चौधरीले काठ लोड गरेको हो भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूको अनुसन्धानका क्रममा भएको बयानमा ट्रक धनी सुनिल शाक्य र इँटा उद्योगको उद्योगी पनिलाल चौधरीको अवैध काठ ओसारपसारमा सहमति रहेको भन्ने उल्लेख भएको पाइँदैन । त्यसैगरी प्रतिवादी आसमान लामाले मौकामा नै गरेको तितिम्बा बयानमा पक्राउ भएको काठ मैले लोड गर्न सुनिल शाक्यसँग सोधेको छैन । गाडी मैले सुनिल शाक्यसँग बिक्रीनामा गरी किनी सकेको छु । नामसारी गर्न बाँकी छ भनी उल्लेख गरेका छन् । अदालतसमक्ष समेत प्रतिवादी आसमान लामाले ट्रक ५ वर्ष पहिला नै घरसारमा कागज गरी सुनिल शाक्यबाट खरिद गरेको छु भनी बयान गरेको पाइन्छ । मिसिल संलग्न मिति २०६५।०१।१७ को गाडी बिक्रीनामाको कागजबाट पनि ना.१ ख ५०९२ को ट्रक सुनिल शाक्यले आसमान लामा तामाङलाई बिक्री गर्ने गरी कागज भएको देखिने ।

प्रतिवादी पनिलाल चौधरीले अदालतसमक्ष ना.१ ख ५०९२ नं. को ट्रकमा इँटामुनि साल जातको काठ मेरो इँटा उद्योगबाट लोड गरेको छैन भनी कसुरमा इन्कार रही बयान गरेको पाइयो । निज प्रतिवादीको इन्कारी बयानलाई निजका साक्षी रामप्रसाद चौधरीसमेतले समर्थन गरी बकपत्र गरेको देखियो । वादी पक्षका साक्षी सहायक वन अधिकृत उपेन्द्र जैसवालले साल जातको काठ लोड गरेको अवस्थामा आसमान लामा, श्याम गोलेबाट बरामद भएको हो भनी उल्लेख गरेको देखिन्छ । काठ लोड गर्दाको अवस्थामा वा काठको खरिद वा अन्य कुनै प्रकृतिबाट संकलन गर्ने कार्यमा यी प्रतिवादीहरूको प्रत्यक्ष अप्रत्यक्ष संलग्नता रहेको प्रमाण बयानबाट खुल्न आउँदैन । निजले अवैध काठ चोरी निकासीमा यी प्रतिवादीहरू पनिलाल चौधरी र सुनिल शाक्यको यो, यसरी संलग्नता छ थियो भनी खुलाउन सकेको वा अभियोजन पक्षले यस सम्बन्धमा वस्तुनिष्ट प्रमाण संकलन गर्न सकेको नपाइने ।

प्रतिवादीहरू पनिलाल चौधरी र सुनिल शाक्यको कसुरमा संलग्नता रहेको तथ्य वादी पक्षबाट वस्तुनिष्ठ प्रमाणका आधारमा पुष्टि गराउन सकेको पाइँदैन । यस अवस्थामा प्रतिवादीहरू पनिलाल चौधरी र सुनिल शाक्यलाई वन ऐन, २०४९ को ४९(घ) को कसुरमा सोही ऐनको दफा ५०(१)(घ)(४) अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादीहरू पनिलाल चौधरी र सुनिल शाक्यलाई सफाइ दिने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०४९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर धामी*

प्रतिवादी पूर्णबहादुर धामीले मृतक

हर्कबहादुर शाहीलाई कुटपिट गरी कर्तव्य गरेकोले सजाय पाउँ भनी मृतकका भाइ लवबहादुर शाहीले मौकामा प्रतिवादीउपर किटानी जाहेरी दिएको देखिन्छ । मौकामा कागज गर्ने सीता अधिकारी, झंकरबहादुर शाही, पुष्पा कठायतलगायतका व्यक्तिहरूले प्रतिवादी पूर्णबहादुर धामीले मृतकलाई कर्तव्य गरी मारेको हो वा मृतकले आत्महत्या गरेको हो सो कुरा थाहा भएन भनी कागज बेहोरा लेखाएको पाइयो । यस अवस्थामा मौकाको जाहेरीलाई मौकामा कागज गर्ने व्यक्तिहरूले समर्थन गरेको देखिएन । जाहेरी घटनाका विषयमा दिइने सूचनाको एक माध्यम मात्र हो । यो आफैँमा अकाट्य र स्वतन्त्र प्रमाण हुँदैन । यसलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ । वस्तुस्थिति मुचुल्काको मानिसहरू वृखबहादुर शाहीसमेतका व्यक्तिले प्रतिवादी पूर्णबहादुर धामीले मरे मराएकोमा शङ्का लाग्छ भनी कागज गरेको देखिन्छ । यसबाट समेत मृतकलाई मार्ने व्यक्ति यिनै हुन् भन्ने चश्मदिद साक्षीको अभाव रहेको देखियो । चश्मदिद सबुद प्रमाणको अभावमा केबल शङ्काको भरमा प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायसङ्गत नदेखिने ।

प्रतिवादी पूर्णबहादुर धामीले अधिकारप्राप्त अधिकारीसमक्ष वारदात समयमा मृतक र आफू सँगै एकै कोठामा भएको अवस्थामा मृतक र आफूबिच वादविवाद भएका कारण एकआपसमा हात हालाहालसमेत हुन गई आफूले मृतकको घाँटी थिचेको र केहीबेरपश्चात् निज बस्ने गरेको घरको कोठाबाहिर बरण्डामा लगी राखेको हुँ भनी बयान गरे तापनि अदालतसमक्ष वारदात घटनामा आफू मृतकसँग भए तापनि निजलाई कर्तव्य गरी मारेको होइन, निजको मृत्यु के कसरी हुन गयो थाहा भएन भनी कसुरमा इन्कार रही बयान गरेको पाइयो । प्रतिवादीको साक्षी धर्मराज देवकोटाले प्रतिवादीको इन्कारी बयानलाई समर्थन गर्दै बकपत्र गरेको पाइन्छ । वादी पक्षका साक्षी मौकामा कागज गर्ने सीता अधिकारीले अदालतसमक्ष बकपत्र गर्दा राति अन्दाजी ११:३० बजेतिर पूर्णबहादुर धामीले तपाइँले जिम्मा लगाएको हर्कबहादुर शाही तथानाम अपशब्द प्रयोग गरी मेरो घरबाट गइसक्यो निजका आफन्तलाई खबर गरी दिनु भनी फोन गरेका थिए भन्ने बेहोरा लेखाएको देखिन्छ । प्रत्यक्ष प्रमाणको अभाव भएको स्थितिमा परिस्थितिजन्य प्रमाण संकलन गरी मालाकार कडीको रूपमा त्यस्तो प्रमाण पेस गरी अभियोग बेहोरा प्रमाणित गराउनु वादीको दायित्वको विषय हो, यस्तो प्रमाणको अभाव भएको अवस्थामा अभियोग बेहोरा तथा कसैको भनाइसम्मलाई आधार लिई कुनै व्यक्तिलाई कसुरदार ठहर गर्नु न्यायको रोहमा मान्य नहुने ।

अत: पुनरावेदन अदालत दिपायल डोटीबाट प्रतिवादीलाई सफाइ दिने गरी मिति २०७३।०३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०६०९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. हिक्मत तुलाचनसमेत*

जाहेरवालाहरू त्रिविक्रम मल्ल, विरेन्द्र साह, राजेश सिंह ठकुरी, भीमबहादुर गुरूङ, विदुर गिरी, गजेन्द्र राई, डुलबहादुर खड्काले प्रतिवादीहरूले विदेश पठाइदिने नाममा रकम ठगी गरेको भनी जाहेरी दिए तापनि जाहेरी पुष्टि गर्नका लागि न्यायाधिकरणमा उपस्थित भई बकपत्रद्वारा आफ्नो बेहोरा समर्थन गर्न सकेकोसमेत पाइँदैन । जाहेरवालाहरू त्रिविक्रम मल्ल, विरेन्द्र साह, राजेश सिंह ठकुरी, भीमबहादुर गुरूङ, विदुर गिरी, गजेन्द्र राई, डुलबहादुर खड्कालाई प्रतिवादीहरूले विदेश पठाउन भनी रकम ठगी गरेको कुरा ठोस एवम् तथ्ययुक्त आधार प्रमाणहरूबाट

प्रमाणित गराउन नसकेको अवस्थामा केबल अनुमानको भरमा जाहेरवालाहरूको रकम प्रतिवादीहरूबाट भराई दिन मिल्ने देखिएन । तसर्थ जाहेरवालाहरू त्रिविक्रम मल्ल, विरेन्द्र साह, राजेश सिंह ठकुरी, भीमबहादुर गुरूङ, विदुर गिरी, गजेन्द्र राई, डुलबहादुर खड्काको बिगो रकम र हर्जना भराइ पाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी गोविन्द थापाले सुरू न्यायाधिकरणसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवाला रविन तामाङले प्रतिवादी गोविन्द थापाले मबाट कुनै रकम बुझेको छैन । वैदेशिक रोजगारमा पठाउने भनेर मलाई कुनै कार्य गरेको छैन भनी न्यायाधिकरणसमक्ष बकपत्र गरेको पाइन्छ । अन्य जाहेरवालाहरूसमेतले बकपत्र गर्दा प्रतिवादी गोविन्द थापाले आफूहरूलाई वैदेशिक रोजगारमा लान भनी यो यस्तो भूमिका खेलेका थिए भनी भन्न सकेको पाइँदैन । यसरी प्रतिवादी गोविन्द थापामाथिको कसुर अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित हुन सकेको मिसिलबाट देखिन नआउने।

अत: सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७१।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-०३८१, बच्चा जन्माई गाडेको (कर्तव्य ज्यान), *छविमाया सार्की वि. नेपाल सरकार*

जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिहरूले अदालत बकपत्र गर्दा प्रतिवादीले जन्माएको बच्चा जीवित थियो वा मृत थियो भनी उल्लेख गरेको भए तापनि प्रतिवादीले अदालत बयान गर्दासमेत बच्चा मृत नै जन्मेको थियो भनी उल्लेख गर्न नसक्नुका साथै शव परीक्षण प्रतिवेदनबाट मृत शिशु जन्मने क्रममा वा जन्मिसकेपछि श्वास लिएको देखिन्छ भनी उल्लेख भएबाट बच्चा जीवित नै जन्मेको भन्ने पुष्टि हुन आयो । यसरी जीवितै जन्मेको बच्चालाई स्याहार सम्भार नगरी खाडल खनी गाडेबाट यी प्रतिवादीले ज्यानसम्बन्धी कसुर गरेको देखिन आयो । यस्तो अवस्थामा प्रतिवादी छविमाया सार्कीलाई अभियोग मागदाबी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराध गरेको ठहरी ऐ. महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको सुरू अदालतको फैसला सदर हुने ठहरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी छविमाया सार्कीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. को व्यवस्थाअनुसार कसुरदारलाई ऐनबमोजिम सजाय दिँदा चर्को पर्ने भई घटी सजाय हुनुपर्ने देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको राय व्यक्त गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपर्युक्त व्यवस्थानुसार सर्वश्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि भवितव्य हो कि भन्नेसम्मको शङ्काको अवस्था विद्यमान हुनुपर्छ। त्यस्तै अ.बं. १८८ ले मुद्दा हेर्ने अधिकारीलाई विश्वास गरी व्यापक तजबिजी अधिकार प्रदान गरेको छ। त्यस्तो तजबिजी अधिकार प्रयोग गर्दा न्यायकर्ताले न्यायिक मन लगाई With Justifiable Reason को आधार र कारण देखाई Speaking Order को रूपमा आफ्नो राय व्यक्त गरी प्रयोग गर्नुपर्ने हुन्छ। अ.बं. १८८ मा न्यूनतम सजायभन्दा घटाउन नपाउने व्यवस्था नगरी घटी सजाय गर्ने भन्ने शब्द राखेको देखिन्छ जसबाट स्पष्ट कारण भएमा सजायमा न्यायिक मनको

प्रयोग गरी सजाय घटाउन पाउने भन्ने नै देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा म बेलाबेलामा लड्ने र बेहोस हुने रोगले पीडित छु। घरको आर्थिक अवस्था कमजोर भएका कारण काम गर्न जानै पर्दछ। करिब ९।१० महिना अगाडि गाईगोरू चराउन जंगलमा गएका बेला एक्कासी बेहोस भएको अवस्थामा को कसले के गऱ्यो थाहा भएन। अपरिचित महिलाले पानी छर्केपछि होस आई हिँड्ने बेलामा पिसाब गर्ने ठाउँमा दुखेको थियो। पछि मेरो पेट बढ्दै जाँदा के भएको भनी भिडियो एक्सरे गर्दा पानी जमेको भनेको थियो। मिति २०७१।२।२५ गते बिहान घरनजिक बारीमा बाछालाई घाँस लिन जाँदा पेट दुखेको र केहीबेरमा शिशु (छोरी) को जन्म भएकोमा १० मिनेटसम्म हेर्दा रूने कराउने नगरेकोले नजिकै खाल्डो खनी गाडी घर गएको र बेलुका आमालाई सबै कुरा बताएको हो। मलाई बच्चा मरेको थियो थिएन यकिन भएन। आँखा नहेरेको, नचलेको र छाम्दा चिसो भएको कारण मरेको जस्तो लागी गाडेको हो। जानी जानी कर्तव्य गरी गाडेको होइन भनी बयान गरेको र अदालतमा समेत सोही बेहोराको मिलान हुने गरी बयान गरेको देखिन्छ। प्रतिवादीका बुबा अर्थात् जाहेरवाला खड्गबहादुर सार्कीको जाहेरी दरखास्त र अदालतको बकपत्र, मौकामा कागज गर्ने प्रतिवादीको आमा यामकुमारी सार्कीको मौकाको कागज र अदालतको बकपत्र, गोपाल चापागाई र निर्मला कुमालको कागज बेहोरा, वस्तुस्थिति मुचुल्काका पवित्रा लुइँटेलसमेतका व्यक्तिहरूले लेखाइदिएको कागज बेहोरासमेतबाट प्रतिवादीलाई छारे रोग अर्थात् मुर्छा पर्ने भएको र बेलाबेलामा मुर्छा पर्ने गरेको तथा प्रतिवादी सुस्त मनस्थितिकी रहेको भन्ने देखिने।

प्रतिवादी छविमाया सार्की अविवाहित भई सुस्त मनस्थितिकी रहेको भन्ने देखिन्छ। निज प्रतिवादीलाई छारे रोग अर्थात् बेलाबेलामा मुर्छा पर्ने रोग भएको भन्नेसमेत देखिन्छ। प्रतिवादीले यो यसको करणीबाट गर्भ बोकेको भन्नेसम्म खुलाउन सकेको पनि देखिँदैन। निज प्रतिवादीले मौका र अदालतमा अपरिचित व्यक्तिको करणीको कारण गर्भ रहन गएको र बच्चा जन्मदा रूने कराउने नगरेको, आँखा नहेरेको, नचलेको र छाम्दा चिसो भएको कारण मरेको जस्तो लागी गाडेको हो भनी बयानसमेत गरेको देखिन्छ। मानसिक अवस्था कमजोर रहेको, मुर्छा पर्ने रोग भएको, अविवाहित भएको अवस्थामा अपरिचित व्यक्तिले गरेको करणीको कारण बच्चा जन्मन गएको अवस्था र निजको कमजोर पारिवारिक आर्थिक अवस्था, प्रतिकूल सामाजिक परिवेश तथा पढेलेखेकोसमेत नरहेको अवस्थामा उक्त वारदात हुन गएको अवस्था देखिन्छ। प्रतिवादीले जानी जानी मार्ने नियत राखी योजनापूर्वक मारेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको अवस्था छैन। वादी पक्षले समेत यो यस्तो कारण पूर्वयोजना बनाई नियतवस मारेको भनी भन्न सकेको अवस्थासमेत छैन। उपर्युक्तबमोजिमका समग्र परिस्थितिको विवेचना गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने नै देखिन्छ। उल्लिखित अवस्थामा रहेकी प्रतिवादीले बच्चा मरेको हो भन्ने विश्वासमा खाल्डो खनी गाडेको अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८८ नं. बमोजिम निज कैद बसेको अवधि २ वर्ष ११ महिना १२ दिन मात्र कैद गर्दासमेत कानूनको मक्सद र उद्देश्य पूरा हुने देखिने।

तसर्थ, झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।८।२३ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र घटना हुँदाको अवस्था, यावत् घटनाक्रम र कसुर गर्दाको अवस्थाको समग्र वस्तुस्थिति तथा झापा जिल्ला अदालत र उच्च

अदालत विराटनगर, इलाम इजलासबाट कम सजाय गर्न व्यक्त भएको रायसमेतलाई विचार गर्दा निज प्रतिवादी छविमाया सार्कीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम २ वर्ष ११ महिना १२ दिन कैद सजाय हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल जेठ १० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०१९३, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *गोमादेवी जोशी वि. नेपाल सरकार*

गोमादेवी जोशीले स्तरवृद्धिको निमित्त पेस गरेको प्रमाणपत्र सक्कली हुन नसक्ने भएकोले छानबिन गरिपाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परी आयोगबाट निजले पेस गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि जिल्ला शिक्षा कार्यालय, नवलपरासीबाट माग गरी जिल्ला शिक्षा कार्यालयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त प्रमाणपत्रहरूको प्रतिलिपिहरूबाट निज प्रतिवादी गोमादेवी जोशीले जिल्ला शिक्षा कार्यालय, नवलपरासीमा मिति २०६८।१।६ मा आई.ए. को लब्धाङ्क पत्र समकक्षता प्रमाणपत्रसमेतका प्रमाणपत्रको प्रतिलिपि सेवा प्रवेशदेखि हालसम्म पेस गरेको शैक्षिक योग्यताका प्रमाणपत्र भनी निवेदनसाथ पेस गरेको देखिन्छ। निज पुनरावेदक प्रतिवादीको उक्त निवेदनबाट निजले ती प्रमाणपत्रहरू आफ्नो शैक्षिक नोकरीको अवधिमा सम्बन्धित निकायमा पेस गरेको देखिने।

पुनरावेदक प्रतिवादी गोमादेवी जोशीले उक्त निवेदनसाथ जिल्ला शिक्षा कार्यालय, नवलपरासीमा इन्टरमिडिएट परीक्षा १९९१ अनुक्रमाङ्क नं. ८३७८५५ भएको पूर्णाङ्क ५०० मा प्राप्ताङ्क ३०३ भई प्रथम श्रेणीमा उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि निवेदनसाथ पेस गरेको देखिन्छ । सो शैक्षिक प्रमाणपत्रको छानबिन गरी प्रमाणीकरणको निम्ति माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीमा (भारत) प्रमाणीकरण टोली गई भई आएको प्रमाणीकरणमा परीक्षार्थीको "नाम SMT SHALL SRIVASTAVA न कि GOMADEVI, पिताको नाम SHIV PRASAD LAL SRIVASTVA न कि HARIRAJ SILWAL प्राप्ताङ्क योगमा २०१।५०० नकी ३०३।५०० र श्रेणी तृतीय न कि प्रथम" जनिई आएको देखिँदा पुनरावेदक प्रतिवादीले पेस गरेको प्रमाणपत्रमा परीक्षार्थीको नाम, परीक्षार्थीको पिताको नाम, प्राप्ताङ्क र श्रेणीसमेत फरक परी आएकोले निज प्रतिवादीलाई इन्टरपासको प्रमाणपत्र दिने निकाय माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणासी (भारत) बाटै निज प्रतिवादीले पेस गरेको सो इन्टर पासको प्रमाणपत्रलाई अन्यथा भनी प्रमाणीकरण भई आएबाट ती प्रमाणपत्रहरू सक्कली नभई नक्कली प्रमाणपत्र भएको पुष्टि हुन आउने । जहाँसम्म उक्त इन्टरपास गरेको प्रमाणपत्र पेस गरी मैले कुनै लाभ लिएको छैन भन्ने पुनरावेदक प्रतिवादी गोमादेवी जोशीको जिकिरको सम्बन्धमा विचार गर्दा मिसिल संलग्न रहेको शिक्षक सेवा आयोगको मिति २०६७।९।११ को निर्णय हेर्दा निज पुनरावेदक प्रतिवादी गोमादेवी जोशीले प्रथम श्रेणीको माथिल्लो शैक्षिक योग्यताबापत समेत ५ अङ्क प्राप्त गरी बढुवा भएको देखिँदा सो प्रमाण पत्र पेस गरी लाभ लिएको छैन भनी पुनरावेदक प्रतिवादी गोमादेवी जोशीले लिएको जिकिर पूर्ण रूपमा खण्डित भएको छ। निजले सो नक्कली प्रमाण पत्र पेस गरी सोबापत अङ्कसमेत प्राप्त गरी बढुवा भई लाभसमेत लिएको स्थापित हुन आएको अवस्थामा पुनरावेदक प्रतिवादी गोमादेवी जोशीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा

१२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अत: विवेचित आधार, कारण र प्रमाणबाट विशेष अदालतको मिति २०७२।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल माघ ८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३०१, बहुविवाह, *नेपाल सरकार वि. अजिजु रहमानसमेत*

प्रतिवादी अजिजु रहमानको जेठी श्रीमती फातमा खातुन घरमा रहेभएकै अवस्थामा प्रतिवादी अजिजु रहमानले प्रतिवादी नजवुन निसा मुसलमानसँग दोस्रो विवाह गरेको देखिन आउने।

नजवुन निसा मुसलमानले प्रतिवादी अजिजु रहमानसँग विवाह गर्दा प्रतिवादी अजिजु रहमानले फातमा खातुनसँग पहिला नै विवाह गरेको र फातमा खातुन अजिजु रहमानसँगै रहेको भन्ने सम्बन्धमा निजलाई कुनै जानकारी रहेको भन्ने तथ्य कहीँकतैबाट खुल्न आएको देखिँदैन। नजवुन निसा मुसलमानले प्रतिवादी अजिजु रहमानको घरमा जेठी श्रीमती रहेको भन्ने जानीजानी निजले अजिजु रहमानसँग दोस्रो विवाह गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा निज प्रतिवादी नजवुन निसा मुसलमानले अजिजु रहमानको जेठी श्रीमती फातमा खातुन घरमा रहेको भन्ने जानीजानी निजले प्रतिवादी अजिजु रहमानसँग विवाह गरेको मान्न मिल्ने देखिएन। यस्तो अवस्थामा निजलाई अभियोग माग दाबीबाट सफाइ दिई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला सो हदसम्म मनासिब नै रहेको देखिने।

मुलुकी ऐन, विवाहवारीको महलको ९ मा कानूनले व्यवस्था गरेको अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त ९ नं. को कानूनी व्यवस्थाविपरीत निज प्रतिवादी अजिजु रहमानले घरमा जेठी श्रीमती फातमा खातुन रहेभएको अवस्थामा निजले प्रतिवादी नजवुन निसा मुसलमानसँग दोस्रो विवाह गरेको प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी अजिजु रहमानलाई सोही महलको १० नं. बमोजिम सजाय गर्नुपर्नेमा निजलाई अभियोग मागदाबीबाट सफाइ दिई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको फैसला सो हदसम्म मनासिब मान्न नमिल्ने।

अत: विवेचित आधार, कारण र प्रमाणबाट पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।५।१० मा प्रतिवादी अजिजु रहमानलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी अजिजु रहमानलाई मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. को कसुरमा सोही महलको १० नं. बमोजिम १ (एक) वर्ष कैद सजाय र रू.५०००।– (पाँच हजार) जरिवानासमेत हुने ठहर्छ। प्रतिवादी नजवुन निसा मुसलमानलाई सफाइ दिने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म सदर हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल चैत ७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०४४३, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सुमित्रा राई*

यस अदालतको संयुक्त इजलासबाट मिति २०७५।१।४ मा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउने आदेश भएकोमा सो आदेशानुसार यस अदालतबाट जारी भएको प्रतिवादी सुमित्रा राईको नामको सूचना म्याद मिति २०७५।१।२७ मा निज प्रतिवादी सुमित्रा राईको एकाघरको देवर नाताको गर्भधन राईले बुझी लिई सहिछाप गरिदिएको र निज प्रतिवादी सुमित्रा राईको मिति २०७२।५।१२ मा मृत्यु भइसकेको भनी उक्त तामेली सूचना म्यादको बेहोराबाट देखिन आउने।

फौजदारी कसुरमा "अपराधीको मृत्युसँगै अपराध मर्छ" भन्ने सर्वमान्य सिद्धान्त रहेको छ । यसै सन्दर्भमा मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. मा "जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ । उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन। बिगो भराउने वा लिनुपर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नुपर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । त्यसैगरी मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १५८(१) मा "अदालतबाट कसुरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उल्लिखित सिद्धान्त तथा कानूनी व्यवस्थासमेतको आधारमा प्रस्तुत मुद्दाको प्रतिवादी सुमित्रा राईको मृत्यु भइसकेको देखिन आएकोले पुनरावेदन अदालत धनकुटाबाट प्रतिवादी सुमित्रा राईलाई सफाइ दिने गरी भएको फैसलाको सम्बन्धमा थप विवेचना गर्नुपर्ने अवस्था नदेखिने।

अत: विवेचित कानूनी व्यवस्थासमेतबाट पुनरावेदन अदालत धनकुटाबाट मिति २०७२।२।१९ मा भएको फैसला अन्यथा गर्नुपर्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल चैत ७ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०९८०, जबरजस्ती करणी, *नेपाल सरकार वि. विजयकुमार पटेल*

पुनरावेदन जिकिरतर्फ हेर्दा अभियोग मागदाबी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष र आफूलाई HIV Positive को रोग भएको भन्ने कुरा थाहा पाउँदापाउँदै करणी गरेको देखिएको हुँदा सोही महलको ३ख नं. बमोजिम थप १ (एक) वर्ष कैदको सजाय गरी जम्मा ११ (एघार) वर्ष कैदको सजाय हुने ठहरी फैसला भएको अन्यथा नदेखिएकोले कुनै जिकिर नलिएको तर पीडितलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत भराउनु पर्नेमा नभराएकोले सो क्षतिपूर्ति भराइ पाउँ भन्ने तर्फमात्र जिकिर लिएको देखिने।

प्रतिवादीउपर अभियोग मागदाबीमा नै मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति भराइ पाउँ भनी जिकिर लिनु पर्नेमा त्यस्तो जिकिर लिएको मिसिल सामेल रहेको अभियोग पत्रबाट देखिँदैन । स्पष्टरूपमा अभियोग दाबी नै नलिएकोमा अवस्थामा अदालतले अभियोग दाबीभन्दा बाहिर गई प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउने गरी फैसला गर्नु सामान्यतया कानून र न्यायका मान्य सिद्धान्तविपरीत हुन जान्छ । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. र १०ग. नं. मा स्पष्टरूपमा क्षतिपूर्ति भराउने गरी व्यवस्था गरेकोमा विवाद

देखिँदैन । तर अभियोग मागदाबीमा दाबी नै नलिएको अवस्थामा अदालतबाट अभियोग मागदाबीभन्दा बाहिर गई क्षतिपूर्ति भराउने गरी फैसला गर्न मिल्ने नदेखिने।

जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ अनुरूप जिल्ला अदालतबाट मिति २०७२।५।२ को पत्रअनुरूप अभियोग मागदाबीमा संशोधन हुने गरी आदेश गरेको देखिँदैन। यसबाट उक्त सरकारी वकिल कार्यालयको पत्रलाई सुरू जिल्ला अदालतबाट पूरक अभियोग दाबीको रूपमा स्वीकार गरेकोसमेत देखिएन । यस्तो अवस्थामा क्षतिपूर्ति भराउन नपर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला अन्यथा हो भन्न मिल्ने नदेखिने।

तसर्थ उपर्युक्तबमोजिमका तथ्य, कानून र प्रमाणसमेतको आधारमा सुरू मकवानपुर जिल्ला अदालतबाट प्रतिवादी विजयकुमार पटेललाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको फैसला उल्टी गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष र प्रतिवादीले आफूलाई HIV Positive को रोग भएको जानकारी हुँदाहुँदै पीडितलाई करणी गरेको देखिएको हुँदा सोही महलको ३ख नं. बमोजिम थप १ (एक) वर्ष कैदको सजाय गरी जम्मा ११ (एघार) वर्ष कैदको सजाय हुने तथा पीडितलाई ऐ.१० नं. बमोजिम क्षतिपूर्ति भराउन नपर्ने ठहरी मिति २०७३।८।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-०२६०, अंश दर्ता, *दिनेश चौधरीसमेत वि. रामचन्द्र चौधरीसमेत*

मिति २०४६।३।१९ को मिलापत्र बदर गरिपाउँ भनी सूर्यदेव चौधरी र निजको पत्नी राम दुलारी देवी वादी र रूपनारायण चौधरीसमेतलाई प्रतिवादी बनाई सो मितिको मिलापत्र बदर गरिपाउँ भनी २०४८ सालको दे.नं. २२५३ को मिलापत्र बदर अंश दर्ता मुद्दा गरेकोमा उक्त मिलापत्र बदर मुद्दा मिति २०५०।१०।२१ मा फैसला हुँदा मिति २०४६।३।१९ मा भएको मिलापत्रबमोजिम रामकृपाल र सूर्यदेवको हुने दुई भागमध्ये सूर्यदेवको एक भाग आंशिक रूपमा बदर भई आधा भाग सूर्यदेवले पाउने गरी फैसला भएको देखिने।

मिति २०५०।१०।२१ को फैसलाले सूर्यदेवको भाग बदर गरेपनि रामकृपालको भागको हाँगातर्फको अंशबन्डा बदर नभई कायमै रहेको देखिन आउँछ। यसरी मिति २०४६।३।१९ को मिलापत्रमा स्वयम् वादीका पिता रूपनारायण र निजका समान तहका अंशियार प्रतिवादी रामचन्द्रसमेतका बिचमा आआफ्नो भागको पैतृक सम्पत्ति अंशबन्डा गरी मिलापत्र गरेको र सो मिलापत्र २ भागको १ भाग रूपनारायण र रामचन्द्रका बिचको अंशबन्डाको मिलापत्रसमेतमा कुनै परिवर्तन नभई यथावतै कायम रहेको देखिन आउने।

वादी प्रतिवादीहरू एक हाँगाका समान तहका अंशियारहरू नभई भाइ भाइका छोराहरू रहेका देखिन्छन् । भाइ भाइका छोराहरूका बिच अंशबन्डा गर्दा निजहरूले आफ्नो बाबु रूपनारायण र प्रतिवादी रामचन्द्रका बिचमा मिति २०४६।३।१९ को मिलापत्रबाट नै अंशबन्डा भइसकेको देखिँदा फिरादीहरूले मिति २०४६।३।१९ को मिलापत्रबाट नै छुट्टि भिन्न भई बसेका रामचन्द्र चौधरी तथा निजका पत्नी, छोराहरूसमेतका प्रतिवादीहरूबाट २०४६ सालको मिलापत्रमा लेखिएभन्दा बढी अंश प्राप्त गर्ने अवस्था नदेखिने।

मिलापत्रमा रूपनारायणले पाउने भनी लेखिएको सम्पत्तिमा मात्र यी वादीहरूको अंश हक रहने भएकोले सोभन्दा बाहेकको सम्पत्तिमा वादीहरूको अंशहक हुने देखिँदैन । उक्त मिलापत्रबमोजिम बाबु रूपनारायणले प्राप्त गरेको अंशमा मात्र यी वादीहरूको अंशहक सीमित रहने अवस्था देखिन आउने।

अतः उल्लिखित आधार कारणबाट मिति २०४६।३।१९ को मिलापत्रबाट वादीका बाबु रूपनारायण तथा प्रतिवादीहरूका पति / बाबु रामचन्द्रबिच अंशबन्डा भएको देखिएकोले सो मिलापत्रबाट वादीका बाबु रूपनारायणको अंश भागमा परेको सम्पत्तिबाट मात्र वादीले अंश पाउने ठहर गर्नुपर्नेमा प्रतिवादी रामचन्द्र चौधरीको अंश भागबाट समेत अंश पाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी भई मिलापत्रबमोजिम रूपनारायणको अंश भागमा परेको सम्पत्तिबाट मात्र वादीहरूले अंश पाउने ठह-याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०२६१, अधिकारपत्रको लिखत बदर दा.खा. दर्ता बदरदर्ता, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरी*
- ०६८-CI-०२६२, दृष्टिबन्धकको लिखत बदर गरी जग्गा फुकुवा गरिपाऊँ, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरीसमेत*
- ०६८-CI-०२६३, दृष्टिबन्धकको लिखत बदर गरी जग्गा फुकुवा गरिपाऊँ, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरीसमेत*
- ०६८-CR-०२५८, जालसाजी, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरी*
- ०६८-CR-०२५९, जालसाजी, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरी*
- ०६८-CR-०२६०, जालसाजी, *दिनेश चौधरीसमेत वि. मिथिला चौधरी*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-०९६३, सडक खिचोला घर भत्काई पाऊँ, *रामदिनेश राय यादव वि. गणेश राय यादव*

सर्भे नापीबाट नापनक्सा हुँदा पनि कि.नं.१४७ र १५२ को जग्गाको बिचमा कि.नं.१११ को सार्वजनिक बाटो रहेको देखिएको, नापी निरीक्षक नागेन्द्र महतोसमेतको टोलीले मिति २०६४।७।१८ मा दिएको प्रतिवेदन तथा सुरू अदालतबाट भएको नक्सा मुचुल्काबाट समेत उक्त कि.नं. १४७ र १५२ को जग्गाको बिचमा नक्सामा देखाएको सार्वजनिक बाटोमा प्रतिवादी रामदिनेश राय यादवले घर निर्माण गरेको देखिएको अवस्थामा वादी दाबीबमोजिम घर भत्काई खिचोला मेटाई चलन पाउने गरी फैसला गर्नुपर्नेमा वादी दाबी नपुग्ने ठह-याई सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम न.नं.१, २, ३ र ४ को ०-०-४ मा प्रतिवादीले बनाएको खपडाको घर भत्काई सार्वजनिक बाटो कायम गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला कानूनसम्मत नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अत: उल्लिखित तथ्य तथा आधार कारणबाट सुरू फैसला उल्टी गरी वादी दाबीबमोजिम सार्वजनिक सडकमा प्रतिवादीले खिचोला गरी निर्माण

गरेको घर भत्काई खिचोला मेटाई सार्वजनिक बाटो कायम हुने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-२००५, लिखत दर्ता बदर, *यामकुमारी सारूसमेत वि. बादल श्रेष्ठसमेत*

आफूखुस गर्न नपाउने जग्गाको सम्बन्धमा लेनदेन व्यवहार १० नं. को व्यवस्था बाध्यात्मक रूपमा पालना गर्नुपर्ने व्यवस्था हो। सो व्यवस्थाबाट उन्मुक्ति पाउन हक छोडिदिएको सम्पत्ति या त आफूखुस गर्न पाउने हुनुपर्छ अन्यथा लिखत पक्का हुँदैन । सो व्यवस्थाले मूलतः घरको मूलीले घर व्यवहार चलाउन हक छाडी दिन सकिने अंशबन्डाको महलको १९(४) नं. को व्यवस्था र सोही महलको १८ नं. बमोजिमको निजी आर्जनको बाहेकको सगोलको सम्पत्ति आफ्नोसमेत अंश लाग्ने नै हो भन्ने आधारमा हक छाडिदिन सकिने भन्ने कानूनी व्यवस्था नदेखिने।

विवादको जग्गा अंशियारको मन्जुरीबेगर निजहरूको हकमा असर पर्ने गरी लिखत गरिदिनु कानूनले अधिकार प्रदान गरेको छ भन्न सकिने अवस्था देखिँदैन । दिने बद्रीप्रसाद श्रेष्ठ लिने यामकुमारी सारू भएको मिति २०५७।२।३ र.नं. १२०४३ को राजीनामा लिखत, दिने जौ कुमारी श्रेष्ठ लिने यामकुमारी सारू भएको मिति २०५७।२।३ र.नं. १२०४४ को राजीनामा लिखत र दिने यामकुमारी सारू लिने ज्ञानप्रसाद अर्याल र दुदनाथ उपाध्याय भएको मिति २०५९।३।३१ र.नं. १६८८२ को राजीनामा लिखत र सोका आधारमा भएको लिखत दर्ता बदर हुने नै देखिने।

बाबुराम श्रेष्ठसमेत पुनरावेदक / प्रतिवादी लक्ष्मी श्रेष्ठसमेत प्रत्यर्थी / वादी भएको ०७२-CI-२००७ को अंशहक कायम दा.खा. नामसारी मुद्दामा आज यसै इजलासबाट फिरादपत्रमा उल्लिखित सम्पत्तिलाई मूल रूपमा ६ भाग लगाई त्यसको आधा ३ भाग सम्पत्ति वादीहरूले अंशहकको रूपमा प्राप्त गरी निजहरूको नाममा दा.खा. नामसमेत हुने ठहरी फैसला भएको परिप्रेक्ष्यमा समेत दाबीको जग्गामा वादीहरूको अंशहक नलाग्ने हुँदा लिखत बदर हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

अतः विवेचित आधार कारणबाट फिरादपत्रमा उल्लिखित सम्पत्तिलाई मूल रूपमा ६ भाग लगाई त्यसको आधा ३ भाग सम्पत्ति वादीहरूले अंश हकको रूपमा प्राप्त गरी निजहरूको नाममा दा.खा. नामसारीसमेत हुने ठहऱ्याएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।१०।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-२००६, अंश दपोट, *बाबुराम श्रेष्ठ वि. आकाश श्रेष्ठसमेत*
- ०७२-CI-२००७, अंश हक कायम दा.खा. नामसारी, *बाबुराम श्रेष्ठसमेत वि. आकाश श्रेष्ठसमेत*
- ०७२-CI-२००८, लिखत दर्ता बदर, *मेनका श्रेष्ठ वि. आकाश श्रेष्ठसमेत*

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-१५१५, वैदेशिक रोजगार कसुर, *सुमिरा बस्नेत वि. नेपाल सरकार*

प्रतिवादी सुमिरा बस्नेतले पीडित चित्तबहादुर लिम्बूबाट मकाउमा रोजगारीको लागि पठाउने भनी रू.१,००,०००।- लिखत गरी लिएको र वैदेशिक रोजगारीमा नपठाएको तथ्य पुष्टि भएको छ । यस्तो स्थितिमा प्रतिवादी सुमिरा बस्नेतले विना वैदेशिक रोजगारको इजाजत वैदेशिक रोजगारमा पठाउने भनी पीडित चित्तबहादुर लिम्बूबाट रकम लिएको तर विदेश नपठाएको र रकम फिर्तासमेत नगरेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम आधा सजाय तथा बिगो कायम गरी गरेको फैसला अन्यथा भन्न मिलेन । प्रतिवादी सुमिरा बस्नेतको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी सुमिरा बस्नेतले जाहेरवालाका दाजु चित्तबहादुर लिम्बूलाई विदेश पठाई नसकेको हुँदा निज प्रतिवादी सुमिरा बस्नेतलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम आधा सजाय हुने भई १।६।० (एक वर्ष छ महिना) कैद, रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने, बिगोको हकमा पीडित चित्तबहादुर लिम्बूले प्रतिवादीबाट हर्जानासहितको बिगो रू.१,५०,०००।- भरी पाउने ठहर भई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।०८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CR-१५१७, वैदेशिक रोजगार कसुर, *सुमिरा बस्नेत वि. नेपाल सरकार*
- ०७४-CR-१०७१ र ०७४-CR-१५१६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सुमिरा बस्नेत र सुमिरा बस्नेत वि. नेपाल सरकार*

## इजलास नं. १०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WH-०००४, बन्दीप्रत्यक्षीकरण, *श्यामबहादुर जिम्बा वि. मकवानपुर जिल्ला अदालतसमेत*

पक्राउ परेका श्यामबहादुर जिम्बा र अभियोगपत्र तथा फैसलामा उल्लिखित सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा एकै व्यक्ति भए नभएको भनी मकवानपुर जिल्ला अदालत, स्रेस्तेदारको रोहबरमा सोही डाँका मुद्दामा पक्राउ परेका प्रतिवादीहरू विजय लामा, मिठे भन्ने विवेक लामा र साहिला काले भन्ने महेन्द्रकुमार भोलनले सनाखत कागज गर्दा एकै व्यक्ति भए नभएकोबारे यकिनसाथ खुलाउन सक्दिन, निजसँग चिनजान छैन भनी उल्लेख गरेको देखिन्छ । निवेदकतर्फका कानून व्यवसायीले इजलाससमक्ष पेस गरेको निवेदकको सक्कलै नेपाली नागरिकताको प्रमाणपत्र हेर्दा निवेदकको नाम "श्याम ब. जिम्बा", बाबुको नाम "वीरबहादुर जिम्बा", जन्ममिति २०२२।१०।१५ उल्लेख भएको छ । वारदात अगावै नै मिति २०५०।०९।०१ मा उक्त नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । व्यक्तिको पहिचान यकिन गर्ने कुराका लागि नागरिकताको प्रमाणपत्रलाई

विश्वासिलो र एक भरपर्दो आधारको रूपमा लिन सकिन्छ। प्रचलित कानूनअनुसार तोकिएको निकायले प्रदान गरेको नागरिकताको प्रमाणपत्रमा उल्लिखित सूचना र विवरण अन्यथा प्रमाणित नभएसम्म यसलाई व्यक्तिको पहिचान हुने महत्त्वपूर्ण प्रमाण मान्नु पर्ने हुन्छ। निवेदकले उल्लिखित मुद्दा दायर हुनु अगावै प्राप्त गरेको नागरिकताको प्रमाणपत्रबाट प्रतिवादी सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा भन्ने यिनै थुनामा राखिएका व्यक्ति अर्थात् निवेदक श्यामबहादुर जिम्बा हुन् भन्ने कुरा खण्डित भएको देखिने।

डाँका मुद्दाको अभियोगपत्रमा जिल्ला मकवानपुर पदमपोखरी गा.वि.स. वडा नं. ७ बस्ने पूर्ण रूम्बाको छोरा सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा भन्ने उल्लेख भएको देखिन्छ । कुनै पनि व्यक्तिउपर अभियोग दाबी गर्दा उसको व्यक्तिगत विवरण यकिन गरी स्पष्टसँग उल्लेख गर्ने जिम्मेवारी अभियोजनकर्तामा रहन्छ। जाहेरी, अभियोगपत्रमा कतै पनि पूर्णबहादुर रूम्बाको छोरा सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा भनेका विरबहादुर जिम्बाका छोरा श्यामबहादुर जिम्बा हुन् भनी कहीँकतै उल्लेख भएको देखिँदैन । अदालतबाट प्रतिवादीको नाममा जारी भएको वारेन्ट र म्यादी पुर्जीमा समेत सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामाको नाम उल्लेख भएको देखिने।

निवेदकले डाँका मुद्दाको वारदात हुनुभन्दा अगाडि मिति २०५०।९।१ मा जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, सो प्रमाणपत्रमा निजको नाम श्याम ब. जिम्बा उल्लेख भएको र डाँका मुद्दामा प्रतिवादीको नाम सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा उल्लेख भएको, निवेदकको नाम र उक्त डाँका मुद्दामा सजाय पाएका प्रतिवादीको नाम तथा निजको बाबुको नाम नमिली फरक परेको देखिएको, कैदी पुर्जी बुझिलिएको भरपाइसमेतमा सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा उल्लेख भएको, डाँका मुद्दाको मिसिलबाट समेत यी निवेदक श्यामबहादुर जिम्बा र सजाय पाएको प्रतिवादी सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा एउटै व्यक्ति हुन् भनी मान्न सकिने अवस्था नहुँदा निवेदक श्यामबहादुर जिम्बा र डाँका मुद्दामा ६ वर्ष कैद र रू.१०,४४,०००।- जरिवाना भएको प्रतिवादी सञ्जय, साहिला, श्याम भन्ने सञ्जय रूम्बा लामा एकै व्यक्ति हुन् भन्ने तथ्य प्रमाणित भएको देखिएन । अतः निवेदक श्यामबहादुर जिम्बालाई पक्राउ गरी कैदी पुर्जी दिई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनप्रतिकूल देखिँदा रिट निवेदक श्यामबहादुर जिम्बालाई तत्काल थुनामुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(३) बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने । यस अदालतको संक्षिप्त आदेशअनुसार निवेदक श्यामबहादुर जिम्बालाई थुनामुक्त गरिसकेको देखिँदा अब यसमा थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल पुस ५ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०८४५, उत्प्रेषण, *कृष्णप्रसाद आचार्यसमेत वि. स्वास्थ्य मन्त्रालय, सिंहदरबारसमेत*

मिति २०५४।१२।४ मा नै तह मिलान भइसकेकोमा ऐनमा भएको चौथो संशोधनद्वारा लागू भएको कानूनी व्यवस्थाको आधार लिई बिनाकारण २० औं वर्ष व्यतित भएपछि निवेदकहरूको प्रस्तुत निवेदन परेबाट रिट निवेदन खारेज होस् भनी

जिकिर लिएको देखिँदा सर्वप्रथम त्यसतर्फ नै विचार गर्नुपर्ने देखियो । विपक्षीबाट लिखित जवाफ प्रस्तुत गर्दा उठाइएको विलम्बसम्बन्धी सो प्रश्न मिसिलको तथ्यमा प्रवेश गराउने एउटा द्वार हो । यदि विपक्षीले जिकिर लिएजस्तो साँच्चै विलम्ब भएको देखिन्छ भने मिसिलको औचित्यमा प्रवेश गर्ने माग त्यसबखत अवरूद्ध भई रोकिन पुग्ने ।

अनुचित विलम्ब गरी प्रवेश गर्ने पक्षलाई अदालतले मद्दत गर्न सक्दैन । आफ्नो अधिकारप्रति जागरूक रहने र मनासिब कानूनी उपचारको याचना गर्नेलाई नै अदालतले मद्दत गर्न सक्दछ । आफ्नो अधिकारप्रति सचेत नरहने र निष्क्रिय बसी अनावश्यक रूपमा धेरै समय व्यतित भएपछि कानूनी उपचारको खोजी गरिन्छ भने त्यस्तो अवस्थामा आफ्नो लापरवाहीको दुस्परिणाम पक्ष आफैँले भोग्नुपर्ने हुन्छ । अनुचित विलम्बको सिद्धान्त (Doctrine of Laches or delay) को मर्म नै त्यही हो । जसको उद्देश्य आफ्नो हक अधिकारप्रति सम्बन्धित सरोकारवाला उचित समयमा नै जागरूक भई कानूनी मार्ग अवलम्बन गर्न अग्रसर रहुन भन्ने नै हो ।

निवेदकहरूको तह मिलान २०५४।१२।४ मा नै भइसकेको भन्ने बेहोरा लिखित जवाफमा उल्लेख भएको पाइन्छ । निवेदकहरूले आफ्नो निवेदनमा निजामती सेवा ऐन, २०४९ बमोजिम नियुक्त राजपत्र अनंकित तृतीय श्रेणीका कर्मचारीहरूलाई चौथो तहमा मिलान गरिने छ भन्ने प्रस्ट व्यवस्था हुँदाहुँदै तहमिलान गर्ने क्रममा मिति २०५४।१२।४ मा सहायक तृतीय तहको पदमा घटुवाको पत्र दिएर हामीलाई झुक्याई पदस्थापन गरिएछ भनी उल्लेख गरी लेखाएको बेहोराबाट तह मिलानको काम २०५४।१२।४ मै भएको भनी निजहरूले स्वीकार गरी मिलान गरिएको तहलाई मन्जुर गरी यति लामो २० वर्षको समय व्यतित भएपश्चात् "हामीहरूलाई झुक्याइएछ" भन्ने बेहोरा उल्लेख गर्दै निवेदन दिन आएको पाइन्छ । केबल झुक्याइएछ भनी लेखेकै भरमा निवेदकहरूको भनाइलाई विश्वास गर्नुपर्ने अवस्था रहेको मिसिलमा नपाइने ।

मिति २०५४।१२।४ मा तह मिलान भई सो कुरालाई स्वीकार गरी बसेपछि अहिले आएर मात्र हामीलाई मर्का पर्‍यो भनी भन्दैमा मनासिब आधार र कारणबिना अनुचित विलम्ब भएन भनी भन्न मिल्ने अवस्था पनि देखिँदैन । यसबाट निवेदकहरूको निवेदन अनुचित विलम्ब गरी दायर हुन आएको भन्ने देखिने ।

अत २०५४।१२।४ मा नै तह मिलान भई सो कार्यलाई स्वीकार गरी बसी झन्डै २० औं वर्ष व्यतित भएपछि हाम्रो घटुवा भएछ । विभिन्न मितिमा अवधि पुगेको समयलाई गणना गरी चौथो र पाँचौ तह मिलान गरिपाउँ भन्ने निवेदकहरूको दाबी अनुचित विलम्ब गरी पर्न आएको देखिँदा यस्तो अवस्थामा निवेदकलाई अदालतले मद्दत गर्ने सक्ने नदेखिने ।

तसर्थ २०५४।१२।४ मा भएको तह मिलानलाई स्वीकार गरी बसी अहिले २० औं वर्षपछि त्यतिबेला झुक्किएछौँ, झुक्याइएछ भन्दै परेको प्रस्तुत निवेदनको आधारमा आफ्नो हकप्रति उचित समय मै जागरूक नहुने निवेदकहरूलाई उपचार दिई मद्दत गर्न सक्ने अवस्था नरहेकोले निवेदकहरूको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत २७ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७३-WO-०८९३, उत्प्रेषण, *कमलबहादुर गौतमसमेत वि. स्वास्थ्य मन्त्रालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१०६९, जबरजस्ती करणी, *प्रकाश श्रेष्ठ वि. नेपाल सरकार*

पीडित वर्ष ७ की देखिन्छिन्। उमेरको हिसाबले त्यो उमेरमा बालबालिका अबोध हुन्छन् । रिसराग द्वेष र बदलाको भावसमेत अपवादबाहेक उनीहरूमा हुँदैन । अबोध यस्ती नाबालिकाले विनाकारण प्रतिवादीलाई पोल गर्नुपर्ने कुनै कारण मिसिलबाट नदेखिनु त छँदै छ । अर्कोतर्फ प्रतिवादी स्वयम्ले आरोपित कसुरलाई अधिकारप्राप्त अधिकारी र अदालतमा समेत स्वीकार गरेको तथ्य पनि विद्यमान देखिने।

पीडितले बकपत्रसमेत गर्दा प्रतिवादी (ठुलो बुबा) ले आफ्नो सुसु मेरो सुसुमा हाल्दा दुखेको कारणले रोइ कराई चिच्याएपछि छोडिदिएको भन्ने कुरा लेखाएकोमा प्रतिवादीले अदालतमा बयान गर्दासमेत आफूले अबोध नाबालिकालाई कुनै तवरले करणी गर्न हुँदैन भन्ने जानकारी हुँदाहुँदै मादक पदार्थ खाएकोले त्यसको नसाको सुरमा त्यस्तो अपकार्य भएको कुरालाई स्वीकारेको अवस्था देखिँदा मनसाय तत्त्वको सम्बन्धमा अरू व्याख्या र विश्लेषणको आवश्यकता नदेखिने।

अत: उल्लेख भई विवेचनासमेत भएका आधार एवम् प्रमाणबाट प्रतिवादी प्रकाश श्रेष्ठलाई अभियोग माग दाबीबमोजिमको आरोपित कसुरको कसुरदार ठहर गरी भएको सुरू अदालतको इन्साफलाई सदर गरी भएको उच्च अदालत, पाटन, हेटौंडा इजलासको फैसला मनासिब नै देखिने।

तसर्थ पुनरावेदक प्रतिवादी प्रकाश श्रेष्ठलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्ति रकम पीडितलाई भराई दिनुपर्ने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सदर गरी मिति २०७४।६।३१ मा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१११०, जबरजस्ती करणी, *सन्तबहादुर तामाङ वि. नेपाल सरकार*

पीडित वर्ष ७ की अवोध नाबालिका भन्ने देखिन आएकी र निजले प्रतिवादीउपर झुट्ठा पोल गर्नुपर्ने विश्वासयोग्य कारण र आधार प्रतिवादीले दिन नसकेको अवस्था एकातर्फ रहेकै देखिन्छ भने अर्कोतर्फ घटनाको लगत्तै भएको पीडितको मौकाको उल्लिखित भनाइ बेहोरा घटनाको प्रत्यक्षदर्शी महाराजगञ्ज ४ को भनाइसँग तादाम्यता राख्ने देखिनुको साथसाथै एक अर्काको भनाइ आपसमा मिली प्रमाणित र पुष्टि भएकाले जबरजस्ती करणीको विवादमा प्रत्यक्ष र जीवित प्रमाण भनेको पीडित नै हुन् भन्ने मान्यताको आधारमा पीडितको मौकाको सो भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १० को व्यवस्थाको सन्दर्भमा पनि बिना आधार त्यतिकै नजर अन्दार गर्न मिल्ने नदेखिने।

पीडक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरलाई स्वीकार गर्दै मैले पीडितलाई रू.२०।– दिन्छु भनी घरभित्र बोलाई बिस रूपैयाँ पैसा दिई ललाई फकाई जाहेरवाली सुत्ने कोठाको बिस्तारामा लगी निजको तलको सुरवाल र कट्टु खोली आफूले लगाएको पाइन्ट र कट्टु फुकाली

भुइँमा राखी निज बालिका ७ वर्षकी पीडितलाई आफू तल सुती निजलाई आफ्नो माथि छातिमा राखी उत्तेजित भएको लिङ्गलाई निजको पिसाब फेर्ने योनिमा छिराउन पसाल्न नसकी निजको योनिमा पसाल्ने प्रयास गरिरहेको थिएँ । रक्सीको नसाको कारण सकिन। पसाउने प्रयास गर्दागर्दै निजको आमा आइपुगी मलाई कुचोले पछाडि १ चोट हानेपछि म हत्तपत्त उठी आफ्नो कपडा सम्हाली घरतर्फ भागी गएको हुँ भन्नेसमेत बेहोराको बयान कागज गरेको देखिन्छ। अदालतमा आरोपित कसुरलाई अस्वीकार गरी बयान गरेको देखिएपनि आफ्नो सो इन्कारी वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी प्रमाणित गराउन सकेको नदेखिने।

पीडित वर्ष ७ की नाबालिग (बच्ची) छन् । पीडकले पीडितलाई आफ्नो छातीमाथि राखी आफू तल सुती उत्तेजित लिङ्ग पीडितको पिसाब फेर्ने योनिमा छिराई पसाल्ने प्रयास गरिरहँदा रक्सीको नसाको सुरमा सफल हुन सकिन भनी मौकामा स्पष्ट ढंगले स्वीकारी लेखाएको हुँदा पीडित नाबालकको हकमा कन्याजाली च्यातिएको छैन, वीर्य स्खलन भएको देखिँदैन भन्नेसमेतको आधार र कारण न्याय र इन्साफको रोहमा उपयुक्त र मनासिबसमेत हुने देखिँदैन। किनकि शारीरिक अवस्थाको कारणले जुन सम्भव नै देखिँदैन। त्यस्तो कारणलाई खोज्दै जाने हो भने न्यायको उद्देश्य पूरा पनि हुँदैन। त्यसैले प्रकृतिको नियमानुसार जुन कुरा सम्भव नै छैन त्यो प्रतिवादीको उन्मुक्तिको आधार हुन नसक्ने।

अतः विवेचित आधार र कारणसमेतबाट प्रतिवादी सन्तबहादुरउपरको अभियोग मागदाबी पुष्टि भई प्रमाणित भएकोले निजलाई आरोपित कसुरमा कसुरदार ठहर गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई दिने गरी उच्च अदालत, पाटनबाट भएको इन्साफ मनासिब नै देखिने।

तसर्थ, उल्लेख भई विवेचित आधार, कारण र प्रमाणसमेतले उच्च अदालत, पाटनबाट मिति २०७३।७।१२ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७३-CR-०५७८, किर्ते जालसाजी, *चन्द्रीकाप्रसाद कानू वि. खोखनी देवी थरूनी*

पर्सा जिल्ला साबिक विरूवागुढी पञ्चायत वडा नं. २क कि.नं. ६ को ज.वि. १-५-० जग्गाको जग्गाधनी मायादेवी कानूइन र मोही मनुदास थारू भएकोमा कुनै विवाद देखिँदैन। दर्तावाला मोही मनुदास थारूको २०३५ सालमा मृत्यु भएपछि निजका हकवालाहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई मोही कायम गर्नुपर्नेमा कानूनी अवस्था सिर्जना भएको देखिन्छ । विवादित मिति २०४२।१२।४ को छोडपत्रसम्बन्धी निर्णय हेर्दा सो कार्य तत्कालीन गाउँ पञ्चायतको मिति २०४२।१२।३ को सिफारिसको आधारमा त्यसको भोलिपल्ट नै मोही लगत कट्टाको निर्णय भएको देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा २०३५ सालमा विवादित जग्गाको मोही मनुदासको मृत्यु भएको अवस्थामा मनुदासको श्रीमती खोखनीदेवी र छोरा बासुदेव दास रहे भएको देखिन्छ । वादी खोखनीदेवी मनुदासको श्रीमती होइन भन्ने भनाइ प्रतिवादी चन्द्रिकाप्रसाद कानू वा

वासुदेवलाल दासबाट आउन सकेको छैन । यसरी वादी जीवितै रहेको अवस्थामा निजलाई नदेखाई बासुदेव दास मात्र हकवाला रहेको देखाई सम्बन्धित गाउँ पञ्चायतबाट सिफारिस लिने र सो सिफारिसलाई सिरानी हाली भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमको प्रक्रिया अपनाई मोहियानी हक नामसारी गरेर मात्र मोही हकको लगत कट्टा गर्नुपर्नेमा सो कुनै प्रक्रिया एवम् कार्यविधिको अनुसरण नगरी निवेदन परेको भोलिपल्ट नै मोही लगतकट्टा गर्ने निर्णय गरेकोबाट भूमिसुधार कार्यालय, पर्साको निर्णय दूषित देखिने।

"दूषित प्रक्रियाबाट भएको दर्तासमेतको कार्य प्रारम्भदेखि नै बदरभागी हुने भएकोले त्यसलाई उजुर गरी बदर गराईरहनु पर्दैन। स्वयम्मा गैरकानूनी, प्रभावहीन र अमान्य हुन्छ । त्यस्तो दूषित दर्तालाई विवाद उठेमा अदालतले जहिलेसुकै पनि बदर गराउन सक्ने हुन्छ" भनी यस अदालतबाट ***रामअधारप्रसाद यादव वि. राम अयोध्याप्रसाद अहिरसमेत (ने.का.प. २०६६, अङ्क ३, नि.नं. ८१०५)*** भएको दर्ता बदर मुद्दामा सिद्धान्त प्रतिपादन भएको अवस्थासमेत छ । यस स्थितिमा किर्ते कागजको १८ नं. को हदम्यादभित्र फिराद दायर नभएको भन्ने प्रतिवादीको जिकिरमा सहमत हुन सक्ने अवस्था देखिएन । जिउँदै भएको वादीलाई मरिसकेकी भन्ने बेहोरा उल्लेख गरी गरिएको मोही लगत कट्टा गर्ने कार्य दूषित भई जालसाजपूर्णसमेत रहेको देखिने।

अत: उपर्युक्त आधार र कारणबाट जालसाजपूर्ण कार्य गरी वादीको हक मेटाउने कार्य गरे गराएको देखिँदा सुरू पर्सा जिल्ला अदालतले मिति २०६६।३।८ मा गरेको फैसला नमिलको हुँदा उल्टी भई वादी दाबीबमोजिम जालसाजपूर्ण तरिकाबाट मोही लगत कट्टा गरेको ठहरी प्रतिवादीलाई सजायसमेत हुने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।३।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख ६ गते रोज ६ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६५-CI-०७८४, लिखत बदर, *जोन इ. फिट्जेराल्ड वि. चरित्रबिक्रम राणासमेत*

नेपाल बैंक लिमिटेडबाट मालपोत कार्यालय, डिल्लीबजारमा रोक्का जग्गा फुकुवा गर्न भनी पठाइएको किर्ते पत्र बनाउने कार्यमा प्रतिवादी चरित्रविक्रम राणाको प्रत्यक्ष भूमिका नदेखिएको भए पनि उक्त ४२। प्र.का. ५५।१६७ मिति २०४९।१।८ को फुकुवा पत्रकै आधारमा यी प्रतिवादी चरित्रविक्रम राणाले आफ्नो नाउँमा रहेका र त्यस समयमा मालपोत कार्यालय, डिल्लीबजारमा रोक्का रहेका कि.नं. ४३ बाट ०-९-०-० जग्गा र कि.नं. ४५ बाट ०-०-२-३ जग्गा गरी जम्मा ०-९-२-३ जग्गा अर्का प्रतिवादी सुरेशकुमार क्षेत्रीलाई बेचबिखन गरी लाभ लिएको देखिँदा उक्त मिति २०४९।१।८ को किर्ते पत्रको दायित्वबाट यी प्रतिवादी चरित्रविक्रम राणाले मुक्ति पाउने भन्न मिल्ने देखिएन । तसर्थ मिति २०४९।१।८ को पत्र किर्ते नठहऱ्याइ भएको सुरू फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।२।१ को फैसला सो हदसम्म नमिलेकोले उल्टी हुने ठहर्छ। साथै उक्त किर्ते कागजका लागि निज चरित्रविक्रम राणालाई साबिक मुलुकी ऐन, किर्ते कागजको ९ नं. बमोजिम रू. ५०।– जरिवाना हुने।

प्रतिवादी सुरेशकुमार क्षेत्रीको सन्दर्भमा हेर्दा, निजको मिति २०४९।१।८ को बैंकको किर्ते पत्र बनाउने सम्बन्धमा कुनै भूमिका रहेको देखिँदैन। साथै सो मितिको पत्रबाट निजले कुनै पनि प्रत्यक्ष लाभ लिएको पनि देखिँदैन। मिति २०४९।१।१० मा दाता चरित्रविक्रम राणाको साबिक कि.नं ४३ र ४५ को जम्मा १-०-२-० जग्गाबाट निज सुरेशकुमार क्षेत्रीले किनेको जम्मा ०-९-२-३ जग्गा कटाउँदा पनि ऋण लिने भजनी राइस मिलसँग सम्बद्ध व्यक्तिहरूबाट असुलउपर हुन नसकेको अवस्थामा चरित्रबिक्रम राणाले आफूले तिर्नु बुझाउनु पर्ने दायित्व नबेहोरेमा मात्र नेपाल बैंक लिमिटेडले यी प्रतिवादी चरित्रविक्रम राणाको नाउँमा बाँकी रहेका का.जि.का.म.न.पा. साबिक वडा नं २२ हाल वडा नं ३ पानी पोखरीको कि.नं २६९ को ०-१-२-० र कि.नं. २७१ को ०-५-१-१ गरी जम्मा ०-६-३-१ जग्गाबाट असुलउपर गर्न सक्ने स्थिति देखिँदा निज प्रतिवादी सुरेशकुमार क्षेत्रीले दाता चरित्रविक्रम राणाबाट मिति २०४९।१।१० मा राजीनामा पारित गरी लिएको कि.नं. २६८ को ०-१-०-० र कि.नं. २७० को ०-०-२-३ जग्गा रोक्का राखिरहनुपर्ने देखिन आएन। तर भजनी राइस मिलले नेपाल बैंक लिमिटेडबाट लिएको रू. ११,२९,०००।– को अन्तिम आधा दायित्व बैंकसमक्ष मिति २०४१।९।६ मा संयुक्त बैंक जमानी दिनेमध्येका यी प्रतिवादी चरित्रविक्रम राणामा कायमै रहेकोले भजनी राइस मिल सम्बद्ध व्यक्तिहरूबाट बैंकको रकम नतिरे नबुझाएसम्म चरित्रविक्रम राणाको नाउँमा बाँकी रहेका कि.नं. २६९ र कि.नं २७१ का जग्गाहरू भने रोक्का रहने नै देखिन आयो। प्रतिवादीहरू चरित्रविक्रम राणा र सुरेशकुमार क्षेत्रीबिच भएको मिति २०४९।१।१० को लिखत कानूनसम्मत नै भएको देखिँदा सो लिखत बदर नहुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०६३।२।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६५-CI-०७८५, घर जग्गा फुकुवा, *जोन इ. फिट्जेराल्ड वि. सम्राट शमशेर ज.ब.रा.*

प्रत्यर्थी वादी सम्राट शमशेर ज.ब.रा.ले नेपाल बैंकसमक्ष जमानी राखिदिएको जग्गासमेतलाई आधार मानी नेपाल बैंक लिमिटेडले भजनी राइस एण्ड आयल मिललाई दिएको कर्जा रकम रू ११,२९,०००।– ऋण असुली न्यायाधिकरणबाट २०७०।३।९ मा फैसला हुँदाको मितिसम्म नतिरेको नबुझाएको भनी बैंकसमक्ष संयुक्त रूपमा बैंक जमानी दिनेमध्येका यी प्रत्यर्थी वादी सम्राट शमशेर ज.ब.रा.लाई रू ११,२९,०००।– को आधा दायित्व कायमै रहने भनी भनेको स्थिति हुँदा यी प्रत्यर्थी वादी सम्राट शमशेर ज.ब.रा. ले आफ्नो हुन आउने दायित्वको रकम नतिरेको अवस्था हुँदा निजका नाउँको ललितपुर नगर पञ्चायत वडा नं. ३ (ङ) कि.नं ४४८ को क्षेत्रफल ३-०-०-० जग्गा र सो जग्गामा बनेको घरसमेत नेपाल बैंक लिमिटेडबाट भजनी राइस एण्ड आयल मिलले लिएको कर्जा रू. ११,२९,०००।– को आधा जमानीको दायित्वसम्मको रकम असुलउपर नभएसम्म यथावत् रोक्का राख्नुपर्ने नै देखियो। यस स्थितिमा कि.नं. ४४८ को क्षेत्रफल ३-०-०-० जग्गा र सो जग्गामा बनेको घरसमेत फुकुवा गरिदिने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिने।

अतः प्रत्यर्थी वादी सम्राट शमशेर ज.ब.रा. को नाउँको बैंक जमानीमा राखेको ललितपुर नगर पञ्चायत वडा नं. ३ (ङ) कि.नं ४४८ को क्षेत्रफल

३-०-०-० जग्गा र सो जग्गामा बनेको घरसमेत फुकुवा गरिदिने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६३।२।१ को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०३९६, उत्प्रेषण / परमादेश, *गोविन्दबाबु तिवारी वि. राष्ट्रिय वाणिज्य बैंक, के.का. सिंहदरबार प्लाजा काठमाडौंसमेत*

२०६३ सालदेखि नै निवेदकले निवृत्तिभरणको लागि निवेदन दिएकोमा लामो समयसम्म कुनै निर्णय नभएपछि मिति २०७०।५।१९ मा दिएको निवेदनमा निज गोविन्दबाबु तिवारी यस बैंकको सेवामा प्रवेश गर्दा नेपाल राष्ट्र बैंकबाट सुविधा हिसाब गरी निजको सुविधा यस बैंकमा हस्तान्तरणसमेत भएको नदेखिएको र निजको राजीनामा स्वीकृत हुँदा बैंक कर्मचारी नियमावली, २०४३ खारेज भई कर्मचारी नियमावली, २०५० लागू भइसकेको हुँदा निजले दाबी गरेबमोजिम तत्कालीन अवस्थामा खारेज भइसकेको अवस्थामा कर्मचारी नियमावली, २०४३ को नियम ४१(ङ) बमोजिम निजले नेपाल राष्ट्र बैंकमा काम गरेको अवधिसमेत बैंकको सेवामा जोडी निजलाई सेवा सुविधा वा निवृत्तिभरण दिनु नपर्ने भनी मिति २०७०।०५।३१ मा निर्णय भएको देखिने।

राष्ट्रिय वाणिज्य बैंकबाट निवेदकलाई निवृत्तिभरण दिन नमिल्ने निर्णय गर्नुअगाडि निवेदकले नेपाल राष्ट्र बैंकमा काम गरेको अवधिको सेवा सुविधा लिए वा नलिएको सम्बन्धमा कुनै पत्राचारसम्म भएको पनि देखिँदैन। निवेदकले राजीनामा गर्दा बैंक कर्मचारी नियमावली, २०४३ खारेज भइसकेको भए पनि बैंक कर्मचारी नियमावली, २०५० को नियम ६५(२) मा "सुरूदेखि नै नोकरी कायम गर्न बाधा पर्ने छैन" भन्ने उल्लेख भएबाट नेपाल राष्ट्र बैंकमा गरेको सेवा अवधिलाई जोडी सेवा सुविधा दिन रोक लगाएको भन्न मिल्ने देखिएन। यसरी निवेदकलाई बैंक नियमावलीबमोजिम नेपाल राष्ट्र बैंकमा स्थायी सेवा गरेको अवधि ६ वर्ष ३ महिना २७ दिन र राष्ट्रिय वाणिज्य बैंकमा सेवा गरेको अवधि १५ वर्ष २ महिना २६ दिनसमेत जम्मा २१ वर्ष ६ महिना २३ दिन भई निजले निवृत्तिभरण पाउने अवस्था देखिँदा राष्ट्रिय वाणिज्य बैंकबाट निजलाई सेवा सुविधा वा निवृत्तिभरण दिनु नपर्ने भनी मिति २०७०।५।३१ मा भएको निर्णय कानून तथा न्यायसम्मत नदेखिने।

अत: उल्लिखित आधार र कारणहरूबाट निवेदकलाई निवृत्तिभरण नदिने गरी भएको राष्ट्रिय वाणिज्य बैंकको मिति २०७०।५।३१ को निर्णय कानूनत: त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकले नेपाल राष्ट्र बैंकमा गरेको सेवा अटुट राखी राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेको देखिएकोले निवेदकले नेपाल राष्ट्र बैंकमा गरेको सेवाबापत कुनै सेवा सुविधा लिएको भए सो कटाई बाँकी रकम निवेदकलाई दिन मिल्ने नै देखिँदा सो सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग बुझी लिएको भए सो सुविधा कटाई निवेदकलाई नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक कर्मचारी नियमावली, २०४३ को नियम ४१(ङ) र बैंक कर्मचारी नियमावली, २०५० को नियम ६५(२) बमोजिम सेवा अवधि जोडी निजले पाउने नियमानुसारको निवृत्तिभरण रकम दिनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम्।

**इजलास नं. १२**

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-RC-००८१, कर्तव्य ज्यान (साधक), *नेपाल सरकार वि. फडिन्द्रबहादुर खत्री क्षेत्री*

प्रतिवादी फडिन्द्रबहादुर खत्री क्षेत्रीले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमेत आफूले मृतकको धारिलो हतियार आँसीले कर्तव्य गरी मारेको कुरा स्वीकार गरेको, प्रतिवादीले मृतकलाई मारेको भन्ने किटानी जाहेरी र सोलाई समर्थन गरी अदालतमा गरेको बकपत्र, बरामदी मुचुल्का तथा पोष्टमार्टम रिपोर्ट, अनुसन्धानको क्रममा बुझिएका मानिसको बेहोरा र अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने कुरालाई विश्वसनीय बनाउन समर्थन गरेको अवस्था देखिएको छ। निजले सुरू फैसलाउपर पुनरावेदन अदालत बागलुङमा पुनरावेदन नगरेको र पुनरावेदन अदालत बागलुङको फैसलाउपर यस अदालतमा समेत पुनरावेदन नगरेको अवस्था देखिएकोले निजले सुरू तथा पुनरावेदन अदालतले गरेको फैसलामा चित्त बुझाई बसेको मान्नु पर्ने।

निज प्रतिवादीले भैंसीलाई करणी गरेको कुरा मृतकले उठाएको विषयबाट निज प्रतिवादीले मृतकलाई मार्नेसम्मको योजना बनाएको देखिन्छ । निजले आफ्नो अन्तरमनबाट मृतकलाई मार्ने निर्णय गरी हँसियासमेत साथमा लिई टि.भी.हेर्न जाउँ भनी १३ वर्षको नाबालक मृतकलाई फकाएको देखिन्छ। निजहरू शनिश्वरे मन्दिरछेउ पुगेपछि कोही नभएको मौका पारी निज प्रतिवादीले हँसियाले निज नाबालकलाई प्रहार गर्दा भुइँमा ढलेको र सो ढलेको अवस्थामा समेत पटकपटक प्रहार गरी मारेको देखिन्छ। निज प्रतिवादीको यस्तो कार्यलाई तत्काल उठेको रिसइवीका कारणले अकल्पनीय घटना घट्न पुगेको र भवितव्यबाट नावालकको मृत्यु हुन पुगेको हो भनी मान्न मिल्ने देखिँदैन। उक्त घटनालाई सुनियोजित रूपमा निर्ममतापूर्वक घटाएको घटना मानिन्छ। यस्तो अवस्थाको घटना घटाई ज्यान लिने प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको फैसलालाई अन्यथा मान्नु पर्ने अवस्थाको विद्यमानता नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी फडिन्द्रबहादुर खत्री क्षेत्रीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू पर्वत जिल्ला अदालतबाट मिति २०६०।११।४ मा भएको फैसलालाई साधकको रोहबाट सदर गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७०।४।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

निज प्रतिवादी सुरू अदालतको फैसलाबमोजिम मिति २०६०।५।२५ देखि कारागार कार्यालय, रसुवामा कैदमा रहेकोमा पुनरावेदन अदालत बागलुङको फैसलाले निजलाई यस अदालतमा पुनरावेदनमा गर्न जानु भनी पुनरावेदनको म्याद दिएको नदेखिएकोले निजका नाममा सो फैसलाउपर चित्त नबुझे यस अदालतमा पुनरावेदन गर्नु भनी यस अदालतबाट पुनरावेदनको म्याद जारी गरिएकोमा निज प्रतिवादी मिति २०७१।६।१६ गतेको मन्त्रिपरिषद्को निर्णय, कारागार व्यवस्थापन विभागको च.नं.४३६ मिति २०७१।६।१७ को पत्र र कारागार कार्यालय, रसुवाको च.नं. १०६ मिति २०७१।६।१९ को पत्रानुसार बाँकी कैद सरकारी निर्णयबाट मिनाहा भई

थुनामुक्त भएको भन्ने मिसिलबाट देखिँदा अरू केही गरिरहनु पर्ने नदेखिने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल माघ २५ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०७८५, जग्गा खिचोला चलन, *कमलवती साहसमेत वि. सुजानी देवी*

यसमा वादी दाबीको कि.नं.२९ मा ०-७-८ जग्गा रहेको मिसिल संलग्न रहेको दर्ता स्रेस्ताको छायाँप्रति देखिन्छ। अदालतको आदेशानुसार नापी कार्यालय, सप्तरीबाट मिति २०६९।५।१३ मा प्राप्त टायल चेकबाट कि.नं. २९ को जग्गाको क्षेत्रफल र टायल चेकको क्षेत्रफल ०-७-८ मिलेको देखिन्छ। त्यस्तै वादीको कि.नं.२९ सँग जोडिएको प्रतिवादीको कि.नं. ४६ को क्षेत्रफल १-१५-१३।१२ भई टायल चेकमा १-१३-१० जग्गा रहेको भन्ने देखिने।

मिसिल संलग्न मिति २०६९।२।६ मा भई आएको नक्सा मुचुल्का हेर्दा वादीको कि.नं.२९ लाई न.नं.६ र ७ मा अंकित गरेको देखिन्छ। न.नं. ६ मा ०-३-१.७० र न. नं. ७ मा ०-२-७.६० क्षेत्रफल रहेको देखिन्छ। दुवैको जोड्दा क्षेत्रफल ०-५-९.३० देखिन्छ। जुन दर्ता स्रेस्ता तथा टायल चेकभन्दा ०-१-१८.७० जग्गा घटी रहेको देखिन्छ। त्यस्तै प्रतिवादीको कि.नं. ४६ लाई न.नं. २, ३, ४ मा अंकित गरी क्षेत्रफल १-१२-८.७२ देखिन्छ। जुन टायल चेकभन्दा ०-०-१.२८ कम देखिन्छ। साथै नक्सा मुचुल्काको न.नं.५ को ०-२-८.६४ जग्गा विवादित भनी उल्लेख भएको र उक्त जग्गा प्रतिवादीको भोगमा रहेको भन्ने देखियो। नक्सा मुचुल्कामा विवादित जनिएको न.नं.५ का ०-२-८.६४ सम्पूर्ण जग्गालाई वादीको कायम गर्दा निजको स्रेस्ताभन्दा बढी जग्गा हुन जाने र प्रतिवादीको जग्गा नपुग्नेसमेत देखिन आउँछ। उल्लिखित नक्सा मुचुल्कासमेतको विवेचनाबाट वादीको दर्ता स्रेस्ताभन्दा नपुग जग्गासम्म मात्र खिचोला ठहर गर्नुपर्ने देखिन आयो। त्यसकारण दाबीभन्दा बढी जग्गा वादीले पाउन नसक्ने भई न.नं.५ मा विवादित भनी देखाएको सम्पूर्ण जग्गा वादीको नहुने भनी पुनरावेदन अदालत राजविराजले ठहऱ्याएको फैसलालाई अन्यथा भन्न मिलेन। साथै साँधको वादीको जग्गा नपुगेको अवस्थामा प्रतिवादी भोगको सबै नरबढी जग्गा आफ्नो हुनुपर्ने भन्नेसमेत प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः वादीको दर्ता स्रेस्ताभन्दा बढी अर्थात् नक्सा नं. ५ मा विवादित भनी देखाइएको सम्पूर्ण जग्गा वादीको जग्गा हो भनी खिचोला ठहर गरी भएको सुरू फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई न.नं.५ को विवादित भनी देखाइएको जग्गामध्ये पश्चिम उत्तर कुनाबाट वादीको नपुग हुन आउने र ०-१-१८.७० जग्गासम्ममा प्रतिवादीले खिचोला गरेको ठहर गरी चलनसमेत पाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६९।१।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१४०८, सार्वजनिक डगर खिचोला घर उठाई चलन, *अषिश साह तेलीसमेत वि. टेकबहादुर दर्जी परियार*

यिनै वादी रामसुन्दर सुतिहार र प्रतिवादी सुकन साह तेलीका बिच घर उठाई बाटो खुलाई पाउँ

भन्ने मुद्दामा मिति २०४२।२।१७ मा भएको मिलापत्रमा "म वादीको घरदेखि सडकसम्म जाने १० फिटको बाटो सार्वजनिक नै रहने गरी प्रतिवादीले मिचिराखेको बाटो खोलिदिने भई मिल्न मन्जुर गरेकाले" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। सो तथ्यबाट वादीको घरअगाडि सडकसम्म जाने सनातनदेखि चलिआएको १० फिटको बाटो भएको र उक्त बाटो प्रतिवादीले मिची बन्द गरी घर बनाउन लाग्दा सार्वजनिक बाटो खोली दिने गरी मिलापत्र भएको भन्ने कुरामा पनि विवाद भएन । यसबाट उक्त स्थानमा १० फिटको चलनचल्तीको सार्वजनिक बाटो रहेको भन्ने कुरा मिलापत्रको बेहोराबाट प्रस्ट देखिने।

मिलापत्र भएको कुरामा प्रतिवादी पनि असहमत देखिँदैनन् । केवल यी पुनरावेदक प्रतिवादीहरूको हाम्रो घर जग्गाबाट बाटो खोल्ने भनी उक्त मिलापत्रमा उल्लेख नभएको भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिने।

मिसिल संलग्न सो विवादित स्थानको मिति २०६८।५।२६ मा भई आएको स्थलगत नाप नक्साको अध्ययन गर्दा नक्सा मुचुल्काबाट न.नं.५ को २ फिट बाटो रहेको र न.नं. ६ विवादित भई सार्वजनिक डगरको भन्ने देखिई सोको नाप ८ फिट देखिएको छ । त्यसमा प्रतिवादीहरूको न.नं.७, ८, ९ को कच्ची घरसमेतको केही अंश विवादित जग्गामा परेको देखिन्छ। न.नं. ५ र न. नं.६ को जग्गाको क्षे.फ. जोड्दा १० फिट बाटो पुग्ने देखिन्छ। जसबाट वादी प्रतिवादीबिच २०४२।२।१७ मा भएको मिलापत्रमा उल्लिखित १० फिटको बाटो छोड्ने भन्ने कुराको पुष्ट्याइँ हुन आएको देखियो। तसर्थ सो न. नं. ५ र ६ को जग्गा सार्वजनिक डगरको भन्ने देखिएको र सो जग्गाबाट वादीसमेतको आवतजावत गर्ने निकास बाटो रहेको भन्ने देखिने।

अत: माथि उल्लेख भई विवेचना भएको आधार कारण र प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६८।१०।४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई मिति २०४२।२।१७ मा यिनै वादी रामसुन्दर सुतिहार प्रतिवादी सुकन साह तेलीका बिच घर उठाई बाटो खुलाई पाउँ भन्ने प्रमाणको मुद्दामा भएको मिलापत्रबमोजिम न.नं.६ मा रहेको हदसम्म प्रतिवादीको घर उठाई न.नं.५ र ६ सार्वजनिक बाटो कायम भई वादीसमेतले सार्वजनिक रूपमा चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-१५४८, लागु औषध खैरो हेरोइन, *तार तामाङ वि. नेपाल सरकार*

प्रतिवादी तार तामाङले मिति २०६९।९।२७ गते बिहान ६:०० बजेको समयमा चीनको केरूङमा चिया खाँदै गर्दा छिरिङ दोर्जे भन्ने व्यक्तिसँग भेट भई सामान्य चिनजान गरेपछि उसको घरमा लगी चियासमेत ख्वाइसकेपछि एउटा सामान छ, कानून लाग्छ, सुरक्षित साथ लैजानू। तँलाई ३०।४० हजार पैसा दिन्छु भनी भनेकाले उक्त सामान लिई नेपालतर्फ आउँदै गर्दा रसुवागढी नाकामा सुरक्षार्थ खटिएका प्रहरी टोलीले मेरो झोला तथा शरीर चेकजाँच गर्दा मेरो शरीरको कम्मरमा बाँधी ल्याएको लागु औषध खैरो हेरोइन (ब्राउन सुगर) फेला पारेको हो भनी अनुसन्धानको क्रममा बयान गरेको र सोहीअनुसारको बयान अदालतमा समेत गरेको देखिन्छ । मिति

२०६९।९।२७ मा खडा गरिएको बरामदी मुचुल्कामा चीन र नेपाल सिमानामा अवस्थित प्रहरी चेक पोस्टले चेकजाँच गर्ने क्रममा चीनबाट नेपालतर्फ आउँदै गरेका जिल्ला रसुवा थुमन गा.वि.स ९ घर भएका अं.वर्ष ३१ को तार तामाङको शरीर खानतलासी गर्दा जिल्ला प्रशासन कार्यालय, रसुवाबाट जारी भएको २४९५ नम्बरको तार तामाङको नाममा लेखिएको नेपाल चीन सीमा प्रवेश अनुमतिपत्र फेला परेको, निजको कम्मरमा पेटी जसरी बाँधिएको कालो रंगको सेतो सितारा टल्कने सलभित्र हरियो रंगको पोलिथिन झोलामा पोको पारी लुकाई छिपाई ल्याइरहेको खैरो रंगको लागु औषध खैरो हिरोइन जस्तो देखिने धुलो तत्काल तौल गर्दा ४५० ग्राम बरामद भएको पाइन्छ। उक्त बरामदी मुचुल्कामा निज तार तामाङसमेत रोहबरमा बसी सही गरेको मिसिलबाट देखिन्छ भने उक्त परिमाणमा उल्लिखित लागु औषध तार तामाङको शरीर खानतलासी गर्दा छिपाई ल्याइरहेको अवस्थामा खैरो हेरोइन जस्तो देखिने धुलो बरामद भएको ठिक साँचो हो भनी निमा नुर्बु तमाङ, सण्डुप तमाङ, फुपु लामा र छोवाङ तामाङसमेतले खुलाई लेखाइदिएको देखिने।

अत: उल्लिखित आधार प्रमाण र कारणसमेतबाट पुनरावेदक प्रतिवादीलाई अभियोग माग दाबीबमोजिमको आरोपित कसुरको कसुरदार ठहर गरी सजायसमेत गर्ने गरेको सुरू अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखियो । तसर्थ, पुनरावेदन अदालत पाटनबाट पुनरावेदक / प्रतिवादी तार तामाङको हकमा सुरू रसुवा जिल्ला अदालतबाट अभियोग माग दाबीबमोजिमको आरोपित कसुरमा कसुरदार ठहर गरी सजाय गर्ने गरेको फैसलालाई सदर गरी मिति २०७१।११।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल माघ २९ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७४-WO-०८१०, उत्प्रेषण, *छत्रबहादुर ठकुल्ला वि. लोक सेवा आयोग, अनामनगरसमेत*

प्रत्यर्थीमध्येको लोक सेवा आयोग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखराको च.नं.१९१ मिति २०७४।७।३० को पदपूर्तिसम्बन्धी पत्रानुसार निजामती सेवा ऐन, २०४९ को दफा ७क बमोजिम रिक्त पदपूर्ति गर्ने प्रयोजनार्थ रिक्त पदको माग फाराम भरी पठाउन सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिएबमोजिम जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को च.नं.४३६६ मिति २०७४।८।८ तथा नापी कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को च.नं.४८५ मिति २०७४।९।२ को पत्रानुसार उक्त नापी कार्यालयमा रिक्त रहेको कर्मचारीको पदपूर्ति गर्नका लागि पदको नाम तथा दरबन्दी उल्लेख गरी मागको आकृति फाराम भरी लोक सेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा कास्कीमा पठाइएको देखिन्छ। सो आधारमा नै नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्ला स्थित क्षेत्रीय, अञ्चल जिल्ला तथा इलाकास्थित कार्यालयहरूमा कार्यरत रा.प.अनं. द्वितीय श्रेणीका सम्बन्धित सेवा, समूहका कर्मचारीहरू

बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने गरी लोक सेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखराबाट मिति २०७४।१०।२४ मा बढुवा सूचना नं. ४७४।०७४-०७५ बाट ज्येष्ठता र कार्यसम्पादनतर्फ -३ सिट, बढुवा सूचना नं. ५८२।०७४-०७५ बाट कार्यक्षमतातर्फ -२ सिट सर्भेक्षक पदपूर्तिका लागि दरखास्त आह्वान गरिएको देखिने।

साबिकमा नवलपरासी जिल्ला एउटै भए पनि नेपालको संविधानको अनुसूची-४ ले साबिक नवलपरासीलाई प्रदेश नं.४ अन्तर्गत रहने गरी नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) र प्रदेश नं. ५ अन्तर्गत रहने गरी नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) भनी छुट्टाछुट्टै जिल्लाको मान्यता दिएकोमा विवाद देखिन आएन। उपर्युक्त संवैधानिक मान्यताबमोजिम छुट्टाछुट्टै जिल्लाको अस्तित्व जनाउने गरी सो दुईवटै जिल्लाहरूमा सरकारी कार्यालय तथा स्थानीय निकायसमेतका सम्पूर्ण कार्यालयहरू अलगअलग स्थापित भइसकेको अवस्था देखिन्छ। निजामती सेवा नियमावली, २०५० को नियम ७६ को उपनियम (१) खण्ड (ख) को उपखण्ड (२) मा रिक्त राजपत्र अनंकित प्रथम श्रेणीको पदका लागि सो जिल्ला स्थित सम्बन्धित सेवा समूह वा उपसमूहका सबै कार्यालयहरूमा सेवा अवधि पुगेका एक श्रेणीमुनिका कर्मचारीहरू मात्र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने स्पष्ट कानूनी व्यवस्थासमेत रहेको पाइने।

तसर्थ विवेचित संविधानको अनुसूची-४ को प्रावधान, निजामती सेवा नियमावलीको नियम ७६(१)(ख)(२) को कानूनी व्यवस्था र लोक सेवा आयोगबाट मिति २०७४।१०।२४ मा प्रकाशित सूचनाको परिप्रेक्ष्यमा विपक्षीहरू दीपक पण्डित र पवित्रा पौडेल नवलपरासी बर्दघाट-सुस्तापूर्वका कर्मचारी भई उल्लिखित रिक्त पदमा सम्भाव्य उम्मेदवार बन्न सक्ने नदेखिँदा निज विपक्षीहरूको बढुवा दरखास्त फाराम स्वीकार गरेको कार्य तथा मिति २०७४।१२।९ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्राचार, कामकारबाही तथा तत्सम्बन्धमा लोक सेवा आयोगको निर्णय तथा पत्र एवम् लोक सेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखराको मिति २०७४।१२।१६ को पत्र कानूनसम्मत मान्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशले उक्त कामकारबाही निर्णयहरू बदर गरिदिएको छ। अब नवलपरासी बर्दघाट-सुस्ता पश्चिमको कर्मचारीलाई मात्र उल्लिखित विज्ञापन सूचनाअन्तर्गत सर्भेक्षकको उक्त रिक्त पदमा सम्भाव्य उम्मेदवार कायम गरी बढुवासम्बन्धी अरू कामकारबाही अगाडि बढाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल पुस २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CI-०६१०, साझा निर्माण गरेको फलामे गेट भत्काइ पाउँ, *सम्झना प्रेमी वि. विश्वराम सुवालसमेत*

पुनरावेदक वादीले दाबी गरेको न.नं.८ को विवादित बाटो विवादित फलामे गेटको सामानान्तरमा रहेको अवस्था छैन भने प्रत्यर्थी प्रतिवादीहरूको आफ्नो कि.नं. २०५० र २०५१ मा सो न.नं. ८ को जग्गासमेत पर्ने गरी कम्पाउन्ड वालसमेत लगाएको अवस्था छ। आफ्नो कम्पाउन्ड वाल लगाएको जग्गाभित्रबाट खुल्ला रूपमा तेस्रो व्यक्तिलाई आउन जानको लागि बाटो दिएको होला भन्ने अनुमानसम्म पनि गर्न सकिने अवस्था हुँदैन, जबकि पुनरावेदक वादीको न.नं.२ मा रहेको कि.नं.२०४९ को उत्तरतर्फ न.नं.१

को प्लानिङको बाटो जोडिएको देखिन्छ । निजका परदाता लक्ष्मी श्रेष्ठले समेत बाटोको मन्जुरनामा कागज सम्बन्धमा अनभिज्ञता व्यक्त गर्दै उत्तरतर्फकै बाटो देखाई जग्गा बेचेको भनी कागज गरी दिएबाट पनि वादीले दक्षिणतर्फ २ कित्ता परदेखिको बाटो पाउनु पर्ने भन्ने दाबी मिल्दो देखिएन। सार्वजनिक बाटोले छोएको जग्गामा आउन जानको लागि प्रत्यर्थी प्रतिवादीहरूको निजी जग्गाबाट मन्जुरनामा कागज गरी बाटो दिएको भन्ने कुरा पत्यारलायक नहुनुका साथै तर्कसङ्गत पनि नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा -२६ अनुसार देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुन्छ। दफा -२८ ले कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्व अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिमाथि नै हुन्छ। दफा -३५ ले लिखतको प्रमाणको हकमा कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेस गरी प्रमाणित गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सम्पत्तिसम्बन्धी अधिकारको विषयमा लिखत प्रमाणलाई नै सर्वोत्तम प्रमाणको रूपमा ग्रहण गरिन्छ। कि.नं.२०५१ को जग्गाको कानूनी हकप्राप्त व्यक्ति वास्तविक जग्गाका स्वामीले आफ्नो जग्गाबाट कुनै बाटो दिने गरी कुनै सर्त बन्देजको कागज घरसारमा पनि नगरेको र सो कुरालाई इन्कार गर्दागर्दैको अवस्थामा उनाउ तेस्रो व्यक्ति जसलाई उक्त कि.नं.२०५१ को बारेमा केही लिखत गर्ने बाटो दिने नदिने हकदैया नै छैन, त्यस्तो व्यक्तिले आफ्नो जग्गा कि.नं.२०४९ राजीनामा कागजमा कि.नं.२०५१ को जग्गामा बाटोको सर्त बन्देजको बेहोरा कैफियत महलमा लेख्दैमा त्यसले कानूनी वैधता प्राप्त गर्न नसक्ने।

अतः सुरू भक्तपुर जिल्ला अदालतको फैसला उल्टी गरी वादीको दाबी नपुग्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामाकान्त यादव

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल वैशाख २० गते रोज ६ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१५११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजाराम तिवारी*

प्रतिवादी राजाराम तिवारीलाई सफाइ दिएउपर परेको वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी राजाराम तिवारी प्रतिवादीमध्येका सीता लामिछानेसँग यौन सम्पर्क भएको तथ्यमा साबित रहे पनि अधिकारप्राप्त अधिकारी र अदालतसमेत कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निजले सीता लामिछानेलाई बच्चा फाल्न वा मार्न आदेश दिएको वा सघाएको भन्ने मिसिलबाट देखिँदैन । वारदातस्थलमा प्रतिवादी उपस्थित रहेको भन्ने पनि मिसिलबाट देखिँदैन। सहप्रतिवादी सीता लामिछानेले मौका र अदालतको बयानमा यी प्रतिवादीको वारदातमा संलग्नता रहेको भनी भनेको नपाइने।

प्रतिवादी आफू माइक्रो बसको चालक भएको नारायणगढमा पटकपटक सहप्रतिवादीसँग शारीरिक सम्पर्क भएको र गाडी दुर्घटनापछि आफू काठमाडौंमा रहेको भनी बयानमा खुलाएको अवस्था छ । बच्चा जन्मेपछि मार्नु पनि नभनेको र वारदात स्थलमा प्रतिवादी उपस्थित भएकोसमेत देखिँदैन। प्रतिवादीको करणी लेनदेनबाट गर्भ रहेकै कारण बच्चा मार्ने कार्यमा

यी पनि संलग्न थिए भनी अनुमान र शङ्काकै भरमा सजाय गर्नु न्यायोचित नदेखिने।

अभियोग लगाएर मात्र हुँदैन । अभियोग पुष्टि हुने प्रमाणसमेत संलग्न रहनुपर्छ । प्रतिवादी राजाराम तिवारीउपर लगाएको कसुर फौजदारी प्रकृतिको भएको र जसले अपराध गर्छ त्यसले मात्र आपराधिक दायित्व ग्रहण गर्नुपर्छ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको सन्दर्भमा प्रतिवादी र सहप्रतिवादी सीता लामिछानेबिचको सहमतिपूर्ण करणी लेनदेनबाट शिशुको जन्म भएको भए पनि शिशुलाई मार्न मराउनमा यी प्रतिवादीको सहयोग, संलग्नता, सहभागिता रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार र प्रमाणबाट प्रतिवादी राजाराम तिवारीको हकमा सफाइ हुने गरी भएको सुरू फैसलालाई नै मनासिब ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०२३७, भ्रष्टाचार, *नेपाल सरकार वि. रमेश राजलवटसमेत*

यज्ञभूमि गा.वि.स. को सामाजिक सुरक्षा भत्ता वितरण भएको भरपाईमध्ये ९६ जना व्यक्तिको भरपाईमा परेको ल्याप्चे सहिछापसँग प्रतिवादीमध्येका आनन्दकुमार अधिकारीको छापसँग मेल खान्छ, सोबाट प्रतिवादीहरूको मिलेमतोमा नक्कली भरपाई बनाई सो भरपाईको आधारमा रू.३,३२,८००।- रूपैयाँ अनियमित तवरले भुक्तानी लिई दिई खाई मासेको भन्ने आरोपका सन्दर्भमा हेर्दा निज प्रतिवादीले सहिछाप गरी रकम हिनामिना गरेको भनिएका भरपाईमा उल्लेख भएका व्यक्तिहरूमध्ये गंगीमाया तामाङनी, लिलामाया कमिनी, उर्मिला मिजार, कविता कुमारी महरा, आरती कुमारी, युगेश शंकर, अजय सदा, जितनारायण दास, विमल घितानी, देविका विश्वकर्मा, सन्तोषकुमार सदा, बविताकुमार सदा, दिलिपकुमार सदा, कृष्णकुमारी सदा, चन्द्राकुमारी महरा, दर्शनबहादुर रूचाल, मितेस सदा, मनिका विश्वकर्मासमेतका व्यक्तिहरूलाई बुझ्ने भनी विशेष अदालतबाट भएको मिति २०७१।९।३० को आदेशानुसार मनिका विश्वकर्माको आमा राधिका विश्वकर्मा, मितेश सदाको आमा परमिलादेवी सदा, सन्तोष सदाको आमा श्री वतीदेवी सदा, विमल धतानीको आमा सम्झना धतानी, आसाकुमारीको आमा जागेश्वरीदेवी सदा, लिलामाया कमेनी, दर्शनबहादुरको बाबु कर्णबहादुर विश्वकर्मा, देवीकाको बाबु देवबहादुर विश्वकर्मा, जित नारायणको आमा उर्मिलादेवी दास, गंगीमाया तामाङनीसमेत विशेष अदालतमा उपस्थित भई सामाजिक सुरक्षासमेतका आफूहरूले गा.वि.स. बाट पाउनु पर्ने भत्ता रकम बुझी आफूहरूले नै भरपाइमा सहिछाप गरिदिएको हो । गा.वि.स. बाट सो अवधिमा पाउनु पर्ने सम्पूर्ण रकम पाएको छ भन्ने बकपत्र गरिदिएको देखिन्छ । उक्त बकपत्र बेहोराबाट सामाजिक सुरूक्षा भत्ता दुरूपयोग भएको भन्ने अभियोग दाबी खण्डित हुन पुगेको पाइने।

सामाजिक सुरक्षा भत्ता नपाउनु पर्नेमध्येका यी यी व्यक्तिहरूको नाममा भत्ता निकाली भरपाई खडा गरिएको छ भन्ने रहेको छैन । कुन कुन व्यक्तिहरूले

पाउनु पर्ने सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् भन्ने किटानी देखिँदैन। ती भत्ता नपाउने व्यक्तिहरूको नाममा समेत भत्ता निकाली किर्ते भरपाई खडा गरी प्रतिवादीहरूले खाए मासेको भनी अनुसन्धान भएको पनि पाइँदैन । विशेष अदालतबाट भत्ता बुझ्नेको सहिछाप फरक परेको भनिएका व्यक्तिहरूमध्येकै व्यक्तिहरूलाई बुझ्ने आदेश भई ती व्यक्तिहरूले समेत अदालत उपस्थित भई आफूले पाउनु पर्ने भत्ता रकम एकाघरका व्यक्तिले बुझी भरपाई गरी भत्ता रकम बुझेको सहिछाप गरीदिएको भनी बकपत्र गरी दिएको पाइन्छ। मैले सामाजिक सुरक्षा भत्ताबापतको रकम पाएको छैन, मेरो नामको रकम निकाली किर्ते सहिछाप गरी अर्कै व्यक्तिले बुझेको भन्ने सम्बन्धमा कुनै उजुरी परेको कुरासमेत मिसिल प्रमाणबाट देखिन आउँदैन । उल्लिखित तथ्यबाट भत्ता रकम लक्षित व्यक्तिले बाहेक अन्य व्यक्तिले पाएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन नआई लक्षित व्यक्तिले नै पाएको देखिन आउने।

धनुषा जिल्ला यज्ञभूमि गा.वि.स. सचिव रमेशबहादुर राजलवटले आ.व. २०६८ देखि २०६९ असारसम्मको सामाजिक सुरक्षा भत्ताबापत गा.वि.स. बाट जम्मा रू.२९,१५,०००।- पेश्की लिई सोमध्ये सामाजिक सुरक्षा भत्ताका विभिन्न शीर्षकहरूमध्ये जेष्ठ नागरिक भत्तामा रू.११,४०,०००।– एकल महिलामा रू.८,९२,०००।- लोपोन्मुख आदिवासीमा रू.४०,०००।- अपाङ्गमा १५,५००।- लक्षित बालबालिकामा रू.८,२५,६००।- गरी जम्मा २९,१३,२०० भत्ता वितरण गरी बाँकी रू.१,८००।- बैंक दाखिला गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ। सो भत्ता वितरणको कार्य गा.वि.स. कार्यालय, विद्यालय तथा सार्वजनिक स्थानमा बसी भएको भन्ने प्रतिवादीहरूको बयानबाट देखिन्छ। उक्त भत्ता रकम लक्षित व्यक्तिले सहज रूपले पाउन् भनी गा.वि.स. भित्रका विभिन्न सार्वजनिक स्थानमा गई वितरण गर्नु र भत्ताबापतको रकम गा.वि.स.कै कर्मचारी प्राविधिक सहायकलाई पेश्की दिनुलाई मात्र कानूनविपरीतको कार्य भन्न मिलेन। त्यस्तै प्रतिवादीहरूको बयानबाट लक्षित व्यक्ति आफैँ आई बुझ्न नसक्ने भएमा निजको एकाघरको व्यक्तिलाई बुझाई रकम बुझेको भरपाईमा सही गराउने गरेको भन्ने बेहोरा उल्लेख छ। भरपाईमा प्रतिवादी आनन्दकुमारको ल्याप्चे छापसँग भिड्ने भनिएका व्यक्तिहरूलाई बुझ्दा आफूले पाउनु पर्ने भत्ता रकम पाएको भनी बकपत्र गरिदिएबाट प्रतिवादीहरूले मिलेमतो गरी रकम लिई खाई मासेको भन्ने अभियोग दाबीअनुरूपको कसुर स्थापित हुन सकेको नपाइने।

तसर्थ, उल्लिखित तथ्य तथा आधार कारणबाट प्रतिवादीहरू रमेशबहादुर राजलवट र आनन्दकुमार अधिकारीको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान तथा भत्ता पाउने व्यक्तिहरूलाई अनुसन्धानको क्रममा नबुझिएको र भत्ता पाउने व्यक्तिहरूले भत्ता नपाएको भनी उजुरी दिएको नदेखिएको र विवादित भरपाईमध्येका गंगामाया तामाङसमेतलाई अदालतबाट बुझ्दा आफूले भत्ताबापतको रकम प्राप्त गरेको बेहोरा स्वीकार गरी दिएसमेतका मिसिल संलग्न कागजातबाट यी प्रतिवादीहरू अभियोग दाबीबमोजिम कसुरदार नदेखिँदा यी प्रतिवादीहरू रमेशबहादुर राजलवट र आनन्दकुमार अधिकारीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट मिति २०७१।१२।४ को फैसला न्याय र कानूनसङ्गत नै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७४ साल माघ १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-०२९०, उत्प्रेषण, *डा. चन्द्रकान्त ज्ञवालीसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल तथा भारतको सीमा नाकाहरूमा मिति २०७२ सालमा भएका अवरोधका कारण इन्धनलगायतका अत्यावश्यक वस्तुहरूको आपूर्ति प्रभावित भई मानवीय संकट उत्पन्न भएकोमा विवाद देखिँदैन । नेपाल भारतबिचका सबै नाका कुनै पनि अवरोध बिना २४ सै घण्टा खुल्ला रही वस्तु तथा सामानको आवत जावत निर्बाध रूपमा सञ्चालन हुनुपर्नेमा पनि विवाद देखिँदैन । लामो समयसम्मको अघोषित नाकाबन्दीले तेस्रो मुलुक र भारतबाट नेपाल आउने वस्तु तथा सामानहरूमा अवरोध भएमा नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने हक कुण्ठित हुन जान्छ। सीमा क्षेत्रमा रहेका भन्सार नाकाहरू बन्द हुँदा दैनिक जीवनयापन अति पीडादायी हुनेमा पनि कुनै विवाद नदेखिने।

नेपालको संविधानको धारा १६(१) ले मानिसले सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्र संघीय अनुबन्ध (ICCPR), १९६६ को धारा ६ ले मानिसको बाँच्न पाउने अधिकारलाई कानूनले संरक्षित गर्नुपर्ने र राज्यको दायित्व निर्धारण गरेको छ । कतिपय अवस्थामा राज्यको व्यवस्थापकीय शैली र क्षमता पनि मौलिक हकको प्रत्याभूतिका लागि निर्णायक हुन सक्छन् । नेपालको संविधान जारी भइसकेपछि नेपाल सरकारले भारत सरकारसँग वार्ता गर्न नेपाल सरकारले मिति २०७२।६।२२ मा परराष्ट्र मन्त्रीको संयोजकत्वमा वार्ता टोली गठन गरी भारत पठाएको देखिन्छ । भारतस्थित नेपाली राजदूतावासले पनि उक्त समस्या समाधान गर्ने कुटनीतिक प्रयास गरेको भन्ने देखिन्छ। नोभेम्बर ४ मा स्वीजरल्याण्डको जेनेभामा संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक सम्मेलनमा परराष्ट्र मन्त्रीले नेपाल र भारतका नाकामा उत्पन्न परिस्थितिका कारण उत्पन्न भएको संकट र त्यसबाट मानव अधिकारको उपभोगमा परेको असरका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको भन्ने लिखित जवाफबाट देखिन्छ । यसका साथै नेपाल सरकारबाट मिति २०७२।७।२ मा भएको निर्णयमा निजी क्षेत्रसमेतले विदेशबाट पेट्रोलियम पदार्थ खरिद तथा पैठारी गरी ल्याउन पाउने गरी खुल्ला गरेकोसमेत देखिन्छ । सोही निर्णयमा निजी क्षेत्रले पेट्रोलियम पदार्थ पैठारी गरी बिक्री वितरण गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर कायम गर्नुपर्ने तथा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले अन्य निकायसँग समन्वय गरी उक्त पेट्रोलियम पदार्थको मूल्यको अनुगमन गर्ने कार्य गरिएको भन्ने लिखित जवाफबाट देखिएको अवस्था हुँदा निवेदकले उठाएजस्तो राज्यले कुनै जिम्मेवारी पूरा नै नगरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा आघात पुऱ्याएको अवस्था भने देखिँदैन । राज्यले आफ्नो स्रोत र साधनले भ्याएसम्म जनताको मौलिक हकको संरक्षण गर्न प्रयासरत रहेको देखिने।

नेपाल र भारतबिच सन् २००९ मा भएको व्यापार सन्धिले नेपाल भारतका २७ वटा नाका निर्बाधरूपमा प्रयोग गर्न पाउने नै देखिन्छ। यी यस्तै र विभिन्न द्विपक्षीय र बहुपक्षीय सन्धिले नेपाललाई समुद्रसम्म बिना रोकटोक पुग्न र फर्कन पाउने अधिकार सुनिश्चित नै गरेको छ। सन्धिको परिपालन भयो वा भएन भन्ने विषय दुई देशको सहमतिमा हुने विषय हो। हाल आएर दुवै देशका सम्बन्ध निकायहरूको पहलबाट

समस्याको समाधान भई हाल सबैजसो नाका खुल्ला भई नियमित रूपमा सामान निकासी र पैठारी भई जनजीवन सामान्य बन्दै गैरहेको पाइने।

तसर्थ नेपालको संविधान जारी भएपछि सीमा नाकामा भएको बन्दका कारण जनजीवनमा परेको असरले सम्मानपूर्वक बाँच्न पाउने हकमा आघात परेकोले सो नाका खुलाई जनजीवन सामान्य बनाउन पहल गरी भारत सरकारसँग भएका विभिन्न सन्धिहरू पुनर्मूल्याङ्कन गर्नु भनी परमादेश जारी गरिपाउँ भन्ने उल्लेख गरेकोमा सो नाकाबन्दी फुकुवा भई जनजीवन सामान्य भइरहेकोले यतिका लामो समयपछि आएर स्पष्ट कानूनको उल्लङ्घन भएको भन्ने अवस्थाको अभावमा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने औचित्य नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि निवदेकले उठाएको विषयवस्तु नेपाल र भारतसँगको पारवहनसँग सम्बन्धित भएकाले सो विषयको संवेदनशीलतालाई अदालतले नजर अन्दाज गर्न मिल्दैन। नेपालीको जनजीवन नै अयन्तै प्रभावित बनाउने खालको सन्दर्भमा सोको आवश्यक बन्दोबस्तको लागि राज्यका सरोकारवाला प्रत्येक अङ्ग संवेदनशील हुनैपर्छ । त्यस्तै आफूसमेत पक्ष बनेको अन्तर्राष्ट्रिय महासन्धिहरूले सिर्जना गरेको राष्ट्रिय दायित्वबाट पनि राज्य पछाडि हट्न मिल्दैन। सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन। अन्तर्राष्ट्रिय कानूनको प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानूनका व्यवस्थाहरू तथा अन्य अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरू र त्यसबाट पर्ने असरहरूलाई अध्ययन नगरी एकाङ्गी रूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावनासमेत रहन सक्छ । त्यसैले निवेदकहरूले उल्लेख गर्नुभएको अन्तर्राष्ट्रिय कानूनको प्रावधानलगायत तथा त्यसलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानूनका व्यवस्थाहरूमा पर्ने असरसमेतको व्यापक अध्ययन हुनका साथै यससँग सम्बन्धित विभिन्न पक्षहरूसँग छलफल तथा विचार विमर्श हुनपर्ने तथा दुई राष्ट्रबिचको सन्धि सम्झौता कार्यान्वयन गर्ने तथा पालन गर्ने गराउनेतर्फ विशेष चासो राखी राज्य नागरिकहरूको सर्वोत्तम हित सुविधालाई नजरअन्दाज नगरी पालन गर्ने र गराउनेतर्फ ध्यान आकृष्ट हुनुपर्ने देखिन्छ। बेला बेलामा एउटै समस्याबाट पिरोलिनु पर्ने दुखद नियतिको अन्त्य गरिनु पर्नेतर्फ विशेष चासो र चनाखो रहनु पर्ने कुरातर्फ ध्यान दिनुपर्ने हुन्छ। यस्तो अध्ययन, छलफल एवम् विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने जिम्मेवारी विधायिकाको भएकोले नाकाबन्दीबाट नेपालको संविधानको धारा ४, ५, १६, ४४ प्रदत्त मौलिक हकको उल्लङ्घन हुने हुँदा दुवै पक्ष राष्ट्रहरूले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यताबमोजिम व्यापारसँग सम्बन्धित बहुपक्षीय तथा द्विपक्षीय सम्झौताहरूको परिपालना र पुनरावलोकन सम्बन्धमा आवश्यक व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०७८९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सुवास कार्की*

जाहेरवालाहरू महेन्द्र रिमाल, राजन भोम्जन, गिताबहादुर थापा, ईश्वर श्रेष्ठ, कृष्ण थापासमेतले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा मिति २०६६।१०।२९ गते हेटौंडाबाट सुवास कार्कीले दक्षिण अफ्रिका लैजान भनी बिहान रक्सौल हुँदै भारतको मजफरपुर पुऱ्याएपछि भोलिपल्ट बिहान ६ बजेको ट्रेनबाट २४ घण्टाको यात्रापछि दिल्ली पुऱ्याई कोरलवाश भन्ने ठाउँमा मोहिनी प्यालेश होटलमा १५ दिन राखी दिल्लीबाट महँगो पर्ने भयो भनी ४ जनाको पासपोर्टमा भिषा लगाई पैसा मागेकाले रकम लिई हामीहरूलाई मुम्बई पुऱ्याई ग्रान रोडको संगम गेष्ट हाउसमा राखी पुरनले वैदेशिक रोजगारमा दक्षिण अफ्रिका जान क्रेडिट कार्डबाट रकम बुझाई हवाई जहाजको टिकट हामीलाई दिएकोमा उड्न नपाई एयरपोर्टबाट फर्काएकोमा पछि एक दिन ढलकबहादुर, सन्तोष पौडेल र अर्को दिन महेन्द्र र सुरज थापा दक्षिण अफ्रिकाको लागि उडेकोमा केन्या पुगेपछि एयरपोर्टबाट बाहिर निकाली होटलमा लामो समयसम्म राखी काम दिन नसकी अलपत्र पारी प्रतिवादीहरू सम्पर्कविहीन भएकोले घरपरिवारबाट रकम मगाई मुम्बई हुँदै नेपाल फर्किएको भनी पृथक पृथक एकै बेहोरा मिलानको कागज गरिदिएको देखिन्छ । उल्लिखित जाहेरवालाहरूले गरिदिएको कागज र सहअभियुक्त पुरनकुमार खड्काको बयान कागजबाट समेत आरोपित कसुरमा यी प्रत्यर्थी प्रतिवादी सुवास कार्कीको संलग्नता रहेको तथ्य पुष्टि हुन आएको पाइने।

प्रत्यर्थी प्रतिवादीउपर जाहेरवालाहरूको जाहेरी परेको मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन। प्रतिवादी सुवास कार्कीले वैदेशिक रोजगारमा पठाइदिने भनी जाहेरवालाहरूबाट रकम माग गरेको वा रकम लिएको भनी जाहेरवालाहरूले भन्न सकेकोसमेत पाइँदैन। जाहेरवालाहरूलाई प्रतिवादी सुवास कार्कीले नेपालबाट भारतसम्म पुऱ्याई पुरनकुमार खड्कालाई भेट गराइदिएको भनी जाहेरवालाहरूले कागज गरिदिएकोसम्म देखिँदा यी प्रत्यर्थी प्रतिवादीलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणबाट यी प्रतिवादी सुवास कार्की आफैँले आरोपित कसुर गरेको नभई सहयोगीको भूमिकासम्म निर्वाह गरेको देखिँदा निजलाई दाबीको कसुरको मतियारसम्म कायम गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम मुख्य प्रतिवादीलाई भएको सजायको आधा सजाय २ (दुई) वर्ष कैद र रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर २७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१५०६, वैदेशिक रोजगार ठगी, *भालु शेर्पा वि. नेपाल सरकार*

अनुसन्धान अधिकृतसमक्ष आरोपित कसुरमा साबिती भई बयान गरेपनि न्यायाधिकरणसमक्ष यी

प्रतिवादीले बयान गर्दा आरोपित कसुरमा इन्कार रही जाहेरवालीबाट पेस भएको लिखत कागज करकापले गराएको हो भनी बयान गरेको देखिन्छ । जबरजस्ती कागज गराएकोमा फुर्सद भएपछि त्यस्तो कागज बदर गराउन ऐनका म्यादभित्र सम्बन्धित निकायमा नालिस गर्नुपर्नेमा नालिस गरी उक्त कागज बदर गराउने प्रयाससमेत यी प्रतिवादीले गरेको मिसिलबाट देखिन आएन । प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आरोपित कसुरबाट सफाइ पाउनु पर्ने जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निज प्रतिवादीकै हुने देखिन्छ। प्रस्तुत मुद्दामा जाहेरवालीले पेस गरेको लिखत कागज करकापबाट गराएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर भएकोमा आफ्नो पुनरावेदन जिकिर प्रमाणित हुने कुनै किसिमको स्वतन्त्र प्रमाण यी पुनरावेदक प्रतिवादीले गुजार्न सकेको देखिन नआएको अवस्थामा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः माथि विवेचित आधार, कारणबाट यी प्रतिवादी भालु शेर्पाले जाहेरवालीका आफन्तहरूबाट वैदेशिक रोजगारका लागि विदेश दुबई पठाई दिन्छु भनी निजहरूबाट रकम लिई वैदेशिक रोजगारका लागि विदेश दुबई नपठाई लिएको रकम पनि फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना हुने र जाहेरवालीले लिखतबमोजिम रू.५,७०,०००।– र सोको ५०% ले हुने हर्जानाबापत रू.२,८५,०००।– समेत गरी जम्मा रू.८,५५,०००।– प्रतिवादी भालु शेर्पाबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर २७ गते रोज ४ शुभम्।

## एकल इजलास

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७४-WO-०५०२, उत्प्रेषण, *ऋषिकेश गौली वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारसमेत*

कानूनी प्रश्नको निरूपणमा असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दा संविधानले निर्दिष्ट गरेका कुराहरूको अधीनमा रही गर्नुपर्छ । अन्य वैकल्पिक उपचारको व्यवस्था नभएको वा भए पनि त्यस्तो उपचार अप्रभावकारी वा प्रभावहीन देखिएको अवस्थामा मात्रै कानूनी विवादको निरूपणका लागि असाधारण अधिकारक्षेत्र आकर्षित हुने हो। सर्वोच्च अदालतलाई प्रदान गरिएको असाधारण अधिकारक्षेत्रको प्रयोग मातहत अदालत, विचाराधीन रहेका मुद्दाहरूको कारबाहीमा भए गरेका आदेश जाँच गरी पुनरावेदनमा जस्तो गरी निर्णय गर्नका लागि प्रयोग हुन सक्दैन । मातहत अदालतमा विचाराधीन मुद्दाहरूमा साधारण अधिकारक्षेत्र ग्रहण गरी न्यायको रोहबाट इन्साफ गर्न सम्बन्धित अदालत वा न्यायिक निकाय स्वायत्त रहेका हुन्छन्। त्यस्तो विचाराधीन मुद्दालाई असर पर्ने गरी असाधारण अधिकार क्षेत्रको ग्रहण गरी दायर हुन आएको रिट क्षेत्राधिकारबाट बोल्नु न्यायसङ्गत हुन नसक्ने।

बोलपत्र स्वीकृत गर्ने कार्य करारीय प्रकृतिको देवानी प्रक्रिया हो । करारसम्बन्धी कानून र प्रचलित कानूनबमोजिम हुने कारबाहीलाई स्वाभाविक रूपमा पूरा हुन दिनुपर्ने हुन्छ । जसको जे अधिकार हो उसलाई आफ्नो अधिकार स्वतन्त्ररूपमा प्रयोग गर्न

दिनुपर्छ । अनुचित हस्तक्षेप गर्ने कार्य स्वयम् पनि अनुचित हुन जान्छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ मा निवेदकले निवेदनमा उच्च र जिल्ला अदालतसमेतको समानान्तर अधिकारक्षेत्रमा पर्ने विषयमा ती अदालतहरूमा कुनै निवेदन दिएको वा कानूनी कारबाही चलाएको छैन भन्ने बेहोरा स्पष्ट रूपमा खुलाउनु पर्ने भनी समानान्तर अधिकारक्षेत्रको दोहोरो प्रयोग नहुने सुनिश्चित गरिएको छ। यी निवेदकले काठमाडौं जिल्ला अदालतको आदेशउपर पहिला उच्च अदालतमाा अ.बं. १७ नं. अन्तर्गत निवेदन लिई गएको र तत्पश्चात रिट निवेदन दिई त्यहाँबाट अन्तरिम आदेश नभएपछि पुनः सोही विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्न प्रस्तुत निवेदन दिन आएको देखिन्छ । एकै प्रकृतिका मुद्दा उच्च र सर्वोच्च अदालतमा एकसाथ समानान्तर रूपमा दायर हुन सक्दैनन् । निवेदकले उच्च वा सर्वोच्च अदालत दुवै ठाउँमा निवेदन दिन पाउने अवस्थामा एउटा अदालतको अधिकारक्षेत्र स्वीकार गरिसकेपछि पुनः त्यसको विकल्प खोज्न मिल्ने कानून र न्यायसङ्गत पनि देखिँदैन । यस अवस्थामा प्रस्तुत निवेदनको विषयभित्र प्रवेश गरी कारबाही र सुनुवाई गर्नुपर्ने नदेखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्नु नपर्ने।

अतः उपर्युक्त आधार र कारणहरूबाट यस अदालत यी निवेदकको रिट निवेदन नै दर्ता हुन नसक्ने हुँदा अन्य कुराहरूतर्फ विचार गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : बिमला पौडेल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**